बबई गाउँपालिकाको स्थानीय पाठ्यक्रम

# बबई सेरोफेरो

## आधारभूत तह (कक्षा १-८)




प्रकाशक

बबई गाउँपालिका

**शिक्षा, युवा तथा खेलकुद शाखा**

हापुरे, दाङ

लुम्बिनी प्रदेश, नेपाल

**संरक्षक**

श्री कुलबहादुर खत्री क्षेत्री - अध्यक्ष

श्री बमकुमारी खड्का - उपाध्यक्ष

श्री टेकबहादुर वली - संयोजक (सामाजिक विकास समिति)

**प्राविधिक सहयोग**

श्री रिमबहादुर खड्का (विज्ञ सदस्य)उपप्राध्यापक जनता विद्यापीठ बिजौरी, दाङ।

**पाठ्यक्रम निर्माण कार्यदल**

| | |
|---|---|
| श्री चेतनारायण कँडेल | संयोजक |
| श्री मानबहादुर बस्नेत | सदस्य |
| श्री तिलकराम शर्मा | सदस्य |
| श्री राजेन्द्र पोखेल | सदस्य |
| श्री प्रेमबहादुर वली | सदस्य |
| श्री सरस्वती भण्डारी | सदस्य |
| श्री रामचन्द्र वली | सदस्य सचिव |

**भाषा सम्पादन**

गोकर्ण पौडेल

**प्रकाशक :**

शिक्षा युवा तथा खेलकुद शाखा

बबई गाउँपालिका कार्यालय, हापुरे, दाङ

सर्वाधिकार प्रकाशकमा

प्रथम संस्करण : २०८२

मुद्रण : न्यू महालक्ष्मी अफसेट प्रेस, तुलसीपुर, दाङ ☎: ०८२-५२२२८८, ९८५७८२३४४९

कम्प्युटर डिजाइनः गुरुनाथ योगी (✆:९८६८६८८५०८)

# अध्यक्षको भनाई

बबई गाउँपालिकाले समग्र शिक्षाको विकासका लागि विगतका वर्षहरूदेखि नै विभिन्न शैक्षिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ । शिक्षाको विकास बिना अन्य क्षेत्रको विकासले गति लिन नसक्ने वास्तविकतालाई आत्मसात गर्दै शैक्षिक लगानी अभिवृद्धिमा पनि हामी क्रियाशील छौं । बबई गाउँपालिकाको पहिचान झल्कने विषयवस्तु समेटेर निर्माण गरिएको बबईको सेरोफेरो स्थानीय पाठ्यक्रम शैक्षिक सत्र २०८२ देखि पालिकाभित्रका सबै सामुदायिक तथा निजी विद्यालयहरुमा कार्यान्वयन गर्दै छौं । यस आधारभूत तह कक्षा १–८ को स्थानीय पाठ्यक्रमले समयको परिवर्तनसँगै परिवर्तित परिवेशलाई यथोचित सम्बोदन गर्न थप सहयोग पुग्ने मेरो विश्वास छ । यो स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागीतामा निर्माण गरिएको हो जसमा स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटेको पाईन्छ। यस पाठ्यक्रमले बबई गाउँपालिकाभित्र रहेका भौगोलिक, सांस्कृतिक, पर्यटकीय एवम् धार्मिक र सामाजिक पक्षहरूलाई समेटेको छ।

पाठ्यक्रम प्रारूप २०७६ ले निर्देशन गरे बमोजिम यस पालिकाले निर्माण गरेको बबईको सेरोफेरो नामक पाठ्यक्रमले हाम्रो वास्तविक पहिचान कायम राख्न सफल हुनेमा मेरो विश्वास छ। बबई गाउँपालिकाको शैक्षिक सत्र २०८२ देखि कार्यान्वयनमा आएको यस स्थानीय पाठ्यक्रम (कक्षा १–८) निर्माणमा सहयोग गर्नुहुने पाठ्यक्रम लेखन तथा सम्पादन समितिका संयोजक तथा सदस्यज्यूहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाका शाखा अधिकृत तथा कर्मचारी, प्रधानाध्यापक, शिक्षक, गाउँपालिकाका जनप्रतिनिधिहरू लगायत पाठ्यक्रम निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस स्थानीय पाठ्यक्रम जसरी सबै पक्षको रचानात्मक सहयोगबाट निर्माण भयो त्यसै गरी पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पनि शुभकामना व्यक्त गर्दै आवश्यक सल्लाह, सुझाव प्रदान गर्नुहुने सम्पूर्णमा कृतज्ञता ज्ञापन गर्दछु।

कुलबहादुर खत्री क्षेत्री
अध्यक्ष
बबई गाउँपालिका

# उपाध्यक्षको भनाई

बबई गाँउपालिकाले समग्र शिक्षाको विकासका लागि विगतका वर्षदेखि नै शैक्षिक गतिविधि सञ्चालन गर्दै आएको छ। गाउँपालिकाको शैक्षिक विकासमा निरन्तर क्रियाशील हुँदै आएका छौँ। बबई गाउँपालिकाको स्थानीय आवश्यकता, स्थानीय सहभागिता, स्थानीय विषयवस्तु र स्थानीय विज्ञतालाई समेटेर केन्द्रीय पाठ्यक्रमकै अंशका रूपमा “बबई सेरोफेरो” नामक स्थानीय पाठ्यक्रम तयार पारेर शैक्षिक सत्र २०८२ देखि नै कार्यान्वयनमा ल्याएका छौँ । “बबई सेरोफेरो” स्थानीय पाठ्यक्रममा स्थानीय विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर निर्माण गरिएको छ। यस पाठ्यक्रममा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय आवश्यकताको आधारमा स्थानीय विषयवस्तुलाई समावेश गरिएको छ। यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा सक्षमता तथा सिकाइ उपलब्धि हासिल गर्न सक्नेमा विश्वास लिइएको छ। यस पाठ्यक्रमलाई बाल मनोविज्ञानमा आधारित, बालबालिकाको कक्षा र तहअनुसारको क्षमता र स्तरका आधारमा र स्थानीय परिवेश अनुकूल व्यावहारिक एवं सान्दर्भिक र जीवनोपयोगी बनाउन प्रयास गरिएको छ। साथै यसमा क्रियाकलापमुखी , विद्यार्थी केन्द्रित बनाउने र सिर्जनात्मक क्षमता वृद्धि गर्नेतर्फ लक्षित रहेको छ । यस पाठ्यक्रममा समावेश भएका स्थानीय सरकार सञ्चालन ऐन, उपाध्यक्षका काम, कर्तव्य र अधिकारका विषयसमेत समावेश गरि एको छ। त्यसको साथै न्यायिक समितिको आवश्यकता, अधिकार, काम, कर्तव्य र अधिकारका विषय क्षेत्र निर्धारण गरिएका छन्। त्यति मात्र नभई यस पाठ्यपुस्तकमा स्थानीय सरकार किन घर नजिकको सरकार भयो, सुखमा पनि दुःखमा पनि साथ दिने सरकार हो भन्ने कुराको ज्ञानसमेत दिलाउने कुरा उल्लेख गरिएको छ। यस पाठ्यक्रममा विद्यार्थीलाई समाविष्ट क्रियाकलाप, अभ्यासका साथसाथै सामूहिक क्रियाकलाप तथा परियोजना कार्य गर्न लगाइ शिक्षण गर्नु आवश्यक छ।

यस पाठ्यक्रम तयार गर्ने क्रममा बबई गाउँपालिकाबाट विभिन्न समयमा प्रकाशित स्मारिका, वेभसाइट, स्थानीय विज्ञसमूह आदिलाई सामग्रीको स्रोतका रूपमा उपयोग गरिएको छ। उहाँहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौँ। यस काममा हौसला र उत्प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण व्यक्तित्वप्रति विशेष आभार प्रकट गर्दै यस पाठ्यपुस्तकका संरक्षक, सल्लाहकार, लेखक, सम्पादक, भाषा सम्पादकलगायत सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

अन्त्यमा पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन तथा परिवर्तन निरन्तर प्रक्रिया भएकाले आगामी दिनमा सरोकारवाला पक्ष, शिक्षक, विद्यार्थी, अभिभावक, पाठक र विद्वान् वर्गहरूबाट प्राप्त रचनात्मक सुझावका आधारमा परिमार्जन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौँ।

बमकुमारी खड्का
उपाध्यक्ष
बबई गाउँपालिका

# प्रमुख प्रशासकीय अधिकृतको भनाई

बबई गाँउपालिकाले समग्र शिक्षाको विकासका लागि विगतका वर्षदेखि नै शैक्षिक गतिविधि सञ्चालन गर्दै आएको छ।गाउँपालिकाको शैक्षिक विकासमा निरन्तर क्रियाशील हुँदै आएका छौँ। बबई गाउँपालिकाको स्थानीय आवश्यकता, स्थानीय सहभागिता, स्थानीय विषयवस्तु र स्थानीय विज्ञतालाई समेटेर केन्द्रीय पाठ्यक्रमकै अंशका रूपमा "बबई सेरोफेरो " नामक स्थानीय पाठ्यक्रम तयार पारेर शैक्षिक सत्र २०८२ देखि नै कार्यान्वयनमा ल्याएका छौँ । "बबई सेरोफेरो" स्थानीय पाठ्यक्रममा स्थानीय विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर निर्माण गरिएको छ। यस पाठ्यक्रममा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय आवश्यकताको आधारमा स्थानीय विषयवस्तुलाई समावेश गरिएको छ।

यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा सक्षमता तथा सिकाइ उपलब्धि हासिल गर्न सक्नेमा विश्वास लिइएको छ। यस पाठ्यक्रमलाई बालमनोविज्ञानमा आधारित, बालबालिकाको कक्षा र तहअनुसारको क्षमता र स्तरका आधारमा र स्थानीय परिवेश अनुकूल व्यावहारिक एवं सान्दर्भिक र जीवनोपयोगी बनाउन प्रयास गरिएको छ। साथै यसमा क्रियाकलापमुखी, विद्यार्थी केन्द्रित बनाउने र सिर्जनात्मक क्षमता वृद्धि गर्नेतर्फ लक्षित रहेको छ । यस पाठ्यक्रममा समावेश भएका स्थानीय सरकार सञ्चालन ऐनका विषयमा समेत विषयवस्तु समेटिएको छ। यस पाठ्यक्रम तयार गर्ने क्रममा बबई गाउँपालिकाबाट विभिन्न समयमा प्रकाशित स्मारिका, वेभसाइट, स्थानीय विज्ञसमूह आदिलाई सामग्रीको स्रोतकारूपमा उपयोग गरिएको छ। उहाँहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौँ। यस काममा हौसला र उत्प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण व्यक्तित्वप्रति विशेष आभार प्रकट गर्दै यस पाठ्यपुस्तकका संरक्षक, सल्लाहकार, लेखक, सम्पादक,भाषा सम्पादकलगायत सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

अन्त्यमा पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन तथा परिवर्तन निरन्तर प्रक्रिया भएकाले आगामी दिनमा सरोकारवाला पक्ष, शिक्षक, विद्यार्थी, अभिभावक, पाठक र विद्वान् वर्गहरूबाट प्राप्त रचनात्मक सुझावका आधारमा परिमार्जन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौँ।

चेतनारायण कँडेल
प्रमुख प्रशासकीय अधिकृत
बबई गाउँपालिका

## विषयसूची


१. पृष्ठभूमी १

२. तहगत सक्षमताहरु २

३.कक्षागत सिकाई उपलब्धी ३

४. विषयवस्तुको क्षेत्र र क्रम १४

५. विषयवस्तुको विस्तृतीकरण र सम्भावित सिकाई सहजीकरण क्रियाकलाप २३

६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया ८७

७. मूल्याङ्कन प्रणाली ९०

**अनुसूचीहरू**

अनुसूची - १ : मूल्याङ्कन अभिलेखीकरण फाराम कक्षाः १ ९५

अनुसूची - २ : मूल्याङ्कन अभिलेखीकरण फाराम कक्षाः २ ९९

अनुसूची - ३ : मूल्याङ्कन अभिलेखीकरण फाराम कक्षाः ३ १०३

अनुसूची - ४ : विशिष्टीकरण तालिका ११०

अनुसूची - ५ : विशिष्टीकरण तालिका १११

अनुसूची - ६ : स्थानीय विषयवस्तु ११२

**सन्दर्भ सामग्रीहरु** ११८

## १. पृष्ठभूमी

बबई गाउँपालिका साविक बाघमारे गाउँ पञ्चायत हुँदै पञ्चकुले र पुरन्धारा गाविस मिलेर बनेको हो। दाङ जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित यस पालिकालाई प्राचीन समयमा थुनुवा वनका नामले पनि चिनिन्थ्यो। यस पालिकाको पूर्वमा शान्तिनगर र दंगीशरण गाउँपालिका, पश्चिममा सल्यान जिल्लाको कालीमाटी गाउँपालिका, उत्तरमा सल्यानकै कालीमाटी गाउँपालिका र दक्षिणमा बाँके जिल्ला रहेको छ । भौगोलिकरूपमा यस पालिकाको उत्तरमा महाभारत श्रृङ्खला र दक्षिणमा चुरे पर्वतमाला पर्दछ। यस पालिकाको भूभाग समुद्री सतहबाट ४७० मिटर देखि १८९१ मिटरको उचाईमा रहेको छ। यस क्षेत्रको हावापानी समशीतोष्ण प्रकारको छ। यस पालिकाको कुल क्षेत्रफल २५७.४८ वर्ग किलोमिटर रहेको छ। जातिगत रूपमा क्षेत्रीहरूको बाहुल्यता रहेको यस पालिकामा मगर, थारु, दलित, कुमाल तथा अन्य (योगी, कवर, एवं ब्राह्मण) जातिको समेत बसोबास रहेको पाइन्छ। अधिकांश पालिकाबासी नेपाली भाषालाई नै मातृभाषाको रूपमा प्रयोग गर्दै आईंरहेका छन् भने थारु र मगरहरू आफ्नो भाषालाई नै मातृभाषाको रूपमा प्रयोग गर्दछन्। यस क्षेत्रका मानिसहरूको मुख्य पेसा कृषि रहेको छ।

बबई गाउँपालिकाको समाज न्यूनतम समानता र अधिकतम विविधताले भरिएको छ। यहाँ धेरै जातजाति र थर भएका मानिसहरू बसोबास गर्दछन्। कतै एउटै जातिको ठुलो बस्ती छ त, कतै एउटै बस्तीमा विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दछन्। उनीहरु जन्मदा, जिउने क्रममा र मृत्यु हुदा फरक संस्कार पालन गर्दछन्। उनीहरु आफ्नै संस्कृतिमा र माउछन्। उनीहरु सबै आ-आफ्नो धर्म मान्न स्वतन्त्र छन्। आर्थिकरूपमा कोही न्युन त कोही मध्यम अवस्था भएका मानिसहरू बसोबास गर्दछन्। हावापानी फरक, खानपिन भिन्न, हुर्कने समुदाय फरक अनि साथी- सङ्गती फरक, यस्तो विविधतायुक्त परिवेशमा हुर्किएको व्यक्ति एक-अर्कामा फरक हुनु स्वभाविक हो। यस्तै विविधताले भिन्न परिचययुक्त व्यक्ति बनाउँछ। व्यक्तिको अन्तरनिहित क्षमताको विकास गरि बेग्लै पहिचानयुक्त व्यक्ति निर्माण गर्नु शिक्षाको मुख्य उद्देश्य हो। समाज विकासमा पनि यही नियम लागु हुन्छ। एउटा भौगोलिक क्षेत्रको स्रोत साधन, आवश्यकता र सम्भावना अर्को क्षेत्रभन्दा फरक हुन्छ।

यसरी व्यक्ति र समाजको वास्तविक विकासका लागि त्यो ठाँउको माटो सुहाउँदो स्थानीय पाठ्यक्रम निर्माण गरी लागु हुन आवश्यक छ। यो स्थानीय पाठ्यक्रम निर्माण हुनु पूर्व हाम्रा विद्यालयहरूमा केन्द्रबाट निर्मित पाठ्यक्रममा निरर्भरता थियो। ती केन्द्रीय पाठ्यक्रमहरू स्थानीय स्रोत, आवश्यकता र सम्भावनालाई ठिक ढङ्गले पहिचान गर्न सक्दैनन्। केन्द्रीय पाठ्यक्रमले हामीमा रहेका समानता जस्तै देश प्रेम, मानवीय भावना र विश्वव्यापीकरणको विकास गरि मानिसलाई मानव बनाउन सहयोग गर्दछ। केन्द्रीय पाठ्यक्रमले विश्वव्यापी सोचको विकास गर्छ भने स्थानीय पाठ्यक्रमले विश्वव्यापी सोचलाई स्थानीय तहमा लागी कार्यान्वयन गर्न सहयोग गर्छ। यसरी, स्थानीय पाठ्यक्रम विविधताको सम्बोधनमात्र नभई केन्द्रीय पाठ्यक्रमको परिपूरक पनि हो।

शिक्षा बिना समाज विकासको कल्पना पनि गर्न सकिँदैन। शिक्षाले समाजको वास्तविक समस्या पत्ता लगाउँन सहयोग गर्दछ। समाज अनुसार कतै गरिबीको समस्या, कतै चेतनाको कमी, त कतै बेरोजगारीको समस्याले हाम्रो समाज आक्रान्त भएको छ। यस्ता समस्याहरुलाई ठीक ढङ्गले पहिचान गर्न शिक्षारूपी आँखाबाट मात्र सम्भव छ। समस्या पत्ता लगाएर मात्र समाजको विकास हुँदैन। ती समस्याहरूको निवारण गर्नुपर्छ। यसका लागि निश्चित विधि र पद्धति आवश्यकता पर्दछ। यस्ता विधि र पद्धति पनि शिक्षित आँखाले मात्र देख्न सक्दछ। यस गाउँपालिकाको आवश्यकता, समस्या तथा समस्या समाधान गर्ने विधि र पद्धतिको ज्ञान यस बबई गाउँपालिकाका भोलिका कर्णधार मानिएका विद्यालयका बाल बालिकाहरुलाई दिनु आवश्यक छ। आफ्नो जन्म स्थलको माटोको सुगन्ध थाहा नपाउने जनशक्तिबाट यो ठाउँको विकासको कल्पना पनि गर्न सकिदैन। त्यसैले आजका बालबालिकाहरुलाई पालिका भित्रको सक्षमता के के हुन् ? स्थानीय सरकार सञ्चालन कार्यविधि कस्तो हुन्छ ? हाम्रो आफ्नो मौलिक संस्कार संस्कृति, मूल्य, मान्यता, पेशा तथा व्यवसायहरु के कस्ता हुन् ? हाम्रो पालिकामा रहेका जोखिम तथा सामाजिक समस्याहरु के कस्ता छन् ? आदि विषयमा शिक्षण सिकाइ गर्ने उद्देश्यका साथ यस बबईको सेरोफेरो नामक स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गरिएको हो।

पाठ्यक्रम शिक्षण सिकाइको मूल कानुन हो। यसले सिकारुलाई किन पढाउने, कस्ता विषयवस्तु पढाउने, कसरी पढाउने र पढेको कुरा कति बुझे बुझेनन् भनी कसरी थाहा पाउने भनी प्रष्ट मार्ग निर्देशन गरेको हुन्छ। राष्ट्रिय पाठ्यक्रमले समग्र राष्ट्रिय आवश्यकता, अवसर र सम्भावनालाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ। निर्माण प्रक्रियामा प्रतिनिधिमूलक सहभागिता हुन्छ। तर स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकतालाई समाधान गर्न, सरोकारवालाको व्यापक सहभागितामा, स्थानीय विज्ञहरुको समन्वयमा निर्माण गरिन्छ। स्थानीय विद्यार्थी, अभिभावक तथा शिक्षकहरुको सहभागिता हुने भएकाले स्थानीय पाठ्यक्रम प्रति सबैले अपनत्व बोध गर्दछन्। नेपाल अधिराज्यको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई दिएसँगै स्थानीय पाठ्यक्रमको महिमा झन् बढेको छ। बबई गाउँपालिकाले पनि विभिन्न कानुनी तथा सैद्धान्तिक जगमा टेकेर बबईको विशिष्ट परिवेशमा कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने प्रयास गरेको छ ।

आर्थिक वर्ष २०८०–०८१ को बबई गाउँपालिकाको नीति तथा कार्यक्रम र पालिकाको स्वीकृत बजेटमा समेत शैक्षिक सत्र २०८२ देखि स्थानीय पाठ्यक्रम लागू गर्ने कार्यक्रम रहेको अवस्थामा स्थानीय पाठ्यक्रम कार्यदल गठन गरी सबै सरोकारवालाहरुको सार्थक सहयोगले यो पाठ्यक्रम निर्माण कार्य सफल भएको छ।

**स्थानीय पाठ्यक्रमको परिचय**

सामान्यतया स्थानीय क्षेत्रमा भएका तथा स्थानीय आवश्यकताका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने उद्देश्यका साथ तयार गरिएको योजनावद्ध शैक्षणिक सामग्रीलाई नै स्थानीय पाठ्यक्रम भनिन्छ। जसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठासम्म पुऱ्याउँछ। यसमा स्थानीयस्तरका प्राकृतिक, साँस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय, स्थानीय खेलकुद, परिकार, ऐतिहासिक व्यक्तित्व आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिएको हुन्छ ।

हाम्रो देश नेपाल एक बहुसाँस्कृतिक, बहुधार्मिक, बहुजातीय, बहुभाषिक, भौगोलिक एवम् प्राकृतिक विविधता भएको देश हो। ठाउँ अनुसार मानिसहरुको रहनसहन, शिक्षाको प्रभाव तथा विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तर समेत फरक फरक रहेका पाइन्छ। ठाउँ र उचाइ अनुसार हावापानीलगायत सम्पूर्ण कुराहरु फरक फरक हुनु नै यहाँको सौन्दर्य हो। फरक फरक परिवेशमा सिकाइका तरिका तथा सिकाइका आवश्यकताका विषयवस्तुहरु पनि फरक फरक हुन सक्छन्। यसका लागि विश्वव्यापी मान्यतासँगै स्थानीयस्तरका विषयवस्तुहरुलाई समेत समेटी सिकाइ क्रियाकलाप सञ्चालन गर्दा उपयुक्त हुन जान्छ। आजको प्रतिस्पर्धात्मक युगमा विद्यार्थीहरुले विश्व परिवेशसँगै स्थानीय परिवेशका रहनसहन समेत बुझेर त्यसको संरक्षण, संवर्धन गर्दै आगामी दिनमा त्यसबाट आर्थिक क्रियाकलापहरु समेत सञ्चालन गर्न सक्नु पर्दछ। यसका लागि विद्यालयमा स्थानीय आवश्यकताका विषयवस्तुहरु समेटी पाठ्यक्रम नै तयार गरी पठनपाठन गराउन सकेमा त्यसबाट बढीभन्दा बढी सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ। यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी लागु भएका र पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई आवश्यक ज्ञान, सिप र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सकिदैन भन्ने कुरालाई आधारमानी स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो। यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ र स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६ मा आधारित भई स्थानीय आवश्यकताका आधारमा जनप्रतिनिधि, कर्मचारी, पाठ्यक्रम विज्ञ, स्थानीय शिक्षाविद्लगायतको निरन्तर अन्तरक्रिया र प्रयासबाट निर्माण सफल भएको हो।

२. **तहगत सक्षमताहरु**

**क) कक्षा १–३ का सक्षमताहरु**

- बबईको प्रमुख स्थानहरु, जनजीवन आफ्नो वडाको सामान्य परिचय र आफ्नो समुदाय प्रति गर्व गर्न,
- बबईका सम्पदाहरुप्रति आदर र संरक्षणमा जिम्मेवारीको भावना विकासमा सहयोग गर्ने,

- आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरुको पहिचान, महत्वबोध, पुनः प्रयोग, बालबगैचा निर्माण र वातावरणको सरसफाईमा सहयोग गर्न,
- विद्यार्थीहरुले स्थानीय व्यवसाय र प्रविधिहरुलाई चिन्न र उनीहरुको महत्व बुझाउन,
- विद्यार्थीहरुले आफ्नो स्थानीय संस्कृति, परम्परा र चाडपर्वहरूको जानकारी र सम्मान गर्न,
- विद्यार्थीहरुमा अरुप्रति सम्मान र आदर भावको विकास गर्ने, अरुको भावना बुझ्न र सत्यको सम्मान सिपको विकास गर्न,
- विद्यार्थीहरुमा आफ्नो वरपर रहेका समस्या र चुनौतीहरुको पहिचान, यसबाट बच्ने सुरक्षा उपाय तथा सहकार्यको बारेका जानकारी।

**ख) कक्षा ४–५ का सक्षमताहरु**

- बबई गाउँपालिकाका प्रमुख स्थलहरू, त्यहाँका मानिसहरूको रहनसहन साथै वडाले प्रवाह गर्ने सेवाको बारेमा परिचय,
- बबई गाउँपालिकामा रहेका पुरातात्विक स्थलहरू, मठमन्दिरहरू, र अन्य ऐतिहासिक सम्पदाहरुको बारेमा जानकारी,
- आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरुको महत्वबोध, उपयोग, वातावरण संरक्षण र सरसफाईमा सहयोग,
- स्थानीय पेसा र व्यवसायहरुको पहिचान र महत्वका साथै परम्परागत प्रविधिहरुको बारेमा जानकारी,
- आफ्नो स्थानीय सांस्कृतिक परम्परा, चाडपर्व, रीतिरिवाज र नाचगानको महत्व बुझी त्यसका बारेमा अरुसँग अनुभव साट्न,
- स्थानीय संस्कृति र परम्परामा आधारित मानवीय मूल्य मान्यताहरुको पहिचान गरि तिनीहरुको महत्व बुझ्न र जीवनमा लागु गर्न,
- विपद्को समयमा सुरक्षित र जिम्मेवार व्यवहार गर्न, समुदायलाई राहत दिन र समस्या समाधान गर्ने उपायहरू खोज्नुका साथै सामाजिक समस्याका रूपमा रहेको दुर्व्यसनले ल्याउने समस्या जानकारी।

**ग) कक्षा ६–८ का सक्षमताहरु**

- बबई गाउँपालिकाको समग्र अवस्था विश्लेषण तथा स्थानीय तह तथा जनप्रतिनिधिहरुको काम, कर्तव्य र अधिकारका बारेमा परिचित हुन,
- विद्यार्थीहरूले बबई क्षेत्रका प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाहरुको महत्वलाई बुझ्न, त्यसको संरक्षणको आवश्यकताबारे छलफल गर्न र त्यस्ता सम्पदाहरुको संरक्षण र प्रवर्द्धनका उपायहरुमा सक्रिय सहभागिता हुन,
- आफ्नो वरपरको वातावरण र हरित विद्यालयको अवधारणा बोध, वातावरणको समुचित प्रयोग, संरक्षण र प्रवर्द्धन गर्न,
- आफ्नो समुदायमा प्रचलित पेसा, व्यवसाय र प्रविधिको पहिचान, तीनको महत्व बुझ्न, र त्यसको विकास तथा समृद्धिका लागि नवप्रवर्तनात्मक सोच र प्रविधिको प्रयोग गर्न,
- विद्यार्थीहरूले आफ्नो स्थानीय क्षेत्रका सांस्कृतिक परम्परा, चाडपर्व, रीतिरिवाजहरुको महत्व बुझ्न, तिनको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक उपायहरु अवलम्बन गर्न,
- मानवीय मूल्यहरुको महत्व बुझि सकारात्मक सोच, सहिष्णुता, करुणा र इमान्दारिता जस्ता गुणहरुको विकास गर्न,
- विद्यार्थीहरूले सामाजिक दुर्व्यसनका कारण र प्रभावहरु पहिचान गर्न र विपद् व्यवस्थापनका प्रक्रियाका बारेमा जानकारी लिन र समाधानमा सक्रिय भूमिका खेल्नका लागि सिपको विकास,
- परम्परागत रुपमा प्रचलित व्यवहारिक लेखन सिपको आधारभूत पक्षहरुको जानकारी र लेखन सिपको विकास।

३. **कक्षागत सिकाई उपलब्धी**

क) कक्षा १ देखि ३ सम्म

| क्र.स. | क्षेत्र | कक्षा– १ | कक्षा–२ | कक्षा–३ |
|---|---|---|---|---|
| १ | बबईको चिनारी | ○ आफू वसेको बस्तीको टोल र वडा नम्बर बताउन<br>○ आफ्नो बस्ती वरपर रहेका खोलानाला, बाटो, चोक, र सडकका नाम बताउन<br>○ स्थानीय बजारहरुको नाम भन्न<br>○ बबई गा. पा.को नक्सा अवलोकन तथा छलफल गर्न | ○ आफ्नो वडाको सामान्य परिचय दिन<br>○ आफ्नो वडा भित्रका गाउँटोलहरू, वडा कार्यालय रहेको स्थान र वडामा रहेका विद्यालयहरु नाम भन्न<br>○ बबई गा.पा.को प्रमुख, उपप्रमुख र आफ्नो वडाध्यक्षको नाम बताउन<br>○ बबई गाउँपालिकाको नक्सामा आफ्नो र आफ्ना साथी तथा आफ्न्तहरुको गाउँटोल देखाउन | ○ विद्यार्थीहरुले आफ्नो ठेगाना (नाम, ठाउँ र काम) बताउन<br>○ आफू बसोबास गरेको पालिकाको नाम र वडा नम्बर पहिचान गर्न<br>○ छिमेकी विद्यालयहरुको पहिचान गर्न<br>○ दाङ जिल्लाको नक्सामा अवलोकन गरि आफ्नो पालिकाको पहिचान गर्न<br>○ बबई गाउँपालिका भित्रका मुख्य बजार, सडक नाम बताउन<br>○ बबई गाउँपालिकाको भौगोलिक बनावटको सामान्य जानकारी दिन |
| २ | हाम्रा सम्पदाहरु | ○ आफ्नो घर तथा विद्यालय वरपर रहेका ऐतिहासिक सम्पदाहरूको नाम र रहेको स्थान बताउन<br>○ आफ्नो घर तथा विद्यालय वरपर रहेका धार्मिक सम्पदाहरुको नाम र रहेको स्थान बताउन<br>○ आफ्नो घर तथा विद्यालय वरपर रहेका पर्यटकीय स्थलहरूको नाम र रहेको स्थान बताउन | ○ आफ्नो वडामा भएका मठमन्दिर, गुम्बा, मस्जिद तथा चर्चहरुको नाम र स्थान बताउन<br>○ आफ्नो वडाभित्र रहेका प्राकृतिक स्रोतहरुको पहिचान गर्न (जलाशय– कल्लेरी खहरे खोला, बबई नदी, रिमखोली, मदाने खोला, मलैखोला, ट्वाङ्खोला, च्याटीखोला, बौलाखोला, राजी खोला, सातखोलो खोला, घुमाउरे ताल, खुर्पाखसे ताल, धागे छहरा, पुरन्धारा झरना, बौलालोटे ताल, तरुले ताल, गौताल)<br>○ पुरन्धारा झरनाको सामान्य परिचय बताउन | ○ आफ्नो वडा भित्र रहेका प्राकृतिक सम्पदाहरु– झरना,लेक, वनजंगल, खोलानाला, नदी, ढुङ्गा, माटाहरूको सामान्य परिचय दिन<br>○ धागे छहराको सामान्य परिचय र महत्व बताउन<br>○ बबई गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको सामान्य परिचय दिन<br>○ बबई गाउँपालिका भित्र रहेका धार्मिक सम्पदाहरू– गौरीशंकर शिवालय, चिसापानी शिव मन्दिर, देवीटाकुरा दुर्गा मन्दिर सुपारे, रामपुरकोट, देवी मन्दिर, घट्टेखोला दुर्गादेवी मन्दिर, हापुरे शिव मन्दिर, विभिन्न चर्चहरु, कालीमाटी मन्दिरहरूको सामान्य परिचय दिन |

| | | | | |
|---|---|---|---|---|
| ३ | हाम्रो वातावरण र कर्तव्य | ❍ घर तथा टोल वरपर भएका बिरुवाहरुको नाम पहिचान गर्न<br>❍ घर तथा स्थानीयस्तरमा पाईंने घरपालुवा जनावरहरूको नाम बताउन<br>❍ फूलबारी तथा बोटबिरुवाको हेरचाह गर्ने काममा सहभागी हुन<br>❍ विद्यालयको बगैचामा भएका बोटबिरुवाको नाम पहिचान गर्न<br>❍ स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुका नाम बताउन<br>❍ घर तथा विद्यालयमा हुने फोहोरमैलाको पहिचान गर्न | ❍ बबई गाउँपालिका भित्र पाईने बन्यजन्तुका नाम बताउन<br>❍ बबई गाउँपालिकाभित्र पाईंने चराहरुको नाम बताउन<br>❍ फूलबारी तथा बोट विरुवाको हेरचाहमा सहभागी बन्न<br>❍ व्यक्तिगत, घर, आगन तथा विद्यालय सरसफाईमा सहभागी हुन<br>❍ फोहोरमैलाको परिचय र प्रकार –गल्ने र नगल्ने फोहोरको पहिचान गर्न<br>❍ वडामा पाईंने पानीका स्रोतहरुको पहिचान गर्न<br>❍ फोहोरमैला सरसफाइ सहभागि बन्न | ❍ गाउँपालिका क्षेत्रभित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको पहिचान गर्न<br>❍ घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता जनाउन<br>❍ स्थानीयस्तरमा पाईंने जडिबुटीको परिचय दिन<br>❍ वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान गर्न<br>❍ विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) गर्न<br>❍ घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न<br>❍ घर र विद्यालयमा पानीका स्रोतहरूको उपयोग गर्ने तरिका र सदुपयोग बताउन |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | ❍ आफ्नो परिवारका सदस्यहरुले गर्ने पेसा र व्यवसायको पहिचान गर्न<br>❍ घरमा गरिने तरकारी बालीका नाम पहिचान गर्न<br>❍ घर तथा छिमेकमा पाईंने फलफूलका नाम बताउन<br>❍ स्थानीय तथा रैथाने प्रविधिहरुको नाम र काम बताउन (जाँतो, ढिकी, पानीघट्ट, पानी मिल ) | ❍ छिमेकीको परिवारका सदस्यले गर्ने मुख्य पेसा व्यवसाय पहिचान गर्न<br>❍ हाम्रा स्थानीय अन्नवालीहरु पहिचान गर्न<br>❍ हाम्रा स्थानीय तरकारीहरु पहिचान गर्न<br>❍ पालिकास्तरमा रहेका उद्योग तथा कलकारखानाको नाम पहिचान गर्न<br>❍ स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरू पहिचान गर्न | ❍ खेतीपातीमा प्रयोग हुने औजारहरूको नाम र प्रयोग तरिका बताउन<br>❍ घर तथा विद्यालयस्तरमा उत्पादन हुने तरकारी, अन्न बाली, नगदेबाली, फलफूल खेती कार्यमा सहभागि हुन<br>❍ स्थानीयस्तरमा उत्पादन हुने मौसम अनुसारको तरकारी र फलफूल पहिचान गर्न<br>❍ गाउँटोलमा प्रचलित हस्तकलाका सामग्रीहरू पहिचान गर्न<br>❍ स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरूको परिचय दिन |

| | | | | |
|---|---|---|---|---|
| ५ | हाम्रो संस्कृति | ❍ स्थानीय चाडपर्वहरुको पहिचान गर्ने<br>❍ हाम्रा नाँचहरूको सामान्य पहिचान गर्ने<br>❍ हाम्रा स्थानीय सामग्रीहरु गाग्रो, ढकिया, डोको, छिट्वाको पहिचान गर्ने<br>❍ स्थानीय लोक बाजाहरुको नाम चिन्न | ❍ स्थानीय लोकगीत गाउने अभ्यास गर्ने<br>❍ आफू र आफ्नो साथीले बोल्ने भाषाको जानकारी दिन<br>❍ वडा भित्र बोलिने भाषाहरूको चिनारी दिन<br>❍ वडाभित्रका जातजातिले लगाउने पोसाकहरू पहिचान गर्ने<br>❍ स्थानीय चाडपर्वको नाम बताउन<br>❍ स्थानीय लोकगीतको पहिचान गर्ने र गाउने सामान्य अभ्यास गर्ने<br>❍ स्थानीय लोकबाजाको सामान्य परिचय दिन | ❍ थारु जातिले प्रयोग गर्ने परम्परागत सामग्रीहरुको पहिचान गर्ने<br>❍ पालिकाभित्र मनाइने चाडपर्वहरू ती चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलापहरू बताउन<br>❍ स्थानीय चाडपर्वमा प्रयोग गरिने परिकारको नाम बताउन<br>❍ थारु र मगर जातिले मनाउने पर्वहरु बताउन<br>❍ स्थानीय लोक गीत र बालगीत गाउने अभ्यास गर्ने<br>❍ लोकबाजा बजाउने अभ्यास गर्ने<br>❍ स्थानीय लोकनृत्यको पहिचान र अभ्यास गर्ने |
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ❍ परिवारभित्र गरिने सामान्य सम्वोधन गर्ने<br>❍ हाँस्ने, उफ्रने, खेल्ने, नाच्ने आँखा बन्द गर्ने र खोल्ने अभ्यास गर्ने<br>❍ साथीहरूसँग चिनजान र सामान्य सहयोग गर्ने<br>❍ घर तथा विद्यालयमा अनुशासन र आचरणको पालना तथा सबैप्रति नम्र व्यवहार गर्ने | ❍ गुरुहरू, छिमेकी तथा साथीहरूसँग घुलमिल र आदर गर्ने<br>❍ एक आपसमा सहयोग र सम्मानको व्यवहारको प्रदर्शन गर्ने<br>❍ परिवार तथा आफन्तसँग सहयोग आदानप्रदान गर्ने<br>❍ असल आचरणहरूको पहिचान र पालना गर्ने<br>❍ ठूलालाई सम्मान, सानालाई माया र सहयोग गर्ने<br>❍ सामान्य व्यायाममा सहभागी बन्न | ❍ स्वस्थ खानपान र सरसफाईका बारेमा जानकार हुन<br>❍ घर तथा परिवारमा सामुहिक कार्यमा संलग्न हुन<br>❍ अपाङ्गता, असहाय तथा जेष्ठ नागरिकलाई सम्मान र सहयोग गर्ने<br>❍ साथी तथा आफन्तसँग सहयोग आदान प्रदान गर्ने<br>❍ घर तथा विद्यालयमा पालन गर्नुपर्ने अनुशासन, आचरण र व्यवहार प्रर्दशन गर्ने<br>❍ सामान्य व्यायाममा सहभागी हुन |
| ७ | सामाजिक दुर्व्यसन र विपद् व्यवस्थापन | ❍ विद्यालय आउदा जादा बाटोमा हुने जोखिमहरु बाटो विग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काट्ने आदिको पहिचान गर्ने र समाधान रहन<br>❍ कृतिम घटना अभ्यास गर्ने<br>❍ घर तथा गाउँटोल वरपर घट्न सक्ने दुर्घटनाहरूको पहिचान गर्ने | ❍ बबई गाउँपालिकामा हुन सक्ने प्रकोपहरूको पहिचान गर्ने (हुरी बतास, सर्पको टोकाइ, सडक दुर्घटना, नदीमा डुब्नु/बगाउनु, छतबाट खस्नु)<br>❍ सडकमा हिड्ने तरिकाको जानकार हुन<br>❍ कृत्रिम घटना अभ्यास गर्ने | ❍ विपद्को परिचय दिन<br>❍ विद्यालय भित्रका वस्तुहरुबाट हुने जोखिमहरु जस्तै छत, बिजुली, भऱ्याङ, चिप्लेटी, पिङ, झ्याल, ढोका, खेल सामग्री, फर्निचर, शौचालय आदिको पहिचान गर्ने र सावधानी हुन<br>❍ कृत्रिम घटना अभ्यास गर्ने |
| | | जम्मा | | |

ख) कक्षा ४ र ५

<table>
<tr><th rowspan="2">क्र.स.</th><th colspan="3">कक्षागत सिकाइ उपलब्धि</th></tr>
<tr><th>क्षेत्र/ थिम</th><th>कक्षा ४</th><th>कक्षा ५</th></tr>
<tr><td>१</td><td>बबईको चिनारी</td><td>○ बबई गाउँपालिकाको भौगोलिक अवस्थाको पहिचान गर्न<br>○ बबई गाउँपालिकाको सिमाना र क्षेत्रफल बताउन<br>○ गाउँपालिकाभित्रका प्रमुख बजारहरूको परिचय दिन<br>○ आफ्नो वडामा प्रवाह हुने सेवाहरू बताउन<br>○ दाङ जिल्लाको नक्सामा बबई गाउँपालिकाको पहिचान गर्न<br>○ बबई गाउँपालिकामा रहेका वनजङ्गल र खोलानालाहरुको जानकारी लिन<br>○ व्यक्तिगत घट्ना दर्ताको परिचय दिन</td><td>○ पालिकाको काम, कर्तव्य र अधिकार<br>○ विकासका पूर्वाधारको वर्तमान अवस्था बताउन – यातायात, खानेपानी, बिजुली, सञ्चार, स्वास्थ्य आदि<br>○ हाम्रो वडाको नक्सामा आाफ्नो विद्यालय, गाउँ, वडा कार्यालय, प्रमुख सडक तथा वाटाहरु पहिचान गर्न<br>○ बबई गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुको परिचय दिन<br>○ व्यक्तिगत घटना दर्ताको महत्व बताउन<br>○ गाउँपालिकाको विकासमा योगदान पुऱ्याउने सामाजिक सङ्घ संस्थाहरु– क्लब, आमा समूह, टोल विकास संस्था आदिको परिचय दिन</td></tr>
<tr><td>२</td><td>हाम्रा सम्पदाहरु</td><td>○ स्थानीयस्तरमा घुम्न लायक ठाउँहरु बताउन<br>○ हाम्रा प्रकृतिक सम्पदाहरु– जमिन, वनजङ्गल, खोलानाला, ताल, पोखरीहरुको परिचय दिन र महत्व बताउन<br>○ बबई गाउँपालिकामा अवस्थित प्रमुख धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सम्पदाहरूको सामान्य परिचय दिन</td><td>○ पालिकाका मानव निर्मित सम्पदाहरू– मन्दिर, क्याम्पस, विद्यालय, नहर, कुवा, अट्वा आदिको परिचय दिन र महत्व बताउन<br>○ बबईका पर्यटकीय स्थलहरुको परिचय दिन<br>○ धार्मिक सम्पदाहरुको सामान्य परिचय दिन<br>○ दाङ जिल्लाका मुख्य सम्पदाहरुको सामान्य परिचय दिन</td></tr>
<tr><td>३</td><td>हाम्रो वातावरण र कर्तव्य</td><td>○ स्थानीय वनमा पाईने वन्यजन्तु र चराहरुको परिचय दिन, महत्व बताउन र संरक्षणको उपाय बताउन<br>○ विद्यालयमा बाल बगैंचा निर्माण र वृक्षरोपणमा सहभागी बन्न<br>○ वातावरण र विकासको परिचय दिन<br>○ बबईमा भएका पानीका स्रोतहरुको परिचय दिन र उपयोग गर्ने तरिका बताउन<br>○ फोहोर मैलाको वर्गीकरण गर्न र व्यवस्थापन बताउन<br>○ वडाको वनमा पाईने औषधीजन्य वनस्पतिहरूको पहिचान गर्न</td><td>○ गाउँपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको उपयोग र महत्व बताउन<br>○ विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहभागी बन्न<br>○ गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका बताउन<br>○ गाउँपालिका क्षेत्रमा जलस्रोतको प्रदुषण : कारण र असरहरू बताउन<br>○ विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरू</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | | (कम उपयोग, पुन प्रयोग र प्रशोधन) बताउन<br>○ घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय दिन<br>○ वातावरण संरक्षणको अवधारणा/परिचय दिन |
| ४ | स्थानीय पेसा, व्यवसाय र प्रविधि | ○ पेसाको वर्गीकरण( उत्पादन र सेवा मुलक) गर्न<br>○ स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीहरू (डोको, डालो, सुपो) को नाम, निर्माणका लागि आवश्यक सामग्री र प्रयोजन बताउन<br>○ स्थानीयस्तरमा पाईने तरकारी खेतीको पहिचान गर्न र परिचय गर्न<br>○ पशुपन्छी पालन (कुखुरा, बाख्रा, गाई, भैसी, बंगुर) गर्ने तरिका र महत्व बताउन<br>○ स्थानीय फलफूलहरुको परिचय, महत्व बताउन<br>○ प्राङ्गारिक मलको परिचय र प्रयोग बताउन<br>○ थारुजातिमा गरिने परम्परागत पेसाहरू परिचय दिन | ○ स्थानीय रैथाने बालीहरुको परिचय दिन<br>○ पालिका भित्र सञ्चालित साना तथा मझौला उद्योगहरुको परिचय र महत्व बताउन<br>○ स्थानीय सीप तथा प्रविधिबाट निमार्ण गरिएका घरेलु सामग्रीहरुको महत्व बताउन<br>○ बेमौसमी तरकारीहरु परिचय र यसको महत्व बताउन<br>○ पालिकामा उत्पादन हुने नगदेबालीको परिचय र महत्व बताउन<br>○ प्राङ्गारिक मल बनाउने तरिका र यसका फाइदाहरु बताउन<br>○ समुदायमा उत्पादित वस्तुहरुको बजारीकरण गर्ने तरिका बताउन<br>○ व्यवसायिक कृषिको परिचय र महत्व बताउन |
| ५ | हाम्रो संस्कृति | ○ हाम्रा स्थानीय चाडपर्वहरुको परिचय दिन ( नयाँ बर्ष, बैशाख पूर्णिमा, जेठासे पूर्णिमा, कुल पुजा, आषाढ १५ दही च्यूरा खाने, श्रावण १५ खीर खाने पर्व, साउने सक्रान्ति - लुतो फाल्ने, नाग पञ्चमी, जनै पूर्णिमा, कृष्ण अष्टमी, तीज, अट्वारी, दशै, तिहार, चोखाला पुज्ने, गुरु देवता पुज्ने, एक्ले पुज्ने, दरका पुजा, पानी खोले पुजा, सिद्ध पुजा)<br>○ स्थानीय लोक गीत, लोकनृत्यको परिचय दिन र अभ्यास गर्न<br>○ पालिकाभित्र लाग्ने मेलाहरुको सामान्य परिचय दिन<br>○ थारु संस्कृतिको सामान्य परिचय दिन<br>○ पालिका क्षेत्रमा बोलिने भाषा पहिचान गर्न<br>○ हाम्रा परम्परागत खेलहरूको परिचय र महत्व बताउन<br>○ हाम्रा थारु नाचहरु नाम बताई ती नाचहरू नाच्ने अभ्यास गर्न | ○ स्थानीयस्तरमा बोलिने भाषाहरुको संरक्षण गर्ने उपाय बताउन<br>○ विभिन्न स्थानीय जातमा रहेको विवाह परम्परा बताउन<br>○ स्थानीय जन्म, विवाह र मृत्यु संस्कार बताउन<br>○ स्थानीय खानाहरु र यसको महत्व बताउन<br>○ हाम्रा परम्परागत खेलहरुको परिचय दिन<br>○ पालिकामा रहेका प्रमुख जात जातिहरुको परिचय दिन |

| | | | |
|---|---|---|---|
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ○ घरमा आएका पाहुनालाई गरिने सम्मान गर्ने बानीको विकास गर्न – ढोग नमस्कार गर्ने, चकटी दिने, पानी सोध्ने, सञ्चो विसन्चो सोध्ने<br>○ श्रमका सम्मान गर्न<br>○ पत्रुखाना र यसको प्रभाव बताउन<br>○ घर, आगन, समुदाय र विद्यालयको सरसफाईमा सहभागी बन्न<br>○ योग , ध्यान र व्यायामको परिचय र अभ्यास गर्न<br>○ आशावादी शिक्षाको जानकारी लिन | ○ ठूलालाई आदर सम्मान र सानालाई माया गर्ने बानीको विकास गर्न<br>○ असल सामाजिक मूल्य मान्यताहरु अवलम्वन गर्न<br>○ स्थानीय असल संस्कारहरुको पहिचान गर्न<br>○ घरमै निर्माण गरिएको खाना तथा खाजाको परिचय र महत्व बताउन<br>○ योग , ध्यान, व्यायाम तथा मुद्रा चिकित्साको जानकारी लिन अभ्यास गर्न<br>○ समाजका असल मानिसहरूले गरेका कार्यहरू बताउन<br>○ जीवन सफल बनाउन लक्ष्य निर्धारण अभ्यास गर्न<br>○ सकारात्मक सोचको धारण बताउन |
| ७ | सामाजिक दुर्व्यसन र विपद् व्यवस्थापन | ○ जोखिम र विपद्को सामान्य परिचय दिन<br>○ चाड पर्वको समयमा जोखिम– पिङ, चङ्गा, पटका, खाना, झैझँगडा आदिका बारेमा बताई त्यसबाट बच्ने उपाय बताउन<br>○ प्राकृतिक प्रकोपहरु जस्तै बाढी, पहिरो, भूकम्प, चट्याङ आउनको कारण र यसले पुऱ्याउने असर बताउन<br>○ कुलतको सामान्य परिचय बताउन<br>○ कृत्रिम घटना अभ्यास गर्न | ○ सडक दुर्घटनाका कारण र बच्ने उपाय बताउन<br>○ वन्यजन्तुबाट बच्ने उपायहरू बताउन<br>○ चाडपर्वको समयमा हुने जोखिमहरु र बच्ने उपाय बताउन<br>○ बबई गाउँपालिकामा हुन सक्ने विपदहरूका विषयमा जानकार हुन<br>○ स्थानीय स्तरमा देखिएका कुलतहरुको जानकारी लिन र बच्ने उपाय बताउन<br>○ कृत्रिम घटना अभ्यास गर्न |

ग) कक्षा ६ देखि ८ सम्म

| क्र.स. | क्षेत्र | कक्षा–६ | कक्षा–७ | कक्षा– ८ |
|---|---|---|---|---|
| १ | बबईको चिनारी | ○ बबई गाउँपालिकाको क्षेत्रफल र जनसंख्या बताउन<br>○ बबई गाउँपालिकाको नक्सा बनाई आफ्नो गाउँटोल, विद्यालय, वडा कार्यालय तथा मुख्य बाटा देखाउने अभ्यास गर्न<br>○ वडाका निर्वाचित जनप्रतिनिधिहरु र जिम्मेवारी बताउन<br>○ वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाको जानकारी लिन<br>○ गा.पा.भित्र रहेका सुरक्षा निकायको अवस्थिति र तिनले प्रदान गर्ने सेवा तथा सेवा लिने तरिकाहरू बताउन | ○ बबई गाउँपालिकाको ऐतिहासिक परिचय दिन<br>○ वडा कार्यालयले शिक्षा युवा तथा महिलाका लागि तय गरेका कार्यक्रम र तिनले गर्ने गतिविधि बताउन<br>○ दाङ जिल्लाको नक्सा बनाई आफ्नो पालिकाका मुख्य स्थानहरु, सडक, धार्मिक तथा पर्यटकीय स्थल, खोलानाला र तालहरु भर्ने अभ्यास गर्न<br>○ बबई गाउँपालिकाको प्रशासनिक संरचना बताउन<br>○ गाउँपालिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार बताउन | ○ बबई गाउँपालिकाले जारी गरेका ऐन तथा कानुनहरु र ती ऐन कानुनमा भएका मुख्य व्यवस्थाहरु बताउन<br>○ गाउँपालिका अध्यक्षको काम, कर्तव्य र अधिकार बताउन<br>○ गाउँसभा, कार्यपालिका र न्यायिक समितिको भूमिका बताउन<br>○ गाउँपालिका अन्तर्गत रहेका शाखाहरुको कार्यहरु बताउन<br>○ दाङ जिल्लाका स्थानीय तहहरूको सामान्य परिचय दिन<br>○ बबई क्षेत्रलाई थुनुवा वन भन्नुको पछाडिको कारण बताउन |
| २ | हाम्रा सम्पदाहरु | ○ बबईका ऐतिहासिक सम्पदाहरुको परिचय र महत्व बताउन<br>○ बबईका धार्मिक सम्पदाहरु परिचय र महत्व बताउन<br>○ पर्यटकीय सम्पदाहरुको परिचय र महत्व बताउन<br>○ दाङ जिल्लाका सम्पदाहरु–पाण्डेश्वर मन्दिर धारापानीको परिचय दिन<br>○ हाम्रा भाषिक सम्पदाहरु (थारु, मगर, खस) सामान्य परिचय दिन<br>○ स्थानीय क्षेत्रमा रहेका खानीहरु परिचय दिन<br>○ धागे छहराको परिचय र पर्यटकीय महत्व बताउन | ○ हापुरे वार्ता भवन परिचय र महत्व बताउन<br>○ हाम्रा बबईका सम्पदाहरुले बबईको विकासमा खेल्ने भूमिका बताउन<br>○ थारु सम्पदाको संगम– थारु सङ्ग्रालय चखौरा परिचय, महत्व र संरक्षण गर्ने उपाय बताउन<br>○ स्थानीय सम्पदा संरक्षणमा समुदायको भूमिका बताउन<br>○ तिते पहाड, रेल ढुङ्गा, मान्द्रे ढुङ्गा, धावाघाट गुफा परिचय र महत्व बताउन<br>○ दाङ जिल्लाको सम्पदा – राप्ती शान्ति उद्यान (गणेश पार्क ) को सामान्य परिचय दिन | ○ बबईका सम्पदाहरुको संरक्षणमा समुदाय, विद्यार्थी तथा समुदायको भूमिका बताउन<br>○ पुरन्धारा झरना परिचय, महत्व र संरक्षणको उपाय बताउन<br>○ कोटडाँडा, भीरगाउँ, मधुराकोट, खमारी कोट, रानी धोगर आदिको परिचय, महत्व र संरक्षण बताउन<br>○ साझा तथा विशिष्ट व्यक्तिहरू– लक्ष्मी चन्द बालान क्षेत्री र चन्द्रबहादुर डाँगीको जीवनी बताउन |

| | | | | |
|---|---|---|---|---|
| | | | | ❍ दाङ जिल्लको सम्पदा– बाह्कुने दहको परिचय बताउन |
| ३ | हाम्रो वातावरण र कर्तव्य | ❍ बबई गाउँपालिकामा भएका वनहरु र उक्त वनहरुबाट प्राप्त हुने वनपैदावारको जानकारी लिन<br>❍ वनमा आधारित आर्थिक क्रियाकलापहरु– घर तथा विद्यालयमा जडिबुटी खेती र संकलन तथा नर्सरी निर्माण र बिक्रि वितरण गर्न<br>❍ हरित विद्यालयको अवधारणा बताउन<br>❍ पालिका क्षेत्रभित्र रहेका खानेपानीका स्रोतहरु र पानी शुद्धीकरण गर्ने स्थानीय उपायहरु बताउन<br>❍ दिगो विकासको परिचय दिन<br>❍ जलवायु परिवर्तनको सामान्य परिचय दिन<br>❍ घर तथा विद्यालयमा हुन सक्ने फोहोर तथा प्रदूषणको जानकारी लिन | ❍ पालिकास्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरू बताउन<br>❍ दिगो विकास र हरित विद्यालयको अन्तरसम्वन्ध बताउन<br>❍ घर तथा विद्यालयमा करेसाबारी र पुष्प बगैँचाको निमार्ण, उत्पादन, बजारीकरण र आर्थिक फाइदा बताउन<br>❍ वडाभित्रका सामुदायिक वनहरू– परिचय, महत्व, फाईंदा बताउन<br>❍ घरायसी ठोस फोहोरको व्यवस्थापनः गड्यौले मल बनाउने विधि बताउन<br>❍ जलवायु परिवर्तनबाट हाम्रो पालिकामा देखिएका असरहरु बताउन | ❍ जलवायु परिवर्तन न्यूनीकरण गर्ने उपायहरु बताउन<br>❍ वनका प्रकारहरु, वनबाट हुन सक्ने फाईंदा तथा वन संरक्षणका उपायहरू बताउन<br>❍ खाली जग्गा, वनक्षेत्र, घर तथा विद्यालयमा वृक्षरोपण र जडिबुटी खेती, वजारीकरण र आर्थिक फाईंदा बताउन<br>❍ स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापन गर्ने उपाय बताउन<br>❍ पालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसस्थाहरू र पालिका सरकारको भूमिका बताउन<br>❍ वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्थाको जानकारी लिन |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | ❍ हाम्रा परमपरागत पशु तथा पन्छी पालन– भैसी पालन, कुखुरापालन – तरिका बताउन र उक्त कार्यमा सहयोग गर्न<br>❍ स्थानीय अन्नबालीहरुको परिचय र महत्व बताउन<br>❍ बेमौसमी तरकारी खेतीको परिचय र महत्व बताउन<br>❍ गुजरामुखी खेतीलाई ब्यबसायमुखी बनाउन पालिकाको | ❍ बेमौसमी तरकारीको महत्व र चुनौती बताउन<br>❍ थोपा सिँचाईको परिचय र यसको प्रयोग गर्ने विधि बताउन<br>❍ बाख्रापालनको महत्व बताउन<br>❍ थारु जातिले बनाउने हस्तकला निर्मित सामग्री बनाउने अभ्यास गर्न | ❍ पशुपालन – परिचय, महत्व र पाल्ने तरिका<br>❍ हाम्रा नगदेबाली – परिचय, महत्व र सहभागिता<br>❍ हस्त निर्मित सामग्री निर्माणमा सहभागिता र बजारीकण गर्ने उपायहरू |

| | | | | |
|---|---|---|---|---|
| | | भूमिका बताउन<br>○ हस्त निर्मित सामग्रीको परिचय, बनाउने तरिका र बजारीकरण गर्ने तरिका बताउन | ○ गोबरमलको प्रयोगबाट हुने फाईंदा र प्रयोग गर्ने तरिका<br>○ गड्यौंला मलको खेतिको महत्व<br>○ हाम्रो पालिकाभित्र उत्पादन हुने तरकारीहरुको परिचय र बजारीकरण<br>○ दुना टपरी खुट्ने काममा सहभागी हुन | ○ हाम्रा स्थानीय साना तथा मझौला उद्योगहरु<br>○ च्याउखेती, माछापालनको परिचय, तरिका र महत्व<br>○ हाम्रा परम्परागत व्यवसायहरू – डोको डालो, ढकिया,<br>○ कटाइ सिलाइ र बुनाइको परिचय, महत्व र विधि<br>○ जैविक खेती प्रणालीको परिचय, महत्व |
| ५ | हाम्रो संस्कृति | ○ स्थानीयस्तरमा प्रचलित धर्मको परिचय र विशेषता बताउनु – हिन्दु, बौद्ध, मुस्लिम र क्रिश्चियन<br>○ स्थानीय लोक गीतहरु–साईलो जी, देउडा – परिचय दिन र र गाउने अभ्यास गर्न<br>○ पालिका क्षेत्रमा प्रचलित नाचहरुको सामान्य परिचय दिन<br>○ थारु जातिको भाषा, गीत, पोसाक तथा खेलहरूको सामान्य परिचय दिन<br>○ बबई क्षेत्रमा पुजिने देवी देवताको पुजाहरुको सामान्य परिचय दिन | ○ मगर जातिको भाषा, भेषभुषा, गीत आदिको सामान्य परिचय दिन<br>○ थारु जातिमा खाइने खानाको परिकारको परिचय र त्यसको पौष्टिक महत्व बताउन<br>○ हाम्रा परम्परागत पहिरन तथा गरगहनाहरु परिचय दिई यिनीहरुको महत्व बताउन<br>○ पालिकाभित्र लाग्ने मेलाहरुको परिचय र आर्थिक महत्व बताउन<br>○ हाम्रा परम्परागत लोक बाजाहरुको महत्व र संरक्षणका उपायहरु बताउन | ○ कुमाले, बोटे र चुनारा जातिहरुको मुख्य मुख्य संस्कृतिहरुको परिचय बताउन<br>○ बबई क्षेत्रमा नाचिने नाचहरूको परिचय, महत्व र संरक्षण गर्ने उपायहरु बताउन<br>○ बबई क्षेत्रमा बस्ने जातजातिहरूका जन्म, विवाह र मृत्यु संस्कारको परिचय बताउन<br>○ हाम्रा पुराना गीत ठाडी भाकाको परिचय र महत्व बताई गाउने अभ्यास गर्न<br>○ हाम्रा स्थानीय चाड पर्वहरू दशै, तिहार, माघीहरुको विगत र वर्तमान र आधुनिकताले ल्याएको परिवर्तन र यसबाट बच्ने उपायहरु बताउन |
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ○ सबै धर्मको सारको जानकारी र नैतिक शिक्षाको परिचय बताउन<br>○ हिन्दु, बौद्ध, मुस्लिम र क्रिस्चियन धर्मको परिचय दिन<br>○ विश्वबन्धुत्व, भाइचारा र सहअस्तित्वको परिचय र महत्व बताउन<br>○ आसावादी शिक्षाको अवधारणा र महत्व बताउन | ○ सन्तुलित भोजन परिचय र महत्व बताउन<br>○ सकारात्मक सोचको परिचय र महत्व बताउन<br>○ हाम्रो समाजमा बाल विवाहले निम्त्याएका चुनौतीहरू बताइ समाधानको उपाय बताउन<br>○ समाजमा रहेका विभेद, विकृति, कुरीति र भ्रष्टाचार | ○ गुरुकुलीय शिक्षा पद्धति परिचय, विशेषताहरु र यसमा रहेका राम्रा पक्षहरु बताउन<br>○ पूर्विय दर्शनको सामान्य परिचय र महत्व बताउन<br>○ सन्तुलित भोजनका प्रकार र प्राप्त गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | ○ विद्यार्थीहरूमा देखिने प्रतिभाको अनुभूति र त्यसको सम्मान गर्न<br>○ योग तथा ध्यान अवधारणा दिन र अभ्यास गर्न<br>– अनुलोम विलाम<br>– सूर्य प्रणायाम<br>– कपाल भाती | अन्त्य गर्ने उपायहरूको खोजी र अवलम्बन गर्न<br>○ योग तथा ध्यान परिचय महत्व बताई अभ्यास गर्न<br>– अनुलोम विलाम<br>– सूर्य प्रणायाम<br>– कपाल भाती<br>– भस्त्रीका प्रणायाम<br>○ राजयोगको ध्यान विधि भन्न र अभ्यास गर्न | स्रोत (खानेकुराहरु) बताउन<br>○ आत्म सम्मानको परिचय र महत्व बताउन<br>○ योग तथा ध्यानको महत्व बताई अभ्यास गर्न<br>– अनुलोम विलोम, प्रणायम<br>– सूर्य नमस्कार<br>– कपालभाती<br>○ विपश्यना ध्यान विधिका साथ अभ्यास गर्न<br>○ असल नागरिकका विशेषताहरूको पहिचान गर्न |
| ७ | सामाजिक दुर्व्यसन र विपद् व्यवस्थापन | ○ कुन कुन वन्यजन्तुबाट कुन कुन वालीनाली नष्ट हुन्छ भनि बताउन<br>○ पालिकामा हुने सक्ने विपद् र विपद् पूर्वतयारी रहने उपाय बताउन<br>○ सामान्य ट्राफिक नियमहरु बताउन<br>○ सुरक्षित विद्यालयको अवधारणा बताउन<br>○ लागु औषध दुरव्यसनीको परिचय दिन | ○ विपद् व्यवस्थापन व्यक्ति, संघ सस्था, अभिभावक र समुदायको भूमिका बताउन<br>○ विपद्मा मनोपरामर्शको अवधारणा, महत्व र तरिका बताउन<br>○ बबई गाउँपालिकाको जोखिमयुक्त वडाहरूको पहिचान गरी भएका जोखिमहरु बताउन<br>○ लागु औषध दुरव्यसनीका हानी तथा यसबाट बच्ने उपायहरु बताउन<br>○ विपद् व्यवस्थापनमा स्थानीय सरकारले गरेका प्रयासहरु बताउन<br>○ ग्यास सिलिण्डर विस्फोटबाट सावधान रहने उपाय बताउन | ○ स्थानीयस्तरमा विपद् जोखिम न्यूनीकरणमा भूमिका खेल्ने निकायहरुको पहिचान र योगदान बताउन– स्थानीय सरकार, नेपाल रेडक्रस,<br>○ सम्भावित विपद्हरुको आँकलन गर्न<br>○ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका तीन चरणमा गरिने क्रियाकलापहरु बताउन<br>○ भूकम्प र यसबाट सुरक्षित हुने उपायहरु बताउन<br>○ विश्वका प्रमुख महामारी– ब्ल्याक डेथ, प्लेग, फ्लु, एचआईभि एड्स, हैजा, सार्स र कोभिडको सामान्य परिचय बताउन<br>○ लागु औषध दुरव्यसनीबाट बच्न र बचाउन विद्यालय र विद्यार्थीको भूमिका |

| | | | | |
|---|---|---|---|---|
| ८ | व्यवहारिक लेखन | ○ घरायसी चिठीको ढाँचा तयार गर्न<br>○ निमन्त्रणा पत्रको ढाँचा तयार गर्न<br>○ शुभकामना पत्रको ढाँचा तयार गर्न<br>○ श्रद्धाञ्जलि तथा समवेदना पत्रको ढाँचा तयार गर्न<br>○ सूचना तथा जानकारी पत्रको ढाँचा तयार गर्न | ○ निवेदनको ढाँचा तयार गर्न<br>○ तमसुक लेखनको ढाँचा तयार गर्न<br>○ भरपाई लेखनको ढाँचा तयार गर्न<br>○ मेलमिलाप पत्र लेखनको ढाँचा तयार गर्न<br>○ सुझाव पत्र लेखनको ढाँचा तयार गर्न | ○ माइनुट तथा निर्णय लेखनको ढाँचा तयार गर्न<br>○ बयानाको कागज लेखनको ढाँचा तयार गर्न<br>○ कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरु बताउन<br>○ बैंक खाता, बैंक चेक, ए.टि.एम. र भौचरको प्रयोग गर्ने तरिका बताउन<br>○ बिल तथा नगदी रसिदको प्रयोग गर्न |

**४ विषयवस्तुको क्षेत्र र क्रम**

| क्र.स. | क्षेत्र/ थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | बबईको चिनारी | ○ आफू बसेको बस्तीको परिचय (टोल र वडा )<br>○ आफ्नो बस्ती वरपर रहेका खोलानाला, बाटो, चोक, र सडकका नाम<br>○ स्थानीय बजारहरूको नाम<br>○ बबई गा. पा.को नक्सा अवलोकन तथा छलफल | ○ आफ्नो वडाको सामान्य परिचय<br>○ आफ्नो वडा भित्रका गाउँटोलहरू, वडा कार्यालय रहेको स्थान र वडामा रहेका विद्यालयहरु<br>○ बबई गा.पा.को प्रमुख, उपप्रमुख र आफ्नो वडाध्यक्षको नाम भन्न र लेख्न<br>○ बबई गाउँपालिकाको नक्सामा आफ्नो र आफ्ना साथी तथा आफ्न्तहरुको गाउँटोल | ○ मेरो ठेगाना<br>○ आफू बसोबास गरेको पालिकाको नाम र वडाहरु<br>○ छिमेकी विद्यालयहरु<br>○ दाङ जिल्लाको नक्सामा मेरो पालिका<br>○ बबई गाउँपालिका भित्रका मुख्य बजार, सडक,<br>○ बबई गाउँपालिकाको भौगोलिक बनावटको सामान्य जानकारी |
| २ | हाम्रा सम्पदाहरु | ○ आफ्नो घर तथा विद्यालय वरपर रहेका ऐतिहासिक सम्पदाहरुको नाम र रहेको स्थान<br>○ आफ्नो घर तथा विद्यालय वरपर रहेका धार्मिक सम्पदाहरुको नाम र रहेको स्थान<br>○ आफ्नो घर तथा विद्यालय वरपर रहेका पर्यटकीय सम्पदाहरुको नाम र रहेको स्थान | ○ आफ्नो वडामा भएका मठमन्दिर, गुम्बा, मस्जिद तथा चर्चहरुको नाम र स्थान<br>○ आफ्नो वडा भित्र रहेका प्राकृतिक स्रोतहरु – जलाशय– कल्लेरी खहरे खोला, बबई नदी, रिमखोली, मदाने खोला, मलईखोला, ट्वाङ्खोला, च्याटीखोला, बौलाखोला, राजीखहरेखोला, सातखोलो खोला, घुमाउरे ताल, खुर्पाखसे ताल, धार्गे छहरा, | ○ आफ्नो वडा भित्र रहेका प्राकृतिक सम्पदाहरु– झरना, लेक, वनजङ्गल, खोलानाला, नदी, ढुङ्गा, माटाहरुको सामान्य परिचय<br>○ धागे छहराको सामान्य परिचय र महत्व<br>○ बबई गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरूको सामान्य परिचय<br>○ बबई गाउँपालिकाभित्र रहेका धार्मिक |

| | | | | |
|---|---|---|---|---|
| | | | पुरन्धारा झरना, बौलालोटे ताल, तरुले ताल, गौताल,<br>○ पुरन्धारा झरनाको सामान्य पहिचान | सम्पदाहरू– गौरीशंकर शिवालय, चिसापानी शिव मन्दिर, देवीटाकुरा दुर्गा मन्दिर सुपारे, रामपुरकोट, देवी मन्दिर, घट्टेखोला दुर्गादेवी मन्दिर, हापुरे शिव मन्दिर, विभिन्न चर्चहरू, कालीमाटी मन्दिरहरूको सामान्य परिचय |
| ३ | हाम्रो वातावरण र कर्तव्य | ○ घर तथा टोल वरपर भएका बिरुवाहरुको नाम र चिनारी<br>○ घर तथा स्थानीयस्तरमा पाइने घरपालुवा जनावरहरुको नाम<br>○ फूलवारी तथा बोटबिरुवाको हेरचाह<br>○ विद्यालयको बगैचामा भएका बोटबिरुवाको नाम र चिनारी<br>○ स्थानीय क्षेत्रमा भएका पानीहरुका स्रोतहरुका नाम<br>○ घर तथा विद्यालयमा हुने फोहोरमैलाको पहिचान | ○ बबई गाउँपालिका भित्र पाईने बन्यजन्तुका नाम<br>○ बबई गाउँपालिका भित्र पाईने चराहरुको नाम<br>○ फूलबारी तथा बोट विरुवाको हेरचाह<br>○ व्यक्तिगत, घर, आगन तथा विद्यालय सरसफाईमा सहभागी<br>○ फोहोरमैलाको परिचय र प्रकार –गल्ने र नगल्ने<br>○ वडामा पाईने पानीका स्रोतहरुको परिचय<br>○ फोहोरमैला सहयोग | ○ गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको पहिचान<br>○ घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता<br>○ स्थानीयस्तरमा पाईने जडिवुटीको परिचय<br>○ वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान<br>○ विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल)<br>○ घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह<br>○ घर र विद्यालयमा पानीका स्रोतहरूको उपयोग गर्ने तरिका र सदुपयोग |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | ○ आफ्नो परिवारका सदस्यहरुले गर्ने पेसा र व्यवसायको नाम<br>○ घरमा गरिने तरकारी बालीका नाम<br>○ घर तथा छिमेकमा पाइने फलफूलका नाम<br>○ स्थानीय तथा रैथाने प्रविधिहरूको नाम– जाँतो, ढिकी, पानीघट्ट, पानी मिल, कोल | ○ छिमेकीको परिवारका सदस्यले गर्ने मुख्य पेसा व्यवसाय<br>○ हाम्रा स्थानीय अन्नवालीहरु<br>○ हाम्रा स्थानीय तरकारहरु<br>○ पालिकास्तरमा रहेका उद्योग तथा कलकारखानाको नाम<br>○ स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरूको चिनारी | ○ खेतीपातीमा प्रयोग हुने औजारहरूको नाम र प्रयोग तरिका<br>○ घर तथा विद्यालयस्तरमा उत्पादन हुने तरकारी, अन्नबाली, नगदेबाली, फलफूल खेतीमा सहयोग<br>○ स्थानीय स्तरमा उत्पादन हुने मौसम अनुसारको तरकारी र फलफूल पहिचान र तिनको महत्व<br>○ गाँउटोलमा प्रचलित हस्तकलाका सामग्रीहरू पहिचान<br>○ स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरूको परिचय, |

| | | | | |
|---|---|---|---|---|
| ५ | हाम्रो संस्कृति | ❍ स्थानीय चाडपर्वहरूको परिचय<br>❍ हाम्रा नाचहरुको सामान्य परिचय<br>❍ हाम्रा स्थानीय सामग्रीहरु गाग्रो, ढकिया,...... को पहिचान<br>❍ स्थानीय लोक बाजाहरुको चिनारी | ❍ स्थानीय लोकगीत गाउने अभ्यास<br>❍ आफू र आफ्नो साथीले बोल्ने भाषाको जानकारी<br>❍ वडा भित्र बोलिने भाषाहरूको चिनारी<br>❍ वडा भित्रका जातजातिले लगाउने पोसाकहरू<br>❍ स्थानीय चाडपर्वको नाम<br>❍ स्थानीय लोकगीतको पहिचान र गाउने सामान्य अभ्यास<br>❍ स्थानीय लोकबाजाको सामान्य परिचय | ❍ थारु जातिले प्रयोग गर्ने परमपरागत सामग्रीहरु<br>❍ पालिकाभित्र मनाइने चाडपर्वहरू ती चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलापहरू<br>❍ स्थानीय चाडपर्वमा प्रयोग गरिने परिकारको नाम<br>❍ थारु र मगर जातिले मनाउने पर्वहरू<br>❍ स्थानीय लोक गीत र बालगीत गाउने अभ्यास<br>❍ लोकबाजा बजाउने अभ्यास<br>❍ स्थानीय लोकनृत्यको पहिचान र अभ्यास |
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ❍ परिवार भित्र गरिने सामान्य सम्वोधन<br>❍ हास्ने, उफ्रने, खेल्ने, नाच्ने आँखा बन्द गर्ने र खोल्ने अभ्यास<br>❍ साथीहरू सँग चिनजान र सामान्य सहयोग<br>❍ घर तथा विद्यालयमा अनुशासन र<br>❍ आचरणको पालना तथा सबैप्रति नम्र व्यवहार | ❍ गुरुहरू, छिमेकी तथा साथीहरूसँग घुलमिल र आदर<br>❍ एक आफूमा सहयोग र सम्मानको व्यवहारको प्रदर्शन<br>❍ परिवार तथा आफन्तसँग सहयोग आदानप्रदान<br>❍ असल आचरणहरूको पहिचान र पालना<br>❍ ठुलालाई सम्मान, सानालाई माया र सहयोग<br>❍ योग, ध्यान, व्यायाम तथा मुद्रा चिकित्सा | ❍ स्वस्थ खानपान र सरसफाई<br>❍ घर तथा परिवारमा सामूहिक कार्यमा संलग्न<br>❍ अपाङ्गता, असहाय तथा जेष्ठ नागरिकलाई सम्मान र सहयोग<br>❍ साथी तथा आफन्तसँग सहयोग आदान प्रदान<br>❍ घर तथा विद्यालयमा पालन गर्नुपर्ने अनुशासन, आचरण र व्यवहार<br>❍ योग, ध्यान, व्यायम तथा मुद्रा चिकित्सा |
| ७ | सामाजिक दुर्व्यसन र विपद् व्यवस्थापन | ❍ विद्यालय आउदा जादा बाटोमा हुने जोखिमहरू बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काट्ने आदिको पहिचान र समाधान<br>❍ कृत्रिम घटना अभ्यास<br>❍ घर तथा गाउँटोल वरपर घट्न सक्ने दुर्घटनाहरूको पहिचान | ❍ बबई गाउँपालिकामा हुन सक्ने प्रकोपहरूको पहिचान (हुरी बतास, सर्पको टोकाई, सडक दुर्घटना, नदीमा, डुब्नु/बगाउनु, छतबाट खस्नु)<br>❍ सडकमा हिड्ने तरिकाको जानकारी<br>❍ कृत्रिम घटना अभ्यास | ❍ विपद्को परिचय<br>❍ विद्यालय भित्रका वस्तुहरूबाट हुने जोखिमहरू जस्तै छत, बिजुली, भऱ्याङ, चिप्लेटी, पिङ, झ्याल, ढोका, खेल सामग्री, फर्निच, शौचालय आदिको पहिचान र सावधानी<br>❍ कृत्रिम घटना अभ्यास |

**विषयवस्तुको क्षेत्र र क्रम** (४–५)

| क्र.स. | क्षेत्र | कक्षा–४ | कक्षा–५ | कार्यघण्टा |
|---|---|---|---|---|
| १ | बबईको चिनारी | ○ बबई गाउँपालिकाको भौगोलिक अवस्थाको पहिचान<br>○ बबई गाउँपालिकाको सिमाना र क्षेत्रफल<br>○ गाउँपालिका भित्रका प्रमुख बजारहरु<br>○ आफ्नो वडामा प्रवाह हुने सेवाहरु<br>○ दाङ जिल्लाको नक्सामा बबई गाउँपालिकाको पहिचान<br>○ बबई गाउँपालिकामा रहेका वन जङ्गल र खालानालाहरु<br>○ व्यक्तिगत घट्ना दर्ताको परिचय | ○ गाउँपालिकाको काम, कर्तव्य र अधिकार<br>○ विकासका पूर्वाधारको वर्तमान अवस्था – यातायात, खाने पानी, बिजुली, सञ्चार आदि<br>○ हाम्रो वडाको नक्सामा आफ्नो विद्यालय, गाउँ, वडा कार्यालय, प्रमुख सडक तथा बाटाहरू<br>○ बबई गाउँपालिकाभित्रका शैक्षिक संस्थाहरुको परिचय<br>○ व्यक्तिगत घटना दर्ताको महत्व<br>○ गाउँपालिकाको विकासमा योगदान पुऱ्याउने सामाजिक सङ्घ संस्थाहरु– क्लव, आमा समूह, टोल विकास संस्था आदि | |
| २ | हाम्रा सम्पदाहरु | ○ स्थानीय स्तरमा घुम्न लायक ठाउँहरु<br>○ हाम्रा प्रकृतिक सम्पदाहरु– जमिन, वन जङ्गल, खोलानाला, ताल, पोखरीहरुको परिचय र महत्व<br>○ बबई गाउँपालिकामा अवस्थित प्रमुख धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सम्पदाहरूको सामान्य परिचय | ○ पालिकाका मानव निर्मित सम्पदाहरु– मन्दिर, क्याम्पस, विद्यालय, नहर, कुवा, अटुवा आदिको परिचय र महत्व<br>○ बबईका पर्यटकीय स्थलहरु<br>○ धार्मिक सम्पदाहरु<br>○ दाङ जिल्लाका मुख्य सम्पदाहरु | |
| ३ | हाम्रो वातावरण र कर्तव्य | ○ स्थानीय वनमा पाइने वन्यजन्तु र चराहरु<br>○ विद्यालयमा बाल बगैंचा निर्माण र वृक्षारोपनमा सहभागी<br>○ वातावरण र विकासको परिचय<br>○ बबईमा भएको पानीका स्रोतहरुको परिचय र उपयोग<br>○ फोहोर मैलाको वर्गीकरण र व्यवस्थापन<br>○ वडाको वनमा पाईने औषधीजन्य वनस्पतिहरुको पहिचान | ○ गाउँपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको उपयोग र महत्व<br>○ विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण<br>○ गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका गाउँपालिका क्षेत्रमा जलस्रोतको प्रदूषण : कारण र असरहरू<br>○ विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरू (कम उपयोग, पुन प्रयोग र प्रशोधन) | |

| | | | | |
|---|---|---|---|---|
| | | | ❍ घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय<br>❍ वातावरण संरक्षणको अवधारणा/परिचय | |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | ❍ पेसाको वर्गीकरण– उत्पादन र सेवा मुलक<br>❍ स्थानीयस्तरमा निर्मित हस्तकलाका सामग्रीहरू (नाम, आवश्यक सामग्री र प्रयोजन (डोको, डालो, सुपो)<br>❍ स्थानीय स्तरमा पाईने तरकारी खेतीको पहिचान र परिचय<br>❍ पशुपन्छी पालन (कुखुरा, बाख्रा, गाई, भैसी, बङ्गुर) गर्ने तरिका र महत्व<br>❍ स्थानीय फलफूलहरु<br>❍ प्राङ्गारिक मलको परिचय र प्रयोग<br>❍ थारुजातिमा गरिने परमपरागत पेसाहरु | ❍ स्थानीय रैथाने बालीहरु<br>❍ पालिकाभित्र सञ्चालित साना तथा मझौला उद्योगहरु<br>❍ स्थानीय सीप तथा प्रबिधिबाट निर्माण गरिएका घरेलु सामग्रीहरू र तिनीहरुको परिचय<br>❍ बेमौसमी तरकारीहरू र यसको महत्व<br>❍ पालिकामा उत्पादन हुने नगदेबालीको परिचय<br>❍ प्राङ्गारिक मल बनाउने तरिका र यसका फाइदाहरू<br>❍ समुदायमा उत्पादित वस्तुहरुको बजारीकरण गर्ने तरिका<br>❍ व्यवसायिक कृषिको परिचय र महत्व | |
| ५ | हाम्रो संस्कृति | ❍ हाम्रा स्थानीय चाडपर्वहरुको परिचय ( नयाँ वर्ष, वैशाख पूर्णिमा, जेठासे पूर्णिमा, कुल पुजा, आषाढ १५ दही च्यूरा खाने, श्रावण १५ खीर खाने पर्व, साउने सक्रान्ति - लुतो फाल्ने, नाग पञ्चमी, जनै पूर्णिमा, कृष्ण अष्टमी, तीज, अट्वारी, दशैं, तिहार, चोखाला पुज्ने, गुरु देवता पुज्ने, एक्ले पुज्ने, दरका पुजा, पानी खोले पुजा, सिद्ध पुजा)<br>❍ स्थानीय लोक गीत,  लोकनृत्य र अभ्यास<br>❍ पालिकाभित्र लाग्ने मेलाहरुको सामान्य परिचय<br>❍ थारु संस्कृतिको सामान्य परिचय<br>❍ पालिका क्षेत्रमा बोलिने भाषा<br>❍ हाम्रा परम्परागत खेलहरू<br>❍ हाम्रा थारु नाचहरू | ❍ स्थानीयस्तरमा बोलिने भाषाहरुको संरक्षण<br>❍ विभिन्न स्थानीय जातमा रहेको विवाह परम्परा<br>❍ स्थानीय जन्म, विवाह र मृत्यु संस्कार<br>❍ स्थानीय खानाहरू र यसको महत्व<br>❍ हाम्रा परम्परागत खेलहरू<br>❍ पालिकामा रहेका प्रमुख जातजातिहरू | |

| | | | | |
|---|---|---|---|---|
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ○ घरमा आएका पाहुनालाई गरिने सम्मान – ढोग नमस्कार गर्ने, चकटी दिने, पानी सोध्ने, सञ्चो बिसन्चो सोध्ने<br>○ श्रमका सम्मान<br>○ पत्रुखाना र यसको प्रभाव<br>○ घर, आगन, समुदाय र विद्यालयको सरसफाई<br>○ योग, ध्यान, व्यायाम तथा मुद्रा चिकित्सा<br>○ आशावादी शिक्षा | ○ ठुलालाई आदर सम्मान र सानालाई माया<br>○ असल सामाजिक मूल्य मान्यता<br>○ स्थानीय असल संस्कारहरु<br>○ घरमै निर्माण गरिएको खाना तथा खाजाको परिचय र महत्व<br>○ योग , ध्यान, व्यायाम तथा मुद्रा चिकित्सा<br>○ समाजका असल मानिसहरूले गरेका कार्यहरू<br>○ जीवन सफल बनाउन लक्ष्य निर्धारण अभ्यास<br>○ सकारात्मक सोच | |
| ७ | सामाजिक दुर्व्यसन र विपद् व्यवस्थापन | ○ जोखिम र विपद्को सामान्य परिचय<br>○ चाड पर्वको समयमा जोखिम– पिङ, चङ्गा, पटका, खाना, झैझगडा<br>○ प्राकृतिक प्रकोपहरु जस्तै बाढी, पहिरो, भुकम्प, चट्याङ आउनको कारण र यसले पुर्‍याउने असर<br>○ कुलतको सामान्य परिचय<br>○ कृत्रिम घटना अभ्यास | ○ सडक दुर्घटनाका कारण र बच्ने उपाय<br>○ वन्यजन्तुबाट बच्ने उपायहरू<br>○ चाडपर्वको समयमा हुने जोखिमहरू र बच्ने उपाय<br>○ बबई गाउँपालिकामा हुन सक्ने विपदहरु<br>○ स्थानीय स्तरमा देखिएका कुलतहरु र बच्ने उपाय<br>○ कृत्रिम घटना अभ्यास | |
| **जम्मा** | | | | १२८ |

**विषयवस्तुको क्षेत्र र क्रम** (६–८)

| **क्र.सं.** | **क्षेत्र/ थिम** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|---|---|
| १ | बबईको चिनारी | ○ बबई गाउँपालिकाको क्षेत्रफल र जनसङ्ख्या<br>○ बबई गाउँपालिकाको नक्सा बनाई आफ्नो गाउँटोल, विद्यालय, वडा कार्यालय तथा मुख्य बाटा देखाउने अभ्यास<br>○ वडाका निर्वाचित जनप्रतिनिधिहरु र जिम्मेवारी<br>○ वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाको | ○ बबई गाउँपालिकाको ऐतिहासिक परिचय<br>○ वडा कार्यालयले शिक्षा युवा तथा महिलाका लागि तय गरेका कार्यक्रम<br>○ दाङ जिल्लाको नक्सा बनाई आफ्नो पालिकाका मुख्य स्थानहरु, सडक, धार्मिक तथा पर्यटकीय स्थल, खोलानाला र तालहरु भर्ने अभ्यास<br>○ बबई गाउँपालिकाको प्रशासनिक संरचना | ○ बबई गाउँपालिकाले जारि गरेका ऐन तथा कानुन कार्यविधि<br>○ गाउँपालिका अध्यक्षको काम, कर्तव्य र अधिकार<br>○ गाउँसभा, कार्यपालिका र न्यायिक समितिको भूमिका<br>○ गाउँपालिका अन्तरगत रहेका शाखाहरुको कार्य<br>○ दाङ जिल्लाका स्थानीय तहहरुको सामान्य परिचय<br>○ थुनुवा वन |

| | | | | |
|---|---|---|---|---|
| | | जानकारी<br>○ गा.पा.भित्र रहेका सुरक्षा निकायको अवस्थिति र तिनले प्रदान गर्ने सेवा तथा सेवा लिने तरिकाहरू | ○ गाउँपालिका उपाध्यक्षको काम कर्तव्य र अधिकार | |
| २ | हाम्रा सम्पदाहरु | ○ बबईका ऐतिहासिक सम्पदाहरु<br>○ बबईका धार्मिक सम्पदाहरु<br>○ पर्यटकीय सम्पदाहरु<br>○ दाङ जिल्लाका सम्पदाहरु<br>○ हाम्रा भाषिक सम्पदाहरु (थारु, मगर, खस)<br>○ स्थानीय क्षेत्रमा रहेका खानीहरु धागे छहराको परिचय र पर्यटकीय महत्व | ○ हापुरे वार्ता भवन परिचय र महत्व<br>○ हाम्रा बबईका सम्पदाहरुले बबईको विकासमा खेल्ने भूमिका<br>○ थारु सम्पदाको संगम– थारु सङ्ग्रालय चखौरा<br>○ स्थानीय सम्पदा संरक्षणमा समुदायको भूमिका तिते पहाड, रेल ढुङ्गा, मान्द्रे ढुङ्गा, धावाघाट गुफा परिचय र महत्व | ○ बबईका सम्पदाहरुको संरक्षणमा समुदाय, विद्यार्थी तथा समुदायको भूमिका<br>○ पुरन्धारा झरना बबईको सान<br>○ कोट डाँडा, भिरगाउँ, मयुराकोट, खमारी कोट, रानी धोगर आदिको परिचय, महत्व र संरक्षण<br>○ साझा तथा विशिष्ट ब्यक्तिहरु– लक्ष्मी चन्द बालान क्षेत्री र चन्द्रबहादुर डाँगी |
| ३ | हाम्रो वातावरण र कर्तव्य | ○ बबई गाउँपालिकामा भएका वनहरु र उक्त वनहरुको पहिचान<br>○ वनमा आधारित आर्थिक क्रियाकलापहरु– घर तथा विद्यालयमा जडिबुटी खेती र सङ्कलन तथा नर्सरी निर्माण र बिक्रि वितरण<br>○ हरित विद्यालयको अवधारण<br>○ पालिका क्षेत्र भित्र रहेका खानेपानीका स्रोतहरु र पानी शुद्धीकरण गर्ने स्थानीय उपायहरु<br>○ दिगो विकासको परिचय<br>○ जलवायु परिवर्तनको सामान्य परिवर्तन<br>○ घर तथा विद्यालयमा हुन सक्ने फोहोर तथा प्रदूषण | ○ पालिकास्तरबाट पुरा गार्न सकिने दिगो विकासका लक्ष्यहरु<br>○ दिगो विकास र हरित विद्यालयको अन्तरसम्वन्ध<br>○ घर तथा विद्यालयमा करेसाबारी र पुष्प बगैचाको निमार्ण, उत्पादन, बजारीकरण र आर्थिक फाईदा<br>○ वडाभित्रका सामुदायिक वनहरु– परिचय, महत्व, फाईदा<br>○ घरायसी ठोस फोहोरको व्यवस्थापनः गड्यौले मल बनाउने विधि<br>○ जलवायु परिवर्तनबाट हाम्रो पालिकामा देखिएका असरहरु | ○ जलवायु परिवर्तन न्यूनीकरण गर्ने उपायहरु<br>○ वनका प्रकारहरु, वनबाट हुन सक्ने फाइदा तथा वन संरक्षणका उपायहरु<br>○ खाली जग्गा, वनक्षेत्र, घर तथा विद्यालयमा वृक्षरोपण र जडिबुटी खेती, बजारीकरण र आर्थिक फाईदा<br>○ स्थानीय क्षेत्रमा पानीको दिगो ब्यवस्थापन<br>○ पालिका क्षेत्रमा वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला ब्यवस्थापनमा स्थानीय समुदाय, संघसस्थाहरु र पालिका सरकारको भूमिका<br>○ वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्था |
| ४ | स्थानीय पेसा, व्यवसाय र प्रविधि | ○ हाम्रा परमपरागत पशु तथा पन्छीपालन– भैसी पालन, कुखुरापालन – तरिका र उक्त कार्यमा सहयोग | ○ बेमौसमी तरकारीको महत्व र चुनौती<br>○ थोपा सिँचाईको परिचय र यसको प्रयोग<br>○ बाख्रा पालनको महत्व | ○ पशुपालन – परिचय, महत्व र पाल्ने तरिका<br>○ हाम्रा नगदेबाली – परिचय, महत्व र सहभागिता<br>○ हस्त निर्मित सामग्री निर्माणमा सहभागित र |

| | | | | |
|---|---|---|---|---|
| | | ○ स्थानीय अन्नबालीहरुको परिचय र महत्व<br>○ बेमौसमी तरकारी खेतीको परिचय र महत्व<br>○ गुजरामुखी खेतीलाई व्यवसायमुखी बनाउन पालिकाको भूमिका<br>○ हस्त निर्मित सामग्रीको परिचय, बनाउने तरिका र बजारीकरण | ○ थारु जातिले बनाउने हस्त निर्मित सामग्री बनाउने अभ्यास<br>○ गोबरमलको प्रयोगबाट हुने फाइदा र प्रयोग गर्ने तरिका<br>○ गड्यौंला खेतीको महत्व<br>○ हाम्रो पालिकाभित्र उत्पादन हुने तरकारीहरूको परिचय र बजारीकरण<br>○ दुना टपरी निर्माण | बजारीकरण गर्ने उपायहरू<br>○ हाम्रा स्थानीय साना तथा मझौला उद्योगहरू<br>○ च्याउखेती, माछापालनको परिचय, तरिका र महत्व<br>○ हाम्रा परम्परागत व्यवसायहरु – डोको डालो, ढकिया,<br>○ कटाई सिलाई र बुनाइको परिचय, महत्व र विधि<br>○ जैविक खेती प्रणालीको परिचय, महत्व |
| ५ | हाम्रो संस्कृति | ○ स्थानीयस्तरमा प्रचलित धर्मको परिचय र विशेषता – हिन्दु, बौद्ध, मुस्लिम र क्रिश्चियन<br>○ स्थानीय लोक गीतहरु–साइलो जी, देउडा – परिचय र अभ्यास<br>○ पालिका क्षेत्रमा प्रचलित नाचहरूको सामान्य परिचय<br>○ थारु जातिको भाषा, गीत, पोसाक तथा खेलहरूको सामान्य परिचय<br>○ बबई क्षेत्रमा पुजिने देवी देवताको पूजाहरूको सामान्य परिचय | ○ मगर जातिको भाषा, भेषभूषा, गीत आदिको सामान्य परिचय<br>○ थारु जातिमा खाइने खानाको परिकारको परिचय र त्यसको पौष्टिक महत्व<br>○ हाम्रा परम्परागत पहिरन तथा गरगहनाहरू<br>○ पालिकाभित्र लाग्ने मेलाहरुको परिचय र आर्थिक महत्व<br>○ हाम्रा परम्परागत लोक बाजाहरुको महत्व र संरक्षणका उपायहरू | ○ कुमाले, बोटे र चुनारा जातिहरुको मुख्य मुख्य संस्कृतिहरुको परिचय<br>○ बबई क्षेत्रमा नाचिने नाचहरुको परिचय, महत्व र संरक्षण गर्ने उपायहरु<br>○ बबई क्षेत्र प्रचलित जन्म, विवाह र मृत्यु संस्कार<br>○ हाम्रा पुराना गीत ठाडी भाकाको महत्व र गाउने अभ्यास<br>○ हाम्रा स्थानीय चाड पर्वहरु दशै, तिहार, माघीहरुको विगत र बर्तमान र आधुनिकताले ल्याएको विचलनबाट बच्ने उपायहरु |
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ○ सबै धर्मको सारको जानकारी र नैतिक शिक्षा<br>○ हिन्दु, बौद्ध, मुस्लिम र क्रिस्चियन धर्मको परिचय<br>○ विश्वबन्धुत्व र भाइचारा सहअस्तित्वको परिचय र महत्व<br>○ आसावादी शिक्षाको अवधारणा र महत्व<br>○ विद्यार्थीहरुमा देखिने प्रतिभाको अनुभूति र त्यसको सम्मान | ○ सन्तुलित भोजन<br>○ सकारात्मक सोचको परिचय र महत्व<br>○ हाम्रो समाजमा बाल विवाहले निम्त्याएका चुनौतीहरू<br>○ समाजमा रहेका विभेद, विकृति, कुरीति र भ्रष्टाचार अन्त्य गर्ने उपायहरूको खोजी र अवलम्बन | ○ गुरुकुलीय शिक्षा पद्धति<br>○ पूर्वीय दर्शनको सामान्य परिचय र महत्व<br>○ सन्तुलित भोजनका प्रकार र प्राप्त गर्ने स्रोत<br>○ आत्म सम्मानको परिचय र महत्व<br>○ योग तथा ध्यान<br>– अनुलोम विलाम<br>– सूर्य प्राणायाम |

| | | | | |
|---|---|---|---|---|
| | | ○ योग तथा ध्यान<br>– अनुलोम विलाम<br>– सूर्य प्राणायाम<br>– कपाल भाती | ○ योग तथा ध्यान<br>– अनुलोम विलाम<br>– सूर्य प्राणायाम<br>– कपाल भाती<br>– भस्त्रीका प्राणायाम<br>○ राजयोगको ध्यान विधि र अभ्यास | – कपालभाती<br>○ विपश्यना ध्यान विधि तथा अभ्यास<br>○ असल नागरिकका विशेषताहरुको पहिचान |
| ७ | सामाजिक दुरव्यसन र विपद् व्यवस्थापन | ○ वन्यजन्तुबाट बालीनाली नष्ट<br>○ ग्यास सिलिण्डर विस्फोटबाट सावधानी<br>○ पालिकामा हुने सक्ने विपद् र विपद् पूर्वतयारी<br>○ ट्राफिक नियम<br>○ सुरक्षित विद्यालय<br>○ लागु औषध दुरव्यसनीको परिचय | ○ विपद् व्यवस्थापना व्यक्ति, संघ सस्था, अभिभावक र समुदायको भूमिका<br>○ विपद्मा मनोपरामर्श<br>○ बबई गाउँपालिकाको जोखिमयुक्त वडाहरु<br>○ लागु औषध दुरव्यसनीका हानी तथा यसबाट बच्ने उपायहरु<br>○ विपद् व्यवस्थापनमा स्थानीय सरकारले गरेका प्रयासहरू | ○ स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरणमा भूमिका खेल्ने निकायहरू – स्थानीय सरकार, नेपाल रेडक्रस,<br>○ सम्भावित विपद्हरुको आँकलन<br>○ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका तीन चरणमा गरिने क्रियाकलाप<br>○ भूकम्प र यसबाट सुरक्षित हुने उपायहरु<br>○ विश्वका प्रमुख महामारी– ब्ल्याक डेथ, प्लेग, फ्लु, एचआईभि एड्स, हैजा, सार्स र कोभिड<br>○ लागु औषध दुव्येसनीबाट बच्न र बचाउन विद्यालय र विद्यार्थीको भूमिका |
| ८ | व्यवहारिक लेखक | ○ चिठी<br>○ निमन्त्रणा पत्र<br>○ शुभकामना पत्र<br>○ श्रद्धाञ्जलि तथा समवेदना<br>○ सूचना तथा जानकारी | ○ निवेदन लेखन<br>○ तमसुक लेखन<br>○ भरपाई लेखन<br>○ मेलमिलाप पत्र लेखन<br>○ सुझाव पत्र लेखन | ○ मान्युट तथा निर्णय लेखन<br>○ बयानाको कागज लेखन<br>○ कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरु<br>○ बैंक खाता, बैंक चेक, ए.टि.एम. र भौचरको प्रयोग<br>○ बिल तथा नगदी रसिदको प्रयोग |

५. विषयवस्तुको विस्तृतीकरण र सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप

कक्षा – १

| क्र. स. | क्षेत्र | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | बबईको चिनारी | ○ आफू बसेका बस्तीको टोल र वडा नम्बर बताउन<br>○ आफ्नो बस्ती वरपर रहेका खोलानाला, बाटो, चोक, र सडकका नाम बताउन<br>○ स्थानीय बजारहरूको नाम भन्न<br>○ बबई गा. पा.को नक्सा अवलोकन तथा छलफल गर्न | ○ आफू बसेको बस्तीको परिचय (टोल र वडा)<br>○ आफ्नो बस्ती वरपर रहेका खोलानाला, बाटो, चोक, र सडकका नाम<br>○ स्थानीय बजारहरुको नाम<br>○ बबई गा. पा.को नक्सा अवलोकन तथा छलफल | ○ प्रश्नोत्तर सिप<br>○ सञ्चार सिप<br>○ अवलोकन सिप<br>○ छलफल सिप | ○ पालिकाको ठुलो नक्साको सहायताले विद्यार्थीलाई तपाई कहाँ बस्नुहुन्छ, कति नम्बर वडामा बस्नुहुन्छ, तपाई बस्ने टोललाई के नामले चिनिन्छ भनि सबैलाई सोध्ने<br>○ विद्यार्थीहरुलाई उनीहरु बस्ती वरपर तथा विद्यालय वरपरका खोलानाला नाम सोधी बोर्डमा लेखी सूची गराउने, सूचीलाई एक स्वरमा उच्चारण गराउने, यी खोलानालाहरुको बारेमा थप जिज्ञासाहरु उठाउने जस्तै खोलानाला नभए के हुन्थ्यो होला ……<br>○ खोलानालाको शिक्षण गर्दा प्रयोग भएको विधि बाटो, चोक, सडक तथा स्थानीय बजारमा पनि प्रयोग गर्ने | ○ विद्यार्थीहरुलाई आफू बसेको वडा नम्बर र टोल तथा बस्तीको नाम सोधेर<br>○ विद्याथीको वरपर पर्ने खोलानाला, बाटो, सडक, चोकहरुका नाम सोधेर<br>○ स्थानीय बजारको नाम सोधेर<br>○ नक्सा छलफलमा सहभागी गराएर |
| २ | हाम्रा सम्पदाहरु | ○ आफ्नो घर तथा विद्यालय वरपर रहेका ऐतिहासिक सम्पदाहरूको नाम र रहेको स्थान बताउन<br>○ आफ्नो घर तथा विद्यालय वरपर रहेका धार्मिक सम्पदाहरूको नाम र रहेको स्थान बताउन | ○ आफ्नो घर तथा विद्यालय वरपर रहेका ऐतिहासिक सम्पदाहरूको नाम र रहेको स्थान<br>○ आफ्नो घर तथा विद्यालय वरपर रहेका धार्मिक सम्पदाहरुको नाम र रहेको स्थान<br>○ आफ्नो घर तथा विद्यालय वरपर रहेका | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाइ सिप<br>○ तुलना गर्ने सिप<br>○ पहिचान सिप | ○ हाम्रो पालिकाभित्र पर्ने ऐतिहासिक सम्पदाहरूको तस्विरहरु प्रदर्शन गराई प्रश्नोत्तर विधिको प्रयोग गरि प्रत्यक्ष देख्नु भएको छ कि छैन, देखेको भए कस्तो छ, के चीज राम्रो लाग्यो, त्यो कुन स्थानमा अवस्थित छ, कुन बाटो भएर पुग्न सकिन्छ आदि प्रश्नहरु माथि छलफल गराउने<br>○ धार्मिक सम्पदाहरुको शिक्षण पनि माथिको विधि प्रयोग गर्न सकिन्छ तर यहाँ मन्दिर, गुम्वा, मस्जित तथा चर्चहरुको पहिचान गर्न चित्र मार्फत अभ्यास गराउनु पर्छ। | ○ ऐतिहासिक सम्पदाहरूको नाम र स्थान सोधेर<br>○ धार्मिक सम्पदाहरूको नाम र स्थानको नाम सोधेर<br>○ पर्यटकीय स्थलको सम्पदाहरू नाम रहेको स्थान सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ○ आफ्नो घर तथा विद्यालय वरपर रहेका पर्यटकीय सम्पदाहरूको नाम र रहेको स्थान बताउन | पर्यटकीय सम्पदाहरूको नाम र रहेको स्थान | | ○ हाम्रा पर्यटकीय सम्पदाहरूको तस्विरहरू प्रदर्शन गराई प्रश्नोत्तर विधिको प्रयोग गरि प्रत्यक्ष देख्नु भएको छ कि छैन, देखेको भए कस्तो छ, के चीज राम्रो लाग्यो, त्यो कुन स्थानमा अवस्थित छ, कुन बाटो भएर पुग्न सकिन्छ आदि प्रश्नहरु मार्फत छलफल गराउने<br>○ सम्पदाहरुको उत्तम शिक्षण विधिमा सम्पदाहरूको प्रत्यक्ष अवलोकन गर्नु हो । अभिभावक तथा शिक्षकको प्रत्यक्ष निगरानीमा ती ठाउँहरुको भ्रमण गराउनु पर्दछ । | |
| ३ | हाम्रो वातावरण र कर्तव्य | ○ घर तथा टोल वरपर भएका बिरुवाहरूको नाम पहिचान गर्न<br>○ घर तथा स्थानीय स्तरमा पाईने घरपालुवा जनावरहरूको नाम बताउन<br>○ फूलबारी तथा बोट बिरुवाको हेरचाह गर्ने काममा सहभागी हुन<br>○ विद्यालयको बगैंचामा भएका बोटबिरुवाको नाम पहिचान गर्न<br>○ स्थानीय क्षेत्रमा भएका पानाका स्रोतहरुका नाम बताउन<br>○ घर तथा विद्यालयमा | ○ घर तथा टोल वरपर भएका बिरुवाहरुको नाम र चिनारी<br>○ घर तथा स्थानीय स्तरमा पाईने घर पालुवा जनावरहरुको नाम<br>○ फूलबारी तथा बोट बिरुवाको हेरचाह<br>○ विद्यालयको बगैंचामा भएका बोटबिरुवाको नाम र चिनारी<br>○ स्थानीय क्षेत्रमा भएका पानीहरुका स्रोतहरुका नाम<br>○ घर तथा विद्यालयमा हुने फोहोरमैलाको | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाई सिप<br>○ तुलना गर्ने सिप<br>○ वातावरण प्रतिको सजकता र सम्मान सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप | ○ विद्यार्थीहरुलाई आ–आफ्ना घरको वरपर पाईने पाँच पाँच वटा बिरुवाको पात ल्याउन लगाएर सबै बिरुवाको नाम लेखी छलफल गर्ने, घर तथा विद्यालय वरपर भएका बिरुवाहरुको अवलोकन गर्न लगाई तिनीहरुको नाम पहिचान गर्न लगाउने<br>○ स्थानीय घर पालुवा जनावर, फूलबारी, बगैचा तथा पानीको स्रोतहरुको शिक्षण गर्दा चित्र वा श्रव्यदृय सामग्रीले शिक्षण प्रभावकारी बनाउन मद्दत गर्दछ ।<br>○ विद्यार्थीहरुका घर वा छिमेकमा पालिएका जनावरको नाम भन्न लगाएर<br>○ स्थानीय स्तरमा पालिएका जनावरहरुको अवलोकन गराएर<br>○ घरको फूलबारीमा फूल रोप्न, सिँचाई गर्न र हेरचाह गर्ने काम आमा बुवा वा दाइ दिदीहरुलाई सहयोग गर्न भनि उनीहरुको अनुभव कक्षामा सुनाउन लगाउने<br>○ घर तथा छिमेकमा भएका बगैंचामा भएका विरुवाहरु बताउन लगाएर | ○ स्थानीय बिरुवा देखाउँदै तिनीहरुको नाम सोधेर<br>○ घरपालुवा जनावरको नाम सोधेर<br>○ घरमा फूलबारीको हेरचाह गरेको अनुभव भन्न लगाएर<br>○ बगैंचामा लगाईने बिरुवाको नाम सोधेर<br>○ पानीका स्रोतहरू सोधेर<br>○ फोहोर कहाँ कहाँबाट निक्लन्छ भनि सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | हुने फोहोरमैलाको पहिचान गर्न | पहिचान | | ❍ विद्यालय वरपर भएका बगैंचाहरूको अवलोकन गराएर<br>❍ विद्यालय नजिक रहेका पानीका स्रोतहरूको अवलोकन गराउन र पानीका स्रोतहरू कुवा, मुहान, खोला, वर्षा आदि हुन भनि सङ्केत गर्ने । यसका लागि चित्रको सहायता लिन सकिन्छ ।<br>❍ कक्षाकोठामा भएका धुलो, कागज, चर्पी, धारा खेल मैदानमा भएका फोहोर देखाएर फोहोरको अवधारणा दिने | |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | ❍ आफ्नो परिवारका सदस्यहरुले गर्ने पेसा र व्यवसायको पहिचान गर्न<br>❍ घरमा गरिने तरकारी बालीका नाम पहिचान गर्न<br>❍ घर तथा छिमेकमा पाइने फलफूलका नाम बताउन<br>❍ स्थानीय तथा रैथाने प्रविधिहरुको नाम र काम बताउन (जाँतो, ढिकी, पानीघट्ट, पानी मिल, कोल) | ❍ आफ्नो परिवारका सदस्यहरुले गर्ने पेसा र व्यवसायको नाम<br>❍ घरमा गरिने तरकारी बालीका नाम<br>❍ घर तथा छिमेकमा पाईने फलफूलका नाम<br>❍ स्थानीय तथा रैथाने प्रविधिहरुको नाम– जाँतो, ढिकी, पानीघट्ट, पानी मिल, कोल | ❍ पहिचान सिप<br>❍ प्रयोग सिप<br>❍ सहकार्य सिप<br>❍ सहयोग सिप<br>❍ सञ्चार सिप<br>❍ सिकाइ सिप | ❍ विद्यार्थीहरूलाई उनीहरूको परिवारको सदस्यहरूले गर्ने पेसा तथा व्यवसायको नाम सोधेर बोर्डमा सूची तयार पारी छलफल गने, हाम्रो पालिकामा गरिने पेसा व्यवसायको भिडियो तथा चित्रहरू देखाएर पेसा व्यवसायहरूको पहिचान गराउने<br>❍ विद्यार्थीहरूले दैनिक रुपमा खाने तरकारीहरूको नाम माथि छलफल गराएर वा चित्र तथा भिडियो प्रयोग गरेर<br>❍ विद्यार्थीहरुले खाने तथा स्थानीय स्तरमा तिनीहरूले देखेका फलफूलहरू सोधी तिनीहरूको सूचीमा छलफल गर्ने<br>❍ स्थानीय फलफूलहरूको चित्र तथा भिडियो प्रयोग गर्ने<br>❍ रैथाने प्रविधिमा आधारित जाँतो, पानीघट्ट ढिकी, पानी मिलहरूको फोटो तथा भिडियो प्रयोग गर्ने, तस्वीर देखाएर नाम र त्यसको प्रयोगका बारेमा छलफल गर्ने,<br>❍ स्थानीय पेशा तथा व्यवसाय भित्रका सबै पाठमा क्षेत्र भ्रमण गराई अवलोकन गराउनु पर्दछ | ❍ परिवारका सदस्यहरुले गर्ने पेशा व्यवसायको नाम सोधेर<br>❍ स्थानीय तरकारीबालीको नाम सोधेर<br>❍ स्थानीय फलफूलहरुको नाम पहिचान गर्न लगाएर<br>❍ चित्र वा प्रत्यक्ष जाँतो, ढिकी, पानीघट्ट, पानी मिल देखाई नाम र त्यसको काम सोध्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हाम्रो संस्कृति | ❍ स्थानीय चाडपर्वहरूको पहिचान गर्न<br>❍ हाम्रा नाँचहरूको सामान्य पहिचान गर्न<br>❍ हाम्रा स्थानीय सामग्रीहरू पहिचान गर्न<br>❍ स्थानीय लोक बाजाहरूको नाम चिन्न | ❍ स्थानीय चाडपर्वहरूको परिचय<br>❍ हाम्रा नाचहरूको सामान्य परिचय<br>❍ हाम्रा स्थानीय सामग्रीहरूको पहिचान<br>❍ स्थानीय लोक बाजाहरूको चिनारी | ❍ अवलोकन सिप<br>❍ पहिचान सिप<br>❍ प्रयोग सिप<br>❍ सहकार्य सिप<br>❍ सहयोग सिप<br>❍ सञ्चार सिप<br>❍ सिकाई सिप | ❍ विभिन्न चाडपर्व मनाएका फोटा र भिडियोहरु देखाउदै यो कुन चाडसंग सम्बन्धित छ भनि सोध्ने र छलफल गर्ने<br>❍ तपाईहरु कुन कुन चाडहरु के गरेर मनाउनुहुन्छ भनि सोधेर<br>❍ स्थानीय नाचहरुको फोटो तथा भिडियो देखाएर सूची बनाएर छलफल गर्दै सहजीकरण गर्ने<br>❍ स्थानीय सामग्री - हाम्रा परमपरागत घरमा प्रयोग हुने औजार तथा बस्तुहरु, त्यस्ता सामग्रीहरुको फोटो देखाएर नाम तथा यसको प्रयोग वा कामका बारेमा छलफल गर्ने<br>❍ स्थानीय बाजा तथा त्यसका फोटोहरु देखाई सहजीकरण गर्न | ❍ स्थानीय चाडहरुको पहिचान गर्न लगाएर<br>❍ स्थानीय नाच पहिचान गर्न लगाएर<br>❍ स्थानीय सामग्रीहरुको नाम सोधेर<br>❍ स्थानीय बाजाहरुको नाम सोधेर |
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ❍ परिवारभित्र प्रयोग हुने सामान्य सम्बोधन गर्न<br>❍ हाँस्ने, उफ्रने, खेल्ने, नाच्ने आँखा बन्द गर्न र खोल्ने अभ्यास गर्न<br>❍ साथीहरूसँग चिनजान र सामान्य सहयोग गर्न<br>❍ घर तथा विद्यालयमा अनुशासन र आचरणको पालना तथा सबैप्रति नम्र व्यवहार गर्न | ❍ परिवार भित्र गरिने सामान्य सम्बोधन<br>❍ हाँस्ने, उफ्रने, खेल्ने, नाच्ने आँखा बन्द गर्ने र खोल्ने अभ्यास<br>❍ साथीहरूसँग चिनजान र सामान्य सहयोग<br>❍ घर तथा विद्यालयमा अनुशासन र आचरणको पालना तथा सबैप्रति नम्र व्यवहार | ❍ अवलोकन सिप<br>❍ पहिचान सिप<br>❍ प्रयोग सिप<br>❍ सहकार्य सिप<br>❍ सहयोग सिप<br>❍ सञ्चार सिप<br>❍ सिकाई सिप | ❍ अभिनय मार्फत सिकाउने– अगाडि बोलाएर दुईहात जोडि नमस्कार गर्न सिकाउने– साइनो अनुसार ढोग, दर्शन, ज्यू आदि सिकाउने<br>❍ बाबुनानीहरुलाई व्यक्तिगत तथा समूहमा हास्ने, उफ्रने, खेल्ने, नाच्ने आँखा बन्द गर्न र खोल्न अभ्यास गराएर<br>❍ विद्यार्थीहरूलाई समूहमा विभाजन गरि साथीहरूसँग घुलमेल गराउने, मिलेर बस्ने क्रियाकलाप गराउने, नाता अनुसारको सम्बोधन तथा सम्मान सम्बन्धी क्रियाकलाप गराउने<br>❍ अनुशासनको महत्व देखाउने कुनै कथा तथा स्थानीय व्यक्तिका कथाहरू सुनाउने, अभिनय मार्फत असल व्यवहारहरू पर्दशन गर्ने गराउने | ❍ परिवारभित्र हुने सम्बोधनहरु सोधर<br>❍ हाँस्ने, उफ्रने, खेल्ने, नाच्ने आँखा बन्द गर्ने र खोल्न अभिनय अवलोकन हेरेर<br>❍ विद्यार्थी समूहमा घुलमेल भए नभएको अवलोकन गरेर<br>❍ विद्यार्थीको आचरण वा व्यवहार हेरेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | सामाजिक दुर्व्यसन र विपद् व्यवस्थापन | ○ विद्यालय आउदा जादा बाटोमा हुने जोखिमहरु (बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काट्ने आदि) को पहिचान गर्न र समाधान रहन<br>○ कृत्रिम घटना अभ्यास गर्न<br>○ घर तथा गाउँटोल वरपर घट्न सक्ने दुर्घटनाहरूको पहिचान गर्न | ○ विद्यालय आउदा जादा बाटोमा हुने जोखिमहरू बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काट्ने आदिको पहिचान र समाधान<br>○ कृत्रिम घटना अभ्यास<br>○ घर तथा गाउँटोल वरपर घट्न सक्ने दुर्घटनाहरूको पहिचान | ○ सिकाइ सिप<br>○ अवलोकन सिप<br>○ सञ्चार सिप<br>○ स्वव्यवस्थापन सिप<br>○ सहयोग सिप<br>○ दृश्य साक्षरता सिप | ○ चित्र तथा भिडियोको माध्यमबाट विपद्हरूको पहिचान गर्न लगाउने र त्यस माथि तप छलफल गर्ने<br>○ विद्यालय आउदा जादा बाटोमा आई पर्ने जोखिमहरु भन्न लगाई बोर्डमा लेखि छलफल गर्ने<br>○ ती जोखिमहरुबाट बच्नका कृत्रिम घटना अभ्यास गराउने<br>○ जोखिमयुक्त स्थानहरूको अवलोकन गराउने, ति स्थानहरू किन जोखिमपूर्ण भए भनि छलफल गर्ने<br>○ कथाको माध्यमबाट जोखिमहरूको पहिचान र त्यसबाट बच्ने उपायका बारेमा स्थानीय रुपमा घटेका घटना सुनाउने र छलफल गर्ने<br>○ यस क्षेत्रमा हुन सक्ने सबै जोखिमहरुको सम्भव भएसम्मका घटनाहरूको कृत्रिम घटना अभ्यास गराउने | ○ विद्यालय आउदा जादा हुने जोखिमहरूका बारेमा सोधेर<br>○ यस्ता जोखिमबाट कसरी बच्न सकिन्छ भनि उपायहरु सोधेर<br>○ कृत्रिम घटना अभ्यासको अवलोकन गरेर<br>○ घर तथा गाउँटोल वरपर घट्न सक्ने दुर्घटनाहरूको सोधेर |

कक्षा– २

| क. स. | क्षेत्र | सिकाई उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | बबईको चिनारी | ○ आफ्नो वडाको सामान्य परिचय दिन<br>○ आफ्नो वडा भित्रका गाउँटोलहरू, वडा कार्यालय रहेको स्थान र वडामा रहेका विद्यालयहरू नाम भन्न<br>○ बबई गा. पा.को प्रमुख, उपप्रमुख र आफ्नो वडाध्यक्षको नाम बताउन | ○ आफ्नो वडाको सामान्य परिचय<br>○ आफ्नो वडा भित्रका गाउँटोलहरू, वडा कार्यालय रहेको स्थान र वडामा रहेका विद्यालयहरु<br>○ बबई गा. पा.को प्रमुख, उपप्रमुख र आफ्नो वडाध्यक्षको नाम | ○ प्रश्नोत्तर सिप<br>○ सञ्चार सिप<br>○ अवलोकन सिप<br>○ छलफल सिप | ○ आफ्नो वडाका नक्सा देखाई समूहमा छलफल गराउने, वडाको नक्सा बनाउन तथा वडा भित्रका स्थलहरूको चित्र बनाउन प्रोत्साहन गर्ने, वडाका रोचक कथाहरू सुनाउने र वडाका विभिन्न स्थलहरूको अवलोकन गराउने<br>○ आफ्नो वडा भित्रका गाउँटोल, वडा कार्यालय र विद्यालयहरुको अवलोकन भ्रमण गराउने, वडाको नक्सा बनाई ती स्थल भर्न लगाउने, चित्र वा भिडियोको सहारामा कथाहरु बनाउने<br>○ विद्यार्थीहरूलाई पालिका प्रमुख, उपप्रमुख र वडा | ○ आफ्नो वडाको सामान्य परिचय सोधेर<br>○ आफ्नो वडा भित्रका गाउँटोलहरू, वडा कार्यालय रहेको स्थान र वडामा रहेका विद्यालयहरू नाम तथा स्थान सोधेर<br>○ बबई गा. पा.को प्रमुख, उपप्रमुख र आफ्नो वडा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ○ बबई गाउँपालिकाको नक्सामा आफ्नो र आफ्ना साथी तथा आफन्तहरुको गाउँटोल देखाउन | ○ बबई गाउँपालिकाको नक्सामा आफ्नो र आफ्ना साथी तथा आफन्तहरुको गाउँटोल | | अध्यक्षको भूमिका खेलाउने, तिनीहरूको तस्वीर देखाएर परिचय गराउने, तस्विर हेरेर चित्र कोर्न लगाउने<br>○ पालिकाको नक्सा देखाउदैं ठाउँहरूको परिचय गराउने तथा विद्यार्थीलाई चित्र कोरेर स्थानहरूका बारेमा छलफल गर्ने | अध्यक्षको नाम तथा व्यक्तिले चिनाएर<br>○ बबई गाउँपालिकाको नक्सामा आफ्नो र आफ्ना साथी तथा आफन्तहरूको गाउँटोल सोधेर |
| २ | हाम्रा सम्पदाहरु | ○ आफ्नो वडामा भएका मठमन्दिर, गुम्बा, मस्जिद तथा चर्चहरूको नाम र स्थान बताउन<br>○ आफ्नो वडाभित्र रहेका प्राकृतिक स्रोतहरूको पहिचान गर्न<br>○ पुरन्धारा झरनाको सामान्य परिचय बताउन | ○ आफ्नो वडामा भएका मठमन्दिर, गुम्बा, मस्जित तथा चर्चहरूको नाम र स्थान<br>○ आफ्नो वडाभित्र रहेका प्राकृतिक स्रोतहरू<br>○ पुरन्धारा झरनाको सामान्य पहिचान | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाई सिप<br>○ तुलना गर्ने सिप<br>○ पहिचान सिप | ○ मठमन्दिर, गुम्बा, मस्जिद तथा चर्चहरूको स्थलगत भ्रमण गराउने, तस्वीर तथा भिडियो देखाउँने, चित्र कोर्न प्रोत्साहन गर्ने, नाम लेख्ने अभ्यास गराउने, त्यस्ता सम्पदाहरूसँग जोडिएका कथा कहानी सुनाउने<br>○ प्राकृतिक स्रोतहरूको तस्विर तथा भिडियो देखाउने, स्थलगत भ्रमण गराउने, ती स्थलहरूसँग जोडिएका कथा कहानी सुनाउने तथा चित्र कोर्न प्रेरित गर्ने<br>○ पुरन्धारा तस्विर तथा भिडियो देखाउने, स्थलगत भ्रमण गराउने, चित्र कोर्न प्रोत्साहन गर्ने | ○ आफ्नो वडामा भएका मठमन्दिर, गुम्बा, मस्जिद तथा चर्चहरूको नाम र स्थान सोधेर<br>○ आफ्नो वडाभित्र रहेका प्राकृतिक स्रोतहरूको नाम सोधेर<br>○ पुरन्धारा झरनाको पहिचान गर्न लगाएर, झरना रहेको स्थलको नाम सोधेर तथा त्यस स्थानमा भएका आकर्षणहरू सोधेर |
| ३ | हाम्रो वातावरण र कर्तव्य | ○ बबई गाउँपालिका भित्र पाइने वन्यजन्तुका नाम बताउन<br>○ बबई गाउँपालिकाभित्र पाइने चराहरूको नाम | ○ बबई गाउँपालिकाभित्र पाइने वन्यजन्तुका नाम<br>○ बबई गाउँपालिकाभित्र पाइने चराहरूको नाम<br>○ फूलबारी तथा बोट | | ○ वन्यजन्तुका बारेमा चासो बढाउन चिडियाखाना, पशुफाम तथा जङ्गलमा भ्रमण गराउने, विद्यार्थीहरूकै माध्यमबाट स्थानीय जनावरहरूको सूची गराउने, जनावरको चित्र कोर्न लगाउने, जनावरहरूका कथा सुनाउने वा जनावरको भूमिका गर्ने | ○ बबई गाउँपालिकाभित्र पाइने वन्यजन्तुहरूको नाम सोधेर<br>○ बबई गाउँपालिकाभित्र पाइने चराहरूको नाम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बताउन<br>○ फूलबारी तथा बोट बिरुवाको हेरचाहमा सहभागी बन्न<br>○ व्यक्तिगत, घर, आगन तथा विद्यालय सरसफाईमा सहभागी हुन<br>○ फोहोरमैलाको परिचय र प्रकार –कुहिने र नकुहिने फोहोरको पहिचान गर्न<br>○ वडामा पाइने पानीका स्रोतहरुको पहिचान गर्न<br>○ फोहोरमैला रखाईमा सहभागी बन्न | बिरुवाको हेरचाह<br>○ व्यक्तिगत, घर, आगन तथा विद्यालय सरसफाईमा सहभागी<br>○ फोहोरमैलाको परिचय र प्रकार –कुहिने र नकुहिने<br>○ वडामा पाइने पानीका स्रोतहरूको परिचय<br>○ फोहोरमैला रखाईमा सहयोग | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाइ सिप<br>○ तुलना गर्ने सिप<br>○ वातावरणप्रतिको सजकता र सम्मान सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप | ○ चराहरुका बारेमा चासो बढाउन चिडियाखाना, पन्छीफार्म तथा जङ्गलमा भ्रमण गराउने, विद्यार्थीहरूकै माध्यमबाट स्थानीय चराहरूको सूची गराउने, चराहरूको चित्र कोर्न लगाउने, चराहरूका कथा सुनाउने, चराहरूको आवाजहरूको नक्कल गर्न प्रोत्साहन गर्ने<br>○ नजिकैको फूलबारी तथा बगैँचा भ्रमण गराउनुहोस, फूलको चित्र कोर्न लगाउनुहोस, फूल तथा बोट बिरुवाहरूको महत्व देखाउने कहानी सुनाउने र छलफल गर्ने तथा वृक्षरोपण क्रियाकलापमा सहभागी बनाउने<br>○ नजिकैको बस्तीमा गएर आगन सरसफाई अभियान चलाउने, सामूहिक रुपमा कक्षाकोठा सरसफाईमा सहभागी बनाउने, सरसफाईको महत्व र फाइदा देखाउँदा छोटो कथा सुनाउने, सफाइ उपकरणहरू जस्तै कुचो, झाडु, पोछा आदिको प्रयोग गर्न सिकाउने<br>○ विद्यालय तथा आसपासमा भएका भएका फोहोरहरूको अवलोकन गराउने, विद्यालयमा निस्कने फोहोरहरूको सूची निर्माण गरि छलफल गर्ने, सुरक्षाका उपायहरू अपनाएर विद्यार्थीहरुलाई फोहोर जम्मा गर्ने खेल खेलाउने, त्यस्ता फोहोरहरूलाई कुहिने फोहोर हरियो बाल्टीमा र नकुहिने फोहोर रातो बाल्टीमा राख्ने अभ्यास गराउने<br>○ पानीका स्रोतहरु नदी, ताल, पोखरी, मूलहरूको अवलोकन गराउने, पानीका स्रोतहरूको चित्र कोर्न लगाउने, पानीको उपयोगिता तथा महत्वका बारेमा छलफल गराउने, स्थानीय पानीका स्रोतहरूको तस्विर तथा चित्रहरू देखाइ छलफल गर्ने | सोधेर<br>○ फूलबारी तथा बोट बिरुवाको हेरचाह गर्न लगाएर<br>○ व्यक्तिगत, घर, आगन तथा विद्यालय सरसफाईमा सहभागी बनाएर<br>○ फोहोरमैलाको परिचय र प्रकार –कुहिने र नकुहिने फोहोरहरूको नाम सोधेर<br>○ वडामा पाइने पानीका स्रोतहरूको परिचय सोधेर<br>○ फोहोरमैला रेखाइको अवलोकन गरेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | ○ विद्यालयमा फोहोर राख्ने स्थान बताउनुहोस, फाहोर राख्ने डिब्बा छान्ने अभ्यास गराउनुहोस, फोहारमैलाको पुनः प्रयोगका बारेमा कथा सुनाउनुहोस | |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | ○ छिमेकीको परिवारका सदस्यले गर्ने मुख्य पेसा व्यवसाय पहिचान गर्न<br>○ हाम्रा स्थानीय अन्न वालीहरू पहिचान गर्न<br>○ हाम्रा स्थानीय तरकारीहरू पहिचान गर्न<br>○ पालिकास्तरमा रहेका उद्योग तथा कलकारखानाको नाम पहिचान गर्न<br>○ स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरू पहिचान गर्न | ○ छिमेकीको परिवारका सदस्यले गर्ने मुख्य पेसा व्यवसाय<br>○ हाम्रा स्थानीय अन्न वालीहरु<br>○ हाम्रा स्थानीय तरकारीहरू<br>○ पालिकास्तरमा रहेका उद्योग तथा कलकारखानाको नाम<br>○ स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरू को चिनारी | ○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ स्थानीय पेशा र व्यवसाय झल्काउने चित्र तथा भिडियो देखाएर, विद्यार्थीहरूलाई विभिन्न पेसा व्यवसाय गर्दै राखेको मानिसहरूको चित्र कोर्न लगाएर, कार्य स्थलमा भ्रमण गराएर, विद्यार्थीहरूको सहयोगमा स्थानीय पेसा र व्यवसायहरूको सूची तयार पार्ने र त्यस माथि छलफल चलाउने<br>○ स्थानीयस्तरमा पाईने अन्न बालीहरूको सूची बनाउने, अन्न बालीको चित्र बनाउन प्रोत्सहान गर्ने, खेतबारीमा भ्रमण गराउने<br>○ स्थानीय तरकारी बालीमा भ्रमण गराउने, तरकारीहरूको चित्र तथा भिडियो देखाउने<br>○ स्थानीय उद्योगहरूको भ्रमण गराउने, भिडियो तथा तस्विर देखाउने<br>○ स्थानीय घरेलु सामग्रीहरू कक्षामा बनाउने, चित्रहरू देखाउने, सामग्रीहरूको प्रदर्शन गराउने | ○ छिमेकीको परिवारका सदस्यले गर्ने मुख्य पेसा व्यवसाय सोधेर<br>○ हाम्रा स्थानीय अन्न बालीहरु पहिचान गर्न लगाएर<br>○ हाम्रा स्थानीय तरकारीहरू पहिचान गर्न लगाएर<br>○ पालिकास्तरमा रहेका उद्योग तथा कलकारखानाको नाम नाम र त्यसबाट उत्पादित वस्तुको नाम र प्रयोग सोधेर<br>○ स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरू पहिचान गर्न लगाएर |
| ५ | हाम्रो संस्कृति | ○ स्थानीय लोकगीत गाउँने अभ्यास गर्न<br>○ आफू र आफ्नो साथीले बोल्ने भाषाको जानकारी दिन | ○ स्थानीय लोकगीत गाउँने अभ्यास<br>○ आफू र आफ्नो साथीले बोल्ने भाषाको जानकारी<br>○ वडाभित्र बोलिने | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप | ○ गीत गाउने प्रतियोगीता बनाउने, समूहमा गीत गाउन प्रोत्साहन गर्ने, गीतका साथमा नाचको पनि अभ्यास गराउने, गीतको भिडियो देखाउने<br>○ आफू आफूले घरमा बोल्न भाषा सोधी सूची तयार छलफल गराउने, थारु, मगर तथा अन्य भाषा बोल्ने विद्यार्थीहरूलाई कुनै विषयमा बोल्न लगाउने, उनीहरूको | ○ स्थानीय लोकगीत गाएको अवलोकन गरेर<br>○ आफू र आफ्नो साथीले बोल्ने भाषामा सामान्य खाना, कपडा तथा सामग्रीलाई त्यस भाषामा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ○ वडाभित्र बोलिने भाषाहरूको चिनारी दिन<br>○ वडा भित्रका जातजाति ले लगाउने पोसाकहरू पहिचान गर्न<br>○ स्थानीय चाडपर्वका नाम बताउन<br>○ स्थानीय लोकगीतको पहिचान गर्न र गाउने सामान्य अभ्यास गर्न<br>○ स्थानीय लोकबाजाको सामान्य परिचय दिन | भाषाहरूको चिनारी<br>○ वडाभित्रका जातजातिले लगाउने पोसाकहरू<br>○ स्थानीय चाडपर्वको नाम<br>○ स्थानीय लोकगीतको पहिचान र गाउने सामान्य अभ्यास<br>○ स्थानीय लोकबाजाको सामान्य परिचय | ○ सिकाइ सिप | बोलचालको भाषामा केलाइ के भनिन्छ भनि छलफल गर्ने<br>○ पोसाक प्रदर्शनी गराउने, विभिन्न पोसाक लगाएर गीत तथा नृत्य कार्यक्रमको आयोजना गर्ने, पोसाकको चित्र बनाई त्यसमा रङ्ग भर्ने क्रियाकलाप गराउने<br>○ विभिन्न चाड पर्व सम्बन्धी गीत तथा नाचको आयोजना गराउने, चाडपर्वको नाटक गर्न लगाउने, चाडपर्वका फोटा तथा भिडियो प्रदर्शन गर्ने, चाड झल्काउने चित्र कोर्न प्रोत्साहन गर्ने<br>○ बबई क्षेत्रमा गाइने गीतहरू सुनाएर, स्थानीय गीत गाउने प्रतियोगिता गराएर, कक्षामा सामूहिक रूपमा लोक गीत गाएर, लोक गीतसँग सम्बन्धित नाँचहरू नचाएर, स्थानीय गीत गाउन सक्ने स्थानीयबासीहरूलाई विद्यालयमा निम्ता गरि उनीहरूको गीत सुनाएर<br>○ यस क्षेत्रमा प्रचलित स्थानीय बाजाहरु देखाउने तथा बजाउने व्यवस्था मिलाउने, फोटोहरु प्रदर्शन गराउने, बाजाहरूको चित्र कोर्न लगाउने, कुनै साङ्गितिक क्लबहरू भए त्यसको भ्रमण गराई बाजाहरूको पहिचान गराउने | के भनिन्छ भनि सोधेर<br>○ वडाभित्र बोलिने भाषाहरूको नाम सोधेर<br>○ वडाभित्रका जातजातिले लगाउने पोसाकहरूको नाम सोधेर<br>○ स्थानीय चाडपर्वको नाम भन्न लगाएर<br>○ स्थानीय लोकगीतको पहिचान र गाउने सामान्य अभ्यासको अवलोकन गरेर<br>○ स्थानीय लोकबाजाको सामान्य परिचय सोधेर |
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ○ गुरुहरू, छिमेकी तथा साथीहरूसँग घुलमिल र आदर गर्न<br>○ एक आपसमा सहयोग र सम्मानको व्यवहारको प्रदर्शन गर्न<br>○ परिवार तथा आफन्तसँग | ○ गुरुहरू, छिमेकी तथा साथीहरूसँग घुलमिल र आदर<br>○ एक आपसमा सहयोग र सम्मानको व्यवहारको प्रदर्शन<br>○ परिवार तथा आफन्तसँग | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ गुरु र चेलाको भूमिकामा अभिनय गराउने, गुरुलाई सम्मान गरेमा मात्र ज्ञान प्राप्त हुन्छ भन्ने नैतिक शिक्षा भएका कथाहरू सुनाउने, गुरु, छिमेकी तथा साथीहरूलाई प्रयोग गर्न सकिने आदर भाव भएका सम्वादहरू गर्न अभ्यास गर्ने, समूहमा मिलेर काम गर्दा हुने फाईदाहरू देखाउँदै कथाहरू भन्ने<br>○ विद्यार्थीहरूकाबीच सहयोगात्मक गतिविधि जस्तै | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सहयोग आदानप्रदान गर्न<br>○ असल आचरणहरूको पहिचान र पालना गर्न<br>○ ठुलालाई सम्मान, सानालाई माया र सहयोग गर्न<br>○ सामान्य व्यायाममा सहभागी बन्न | सहयोग आदानप्रदान<br>○ असल आचरणहरूको पहिचान र पालना<br>○ ठुलालाई सम्मान, सानालाई माया र सहयोग<br>○ योग, ध्यान, व्यायाम तथा मुद्रा चिकित्सा | | समूह परियोजना, सरसफाई कार्यक्रम आदि आयोजना गर्ने, एक विद्यार्थीलाई अर्को विद्यार्थीको भूमिकामा रहँदा के गर्नुहुन्थ्यो? भनि सहानुभूतिको खेल सिकाउने, आदर र सम्मानका उदाहरण सुनाउने<br>○ सहयोगको आदानप्रदानको आवश्यकता देखाउन सामूहिक सहयोग आवश्यक पर्ने खेलहरू खेलाउने, प्रेरणादायी कथाहरू सुनाउने<br>○ आमा बुवासँग छोरा छोरीले, शिक्षकसँग विद्यार्थीले, ठूलासँग सानाले तथा साथीसँग साथीले गर्ने आचरणको भूमिका निर्वाह गराउने, असल आचरण प्रर्दशन गर्दा हुने फाइदा देखाउँदै कथाहरु सुनाउने, कस्तो आचरणलाई असल आचरण हो भनि छलफल गराउने<br>○ सम्मान र सहयोग देखाउने चित्र कोर्न लगाउने, साना र ठुलाको भूमिकामा रोल प्ले गरि संवाद गर्न लगाउने, कथाहरू सुनाउने<br>○ योग तथा ध्यानको अभ्यास गराउने, स्थानीय योगका प्रशिक्षकहरूलाई निम्ता गरी उपयुक्त योग ध्यान सिकाउन लगाउने, सामान्यतया विद्यार्थीहरूलाई छिटो हिड्ने, शरिर हल्लाउने, उफ्रने जस्ता क्रियाकलाप गराउने, ध्यानका माध्यमबाट सकारात्मक सोच्न सक्ने अभ्यास गर्ने | ○ गुरुहरू, छिमेकी तथा साथीहरू सँग घुलमिल र आदर गरे नगरेको हेरेर<br>○ एक आपसमा सहयोग र सम्मानको व्यवहार गरे नगरेको हेरेर<br>○ परिवार तथा आफन्तसँग सहयोग आदानप्रदान गरे नगरेको अवलोकन गरेर<br>○ असल आचरणहरूको पहिचान र पालना गर्न<br>○ ठूलालाई सम्मान, सानालाई माया र सहयोग गरे नगरेको हेरेर<br>○ सामान्य व्यायममा सहभागी बने नबनेको हेरेर |
| ७ | सामाजिक दुर्व्यसन र विपद् व्यवस्थापन | ○ बबई गाउँपालिकामा हुन सक्ने प्रकोपहरूको पहिचान गर्न (हुरी बतास, सर्पको टोकाई, | ○ बबई गाउँपालिकामा हुन सक्ने प्रकोपहरूको पहिचान (हुरी बतास, सर्पको टोकाइ, सडक दुर्घटना, | ○ सिकाइ सिप<br>○ अवलोकन सिप<br>○ सञ्चार सिप<br>○ स्व व्यवस्थापन सिप | ○ स्थानीय स्तरमा भएका तथा हुन सक्ने प्रकोपहरुको फोटो वा भिडियो सहायताले तिनीहरुको पहिचान गराउने, विद्यार्थीको आसपासमा हुन सक्ने प्रकोपहरूको सूची निर्माण गर्ने, प्रकोप स्थलको भ्रमण गराउने, प्रकोप | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सडक दुर्घटना, नदीमाडुब्नु/बगाउनु, छतबाट खस्नु)<br>○ सडकमा हिड्ने तरिकाको जानकारी हुन<br>○ कृत्रिम घटना अभ्यास गर्न | नदीमाडुब्नु/बगाउनु, छतबाट खस्नु)<br>○ सडकमा हिड्ने तरिकाको जानकारी<br>○ कृत्रिम घटना अभ्यास | ○ सहयोग सिप<br>○ दृश्य साक्षरता सिप | पीडितको अनुभव सुनाउने, कुनै पनि प्रकोपबाट बाँच्ने उपायका योजना बनाउने<br>○ सडक पार गर्ने खेल खेलाउन, सडकमा यात्रुको रूपामा हिड्दा के कस्ता सावधानीहरू अपनाउन सकिन्छ भन्ने कुराको अभिमत विद्यार्थीहरूबाट ल्याउने र त्यस्ता उपायहरूको सूची बनाई छलफल गराउने, सडक सुरक्षा गीतहरू बनाएर गाउन लगाउने, सडक सुरक्षा देखाउने पोष्टर प्रदर्शन गर्ने, सामान्य ट्राफिक नियमहरूको जानकारी दिने<br>○ आफ्नो क्षेत्रमा हुन सक्ने विपद्हरूको कृत्रिम घटना अभ्यास गराउने जस्तै भुकम्प जादा, आगलागी हुदा, सडकबाट भाग्दा, हावाहुरी आउँदा के कस्ता सावधानी अपनाउन सकिन्छ भनि विद्यार्थीहरूलाई नक्कल गराउन | |

**कक्षा–३**

| क्र. स. | क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | बबईको चिनारी | ○ विद्यार्थीहरूले आफ्नो परिचय (नाम, ठाम र काम) बताउन<br>○ आफू बसोबास गरेको पालिकाको नाम र वडा नम्बर पहिचान गर्न<br>○ छिमेकी विद्यालयहरूको पहिचान गर्न | ○ मेरो परिचय<br>○ आफू बसोबास गरेको पालिकाको नाम र वडाहरु<br>○ छिमेकी विद्यालयहरु<br>○ दाङ जिल्लाको नक्सामा मेरो पालिका<br>○ बबई गाउँपालिका भित्रका मुख्य बजार, सडक, | ○ प्रश्नोत्तर सिप<br>○ सञ्चार सिप<br>○ अवलोकन सिप<br>○ छलफल सिप | ○ शिक्षकले आफ्नो नाम, ठाउँ र काम भनि विद्यार्थीलाई पनि पालै पालो भन्न लगाउने, ठेगाना बुझ्न सजिलो हुने खालका सरल गीतहरु बनाएर समूहमा गाउने, नक्साको सहायताले ठेगाना लेख्न लगाउने<br>○ आफ्नो पालिकाको नक्साको सहायताले पालिका र वडाहरूको बारेमा छलफल गर्ने, स्थानीय स्थानहरूको नाम सिकाउने, नक्सा बनाउन हौसला दिने, पालिका तथा वडाका प्रमुख स्थलहरूको भ्रमण गराउने<br>○ नक्साको प्रयोग गरि छिमेकी विद्यालयहरू रहेको स्थान, र यस विद्यालयको विशेषताहरु बताउने, पालिका वा | ○ विद्यार्थीहरूलाई उनीहरूको आफ्नो र साथीहरुको परिचय भन्न लगाएर<br>○ आफू बसोबास गरेको पालिकाको नाम र वडाहरूको नक्सा बनाउन लगाएर<br>○ छिमेकी विद्यालयहरुको नाम र कम्तीमा एउटा विशेषता सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ❍ बबई गाउँपालिका भित्रका मुख्य बजार, सडक नाम बताउन<br>❍ बबई गाउँपालिकाको भौगोलिक बनावटको सामान्य जानकारी दिन | ❍ बबई गाउँपालिकाको भौगोलिक बनावटको सामान्य जानकारी | | वडाको नक्सा बनाई विद्यालय रहेको स्थान देखाउने अभ्यास गर्न लगाउने, छिमेकी विद्यालयको भ्रमण गराई विद्यार्थीहरूसँग अन्तरक्रिया गर्ने<br>❍ दाङ जिल्लाको नक्साको सहायताले आफ्नो पालिकाको सिमाना र आसपासका पालिकाहरूका बारेमा छलफल गराउन, विद्यार्थीहरूलाई पालिकाको नक्सा बनाउन हौसला दिनुहोस्, बालबालिकाहरूलाई पालिका भित्र रहेका मुख्य स्थलका बारेमा जानकारी दिनुहोस्, पालिकाको इतिहास सरल भाषामा सुनाउनुहोस्<br>❍ बबई गाउँपालिकाको नक्सा अवलोकन गराउने र नक्सामा बजार र सडकहरू देखाउने, बच्चाहरूलाई मुख्य मुख्य बजार र सडकहरूको नक्सा बनाउने भन्नुहोस्, बजार र सडको भ्रमण गराउने, बजार र सडकहरूको नाम स्मरण गराउने अभ्यास गराउनुहोस्, विद्यार्थीहरूलाई समूहमा बबई गाउँपालिकाको प्रमुख बजार तथा सडकहरूका बारेमा छलफल गराउनुहोस्<br>❍ बबई गाउँपालिकाको नक्सा अध्ययन गर्न लगाउने र यसका आधारमा उनीहरूलाई बबई गाउँपालिकाको नक्सा बनाई यहाँ रहेका पहाड, खोला, जङ्गल आदिका समेत चित्रण गर्न लगाउने, पालिकाको उचो स्थान लगेर विद्यार्थीहरूलाई पालिकाको सबै स्थानको अवलोकन गराउने | ❍ आफ्नो पालिकाको नाम, वडाहरू, पालिकाको सिमाना तथा छिमेकी पालिकाहरूको नाम सोधेर<br>❍ बबई गाउँपालिकाभित्रका मुख्य बजार, सडकहरूको छोटकरी परिचय सोधेर<br>❍ बबई गाउँपालिकाको भौगोलिक बनावटको सामान्य जानकारी सोधेर |
| २ | हाम्रा सम्पदाहरु | ❍ आफ्नो वडाभित्र रहेका प्राकृतिक सम्पदाहरू– झरना, लेक, वनजङ्गल, खोलानाला, नदी, ढुङ्गा, | ❍ आफ्नो वडाभित्र रहेका प्राकृतिक सम्पदाहरु– झरना, लेक, वनजङ्गल, खोलानाला, नदी, ढुङ्गा, | ❍ अवलोकन सिप<br>❍ प्रश्नोत्तर सिप<br>❍ सिकाई सिप<br>❍ तुलना गर्ने सिप | ❍ वडाभित्रका प्राकृतिक सम्पदाहरुको फोटो तथा भिडियो प्रयोग गर्ने, सम्पदाहरूको चित्र बनाउन लगाउने, सूची बनाउन लगाउने र छलफल गर्ने, हाईकिङ तथा क्षेत्र भ्रमण गराउने | ❍ आफ्नो वडाभित्र रहेका प्राकृतिक सम्पदाहरूको परिचय सोधेर<br>❍ धागे छहराको सामान्य |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | माटाहरुको सामान्य परिचय दिन<br>❍ धागे छहराको सामान्य परिचय र महत्व बताउन<br>❍ बबई गाउँपालिक भित्रका पर्यटकीय स्थलहरूको सामान्य परिचय दिन<br>❍ बबई गाउँपालिकाभित्र रहेका धार्मिक सम्पादहरू गौरीशंकर शिवालय, चिसापानी शिव मन्दिर, देवीटाकुरा दुर्गा मन्दिर सुपारे, रामपुरकोट, देवी मन्दिर, घट्टेखोला दुर्गादेवी मन्दिर, हापुरे शिव मन्दिर, विभिन्न चर्चहरू, कालिमाटी मन्दिरहरूको सामान्य परिचय दिन | माटाहरूको सामान्य परिचय<br>❍ धागे छहराको सामान्य परिचय र महत्व<br>❍ बबई गाउँपालिकभित्रका पर्यटकीय स्थलहरूको सामान्य परिचय<br>❍ बबई गाउँपालिकाभित्र रहेका धार्मिक सम्पदहरू– गौरीशंकर शिवालय, चिसापानी शिव मन्दिर, देवीटाकुरा दुर्गा मन्दिर सुपारे, रामपुरकोट, देवी मन्दिर, घट्टेखोला दुर्गादेवी मन्दिर, हापुरे शिव मन्दिर, विभिन्न चर्चहरू, कालीमाटी मन्दिरहरूको सामान्य परिचय | ❍ पहिचान सिप | ❍ धाँगे छहराको चित्र वा भिडियो प्रदर्शन गर्ने, अवलोकन भ्रमण गराउने, धागे छहराको चित्र बनाउन लगाउने, विद्यार्थीको समूह बनाएर यसको संरक्षण गर्ने तरिका बारे छलफल गराउने<br>❍ बबई गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको भिडियो तथा चित्र प्रदर्शन गराउने, ती प्रर्यटकीय स्थलमा विद्यार्थीहरूलाई क्षेत्र भ्रमण गराउने, बबई गाउँपालिकाभित्र पर्ने मुख्य मुख्य पयटकीय स्थलहरूको चित्र बनाउन लगाउने,<br>❍ बबई गाउँपालिकाभित्र रहेका धार्मिक स्थलहरूको भिडियो तथा चित्र प्रदर्शन गराउने, ती धार्मिक स्थलमा विद्यार्थीहरूलाई क्षेत्र भ्रमण गराउने, बबई गाउँपालिका भित्र पर्ने मुख्य मुख्य पयटकीय स्थलहरूको चित्र बनाउन लगाउने, | परिचय र महत्व बताउन लगाएर<br>❍ बबई गाउँपालिक भित्रका पर्यटकिय स्थलहरूको सामान्य परिचय भन्न लगाएर<br>❍ बबई गाउँपालिकाभित्र रहेका धार्मिक सम्पदहरूको सामान्य परिचय सोधेर |
| ३ | हाम्रो वातावरण र कर्तव्य | ❍ गाउँपालिका क्षेत्रभित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको पहिचान गर्न<br>❍ घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता जनाउन | ❍ गाउँपालिका क्षेत्रभित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको पहिचान<br>❍ घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता<br>❍ स्थानीयस्तरमा पाइने जडिबुटीको परिचय | ❍ अवलोकन सिप<br>❍ प्रश्नोत्तर सिप<br>❍ सिकाइ सिप<br>❍ तुलना गर्ने सिप<br>❍ वातावरणप्रतिको सजकता र सम्मान सिप | ❍ विद्यार्थीहरूलाई स्थानीय चरा तथा जनावरहरूको चित्र बनाउन लगाउनुहोस, चरा तथा जनावरहरूको आवाज सुनाएर ती चराहरू तथा जनावरहरूको पहिचान गर्ने अभ्यास गराउनुहोस्, विद्यार्थीहरूलाई घर तथा विद्यालयको सेरोफेरोमा गई आफूले देखेको चरा तथा जनावरहरूको नामको सूची बनाउन लगाउने, स्थानीय स्तरमा पाइने चरा तथा जनावरहरूको फोटो देखाएर | ❍ गाउँपालिका क्षेत्रभित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको नाम र विशेषताहरु सोधेर<br>❍ घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ○ स्थानीयस्तरमा पाईने जडिबुटीको परिचय दिन<br>○ वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान गर्न<br>○ विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) गर्न<br>○ घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न<br>○ घर र विद्यालयमा पानीका स्रोतहरूको उपयोग गर्ने तरिका र सदुपयोग बताउन | ○ वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान<br>○ विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल)<br>○ घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह<br>○ घर र विद्यालयमा पानीका स्रोतहरूको उपयोग गर्ने तरिका र सदुपयोग | ○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप | ○ घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाईमा विद्यार्थीहरूलाई पनि सहभागी बनाउने वा विद्यार्थीहरूलाई सावधानी पूर्वक शिक्षकको सहभागितामा सहभागी बनाउने, फोहोर जम्मा गर्ने खेल खेलाउने सफा घर, छरछिमेक, विद्यालय तथा समुदायको काल्पनिक चित्र वनाउन प्रोत्साहन गर्ने<br>○ स्थानीय जडीबुटीहरूको चित्र बनाउने वा स्थानीय जडीबुटीको फोटो तथा भिडियो प्रदर्शन गर्ने, जडीबुटीहरूको स्वाद र गन्धको परिक्षण गराउने, जडीबुटीहरूको उपयोगका बारेमा समूहमा छलफल गराउने, घर तथा विद्यालयमा जडीबुटीहरूको बिरुवा लगाउन, मल जल गर्न उनीहरूलाई सहभागि बनाउने<br>○ वरपरको वातावरण सफा भएको पोष्टर पम्पलेट प्रयोग गरी वातावरणका बारेमा छलफल गराउने<br>○ कक्षाकोठा र कक्षाकोठा बाहिर विद्यालय हाता भित्र रहेको फोहोर जम्मा गर्न विद्यार्थीहरुलाई सहभागी बनाउने र जम्मा भएको फोहोरलाई कुहिनेलाई हरियो बाल्टी र नकुहिनेलाई रातो बाल्टीमा राख्न अभ्यास गराउने, तरल फोहोरलाई ढल निकास बनाएर व्यवस्थापन गरेको देखाउने<br>○ बगैंचा निर्माण र यसको हेरचाह गर्नका लागि बालबालिकाको सहभागितामा बगैंचा निर्माण तथा बगैंचामा फूल तथा बोटहरू लगाउनु पर्दछ, बगैंचामा पानी सिँचाई गर्न लगाउने, नजिकैको विद्यालय तथा पार्कहरूमा बगैंचा भए अवलोकन भ्रमण गराउने<br>○ पानीका स्रोतहरूको प्रत्येक्ष अवलोकन गराउने र पानी | अवलोकन गरेर<br>○ स्थानीय स्तरमा पाईने जडिबुटीको परिचय सोधेर<br>○ वरपरको वातावरण सफा राख्ने उपायहरू सोधेर<br>○ विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) गरे नगरेको सोधेर<br>○ घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गरे नगरेको हेरेर<br>○ घर र विद्यालयमा पानीका स्रोतहरूको उपयोग गर्ने तरिका र सदुपयोग गर्ने तरिका सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | नभएमा हुन सक्ने समस्याहरुको बारेमा छलफल गराउने | |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | ○ खेतीपातीमा प्रयोग हुने औजारहरूको नाम र प्रयोग तरिका बताउन<br>○ घर तथा विद्यालयस्तरमा उत्पादन हुने तरकारी, अन्नबाली, नगदेबाली, फलफूल खेती कार्यमा सहभागि हुन<br>○ स्थानीयस्तरमा उत्पादन हुने मौसम अनुसारको तरकारी र फलफूल पहिचान गर्न<br>○ गाउँटोलमा प्रचलित हस्तकलाका सामग्रीहरू पहिचान गर्न<br>○ स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरूको परिचय दिन | ○ खेतीपातीमा प्रयोग हुने औजारहरूको नाम र प्रयोग गर्ने तरिका<br>○ घर तथा विद्यालयस्तरमा उत्पादन हुने तरकारी, अन्नबाली, नगदेबाली, फलफूल खेतीमा सहयोग<br>○ स्थानीयस्तरमा उत्पादन हुने मौसम अनुसारको तरकारी र फलफूल पहिचान र तिनको महत्व<br>○ गाउँटोलमा प्रचलित हस्तकलाका सामग्रीहरू पहिचान<br>○ स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरूको परिचय, | ○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ वास्तविक औजार वा भिडियो वा तस्विरहरु देखाएर त्यसको पहिचान गर्ने अभ्यास गराउने, यसका साथै औजारको उपयोगिता पनि बताउने, समुहमा औजार प्रयोग गर्न अभ्यास गराउने,<br>○ बगैंचा तथा बाली खेतको भ्रमण गराएर विभिन्न तरकारी, अन्नबाली, फलफूल देखाउने, विद्यार्थीहरूलाई बाली रोप्न वा मलजल गर्ने काममा सहभागी हुन प्रोत्साहन गर्ने, विभिन्न अन्नबाली, तरकारी, फलफूलहरूको चित्र बनाउन लगाउने<br>○ बगैंचा तथा बाली खेतको भ्रमण गराएर विभिन्न तरकारी, अन्नबाली, फलफूल देखाउने, विद्यार्थीहरूलाई बाली रोप्न वा मलजल गर्ने काममा सहभागी हुन प्रोत्साहन गर्ने, विभिन्न अन्नबाली, तरकारी, फलफूलहरूको चित्र बनाउन लगाउने, यसको महत्वका बारेमा समूहमा छलफल गर्न सिकाउने<br>○ स्थानीयस्तरमा उत्पादित हस्तकला देखाएर नाम र उद्देश्यका बारेमा जानकारी दिने, हस्तकलाहरूको चित्र बनाउन लगाउने<br>○ विद्यार्थीहरूलाई विभिन्न घरेलु सामग्री देखाउने जस्तै माटाको भाँडा, हस्त निर्मित चप्पल वा परम्परागत कपडा, सामग्री पहिचान खेल खेलाउने, त्यस्ता स्थानीय प्रविधिबाट निर्मित सामग्रीहरूको चित्र बनाउन लगाउने | ○ खेतीपातीमा प्रयोग हुने औजारहरू को नाम र प्रयोग गर्ने तरिका सोधेर<br>○ घर तथा विद्यालयस्तरमा उत्पादन हुने तरकारी, अन्नबाली, नगदेबाली, फलफूल खेतीमा सहयोग गर्न लगाएर<br>○ स्थानीयस्तरमा उत्पादन हुने मौसम अनुसारको तरकारी र फलफूल पहिचान र तिनको महत्व सोधेर<br>○ गाउँटोलमा प्रचलित हस्तकलाका सामग्रीहरू पहिचान गर्न लगाएर<br>○ स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरूको परिचय सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हाम्रो संस्कृति | ○ थारु जातिले प्रयोग गर्ने परम्परागत सामग्रीहरूको पहिचान गर्न<br>○ पालिकाभित्र मनाइने चाडपर्वहरू ती चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलापहरू बताउन<br>○ स्थानीय चाडपर्वमा प्रयोग गरिने परिकाको नाम बताउन<br>○ थारु र मगर जातिले मनाउने पर्वहरू बताउन<br>○ स्थानीय लोक गीत र बालगीत गाउने अभ्यास गर्न<br>○ लोकबाजा बजाउने अभ्यास गर्न<br>○ स्थानीय लोकनृत्यको पहिचान र अभ्यास गर्न | ○ थारु जातिले प्रयोग गर्ने परम्परागत सामग्रीहरु<br>○ पालिकाभित्र मनाइने चाडपर्वहरू ती चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलापहरू<br>○ स्थानीय चाडपर्वमा प्रयोग गरिने परिकारको नाम<br>○ थारु र मगर जातिले मनाउने पर्वहरु<br>○ स्थानीय लोक गीत र बालगीत गाउने अभ्यास<br>○ लोकबाजा बजाउने अभ्यास<br>○ स्थानीय लोकनृत्यको पहिचान र अभ्यास | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ थारू समुदायका बसोबास रहेका भ्रमण गराई उनीहरुले प्रयोग गर्ने परमपरागत सामग्रीहरु देखाउने, थारु सङ्ग्राहलयको भ्रमण गराउने, त्यस्तसामग्रीको चित्र बनाउन लगाउने<br>○ विद्यार्थीहरूबाट उनीहरुले मनाउने पर्व र गरीने क्रियाकलापहरू सोधेर बोर्डमा सूची बनाउने, चित्र तथा भिडियोको प्रयोग गर्ने, विभिन्न चाडपर्व आए सँगै विद्यालयमा पनि मनाउने जस्मा पहिरन र खानाको पहिचान गराउने, चाडपर्वको चित्र बनाउन लगाउने<br>○ विभिन्न चाडपर्वमा खाइने खानाहरूको सूची बनाएर कक्षामा छलफल गराउने<br>○ थारु जातिले मनाउने मुख्य चाड माघे सक्रान्तीको अवलोकन वा विद्यालयमै थारु नाच, थारु परिकारको प्रर्दशन गराउने, थारु सङ्ग्रालयको भ्रमण गराउने, थारु पर्व सम्बन्धी नाँच वा परिकारहरूको चित्र बनाउन लगाउन, मगरहरूको मुख्य पर्वको संस्कृति तथा परिकारहरूको अवलोकन तथा चित्र बनाउन लगाउने<br>○ स्थानीयस्तरमा परम्परागत रुपमा गाईने गीतहरूलाई युटुभ भिडियो सहायताले कक्षामा सामूहिक रूपमा गाउन लगाउने, स्थानीय जेष्ठ नागरिकहरूलाई विद्यालयमा निम्ता गरि गीत सुनाउन लगाउने, विद्यालयमा सांस्कृतिक कार्यक्रमको आयोजना गरि परम्परागत बाजा तथा गीतहरूको प्राथमिकतामा विद्यार्थीहरूलाई सहभागी बनाउने<br>○ कक्षाकोठामा लोक बाजा बजाउने वातावरण मिलाउने, लोक बाजाहरूको फोटो भिडियो प्रर्दशन गराउने, बाजाहरूको चित्र बनाउन लगाउने | ○ थारु जातीले प्रयोग गर्ने परमपरागत सामग्रीहरूको नाम र विशेषताहरू सोधेर<br>○ पालिकाभित्र मनाइने चाडपर्वहरू ती चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलापहरू सोधेर<br>○ स्थानीय चाडपर्वमा प्रयोग गरिने परिकारको नाम सोधेर<br>○ थारु र मगर जातिले मनाउने पर्वहरूको नाम र मुख्य मुख्य क्रियाकलापहरू सोधेर<br>○ स्थानीय लोक गीत र बालगीत गाउने अभ्यासको अवलोकन गरेर<br>○ लोकबाजा बजाउने अभ्यास गर्न लगाएर<br>○ स्थानीय लोकनृत्यको पहिचान र अभ्यासको अवलोकन गर्न लगाएर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | ○ स्थानीय लोक नुत्यको कार्यक्रम आयोजना गराउने, कक्षामा लोक बाजा, लोक गीत र लोक नृत्यको संगम निर्माण गर्ने कार्यमा विद्यार्थीको सहभागी बनाउने | |
| | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ○ स्वस्थ खानपान र सरसफाईका बारेमा जानकार हुन<br>○ घर तथा परिवारमा सामूहिक कार्यमा संलग्न हुन<br>○ अपाङ्गता, असहाय तथा जेष्ठ नागरिकलाई सम्मान र सहयोग गर्न<br>○ साथी तथा आफन्तसँग सहयोग आदान प्रदान गर्न<br>○ घर तथा विद्यालयमा पालन गर्नुपर्ने अनुशासन, आचरण र व्यवहार प्रर्दशन गर्न<br>○ सामान्य व्यायममा सहभागी हुन | ○ स्वस्थ खानपान र सरसफाई<br>○ घर तथा परिवारमा सामुहिक कार्यमाा संलग्न<br>○ अपाङ्गता, असहाय तथा जेष्ठ नागरिकलाई सम्मान र सहयोग<br>○ साथी तथा आफन्तसँग सहयोग आदान प्रदान<br>○ घर तथा विद्यालयमा पालन गर्नुपर्ने अनुशासन, आचरण र व्यवहार<br>○ योग, ध्यान, व्यायाम तथा मुद्रा चिकित्सा | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाई सिप | ○ स्वस्थ खानपान र सरसफाई सम्बन्धी चित्र तथा भिडियो देखाएर यसका फाईदा बताउने जस्तै हरियो सागपात, फलफूल र पानीको महत्व, विद्यार्थीहरूलाई हात धुने, नङ काट्ने, दात माभ्ने, कपडा धुने, नुहाउने अभ्यास गराउने<br>○ सामूहिक कार्यको महत्व बुझाउन परिवारमा हुने कार्यहरु खाना पकाउने, सफा गर्ने, बच्चाको हेरचाह गर्ने आदि काम कसले गर्न सक्छ भनि सोध्ने, बच्चालाई विभिन्न अभिनयमा खेल्न लगाउने जस्तै आमाले भात पकाएको, बाबाले सामान ल्याउन गएको आदि<br>○ विद्यार्थीहरुलाई भूमिका दिएर खेल खेल्न लगाउने जस्तै बसमा अपाङ्गता, असहाय तथा जेष्ठ नागरिक आएमा आफू बसेको सिटमा बसेको, अपाङ्गता, असहाय तथा जेष्ठ नागरिकलाई गरिने सहयोगको महत्व बताउने, उनीहरूको सम्मान जनाउने प्लेकार्ड लेखेर प्रदर्शन गर्ने<br>○ सामुहिक काम गर्ने क्रममा एकले अर्काको कक्षा कार्यमा सहयोग गर्न प्रेरित गर्ने, एकले अर्कालाई सहयोग गर्दा हुने फाईदाका बारेमा कक्षामा चर्चा गर्ने<br>○ घर तथा विद्यालयमा पालन गर्नुपर्ने अनुशासन, आचरण र व्यवहारको महत्व बुझाउने जस्तै बेलैमा विद्यालय जाने, सफा र घरमै बनेका खाने कुराहरू खाने, साथीलाई सहयोग र सम्मान गर्ने, कक्षामा ध्यान दिनु, घर तथा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | विद्यालयमा पालन गर्नुपर्ने अनुशासन, आचरण र व्यवहारहरुको भूमिका दिएर भूमिका खेल्न लगाउने<br>○ विद्यार्थीहरुलाई सरल योगहरु जस्तै पर्वत आसन, भुजङ्ग आसन, वृक्षा आसन आदि, उनीहरूका लागि सामान्य र छोटो समयका लागि ध्यान सिकाउन शान्त स्थानको चयन गरि आँखा बन्द गरेर, लामो सास लिने, सासमा ध्यान दिने जस्ता क्रियाकलाप गराउने, मुद्रा चिकित्सा जस्तै प्राण मुद्रा, गरिमा मुद्रा आदिको अभ्यास गराउने, सकारात्मक सोचको विकासका लागि सकारात्मक वाक्य निर्माण गरि साथीहरुका बीच सेयर गर्न लगाउने | |
| ७ | सामाजिक दुर्व्यसन र विपद् व्यवस्थापन | ○ विपद्को परिचय दिन<br>○ विद्यालय भित्रका वस्तुहरुबाट हुने जोखिमहरु जस्तै छत, बिजुली, भऱ्याङ, चिप्लेटी, पिङ, झ्याल, ढोका, खेल सामग्री, फर्निचर, शौचालय आदिको पहिचान गर्न र सावधानी हुन<br>○ कृत्रिम घटना अभ्यास गर्न | ○ विपद्को परिचय<br>○ विद्यालय भित्रका वस्तुहरुबाट हुने जोखिमहरू जस्तै छत, बिजुली, भऱ्याङ, चिप्लेटी, पिङ, झयाल, ढोका, खेल सामग्री, फर्निचर, शौचालय आदिको पहिचान र सावधानी<br>○ कृत्रिम घटना अभ्यास | ○ सिकाइ सिप<br>○ अवलोकन सिप<br>○ सञ्चार सिप<br>○ स्व व्यवस्थापन सिप<br>○ सहयोग सिप<br>○ दृश्य साक्षरता सिप | ○ स्थानीयस्तरमा हुने विपद्हरुको सूची बनाई तिनीहरु माथि छलफल चलाउने, विपदका सयममा अपनाउने सावधानीहरुलाई कक्षामा सिमुलेसन गरेर देखाउने,<br>○ विद्यालयभित्र हुने जोखिमहरु स्वयम् विद्यार्थीहरुलाई भन्न लगाउने र यसबाट स्थानीय जोखिमहरुको सूची तयार पार्ने, छत, बिजुली, भऱ्याङ, चिप्लेटी, पिङ, झ्याल, ढोका, खेल सामग्री, फर्निचर, शौचालय आदिमा हुने जोखिम कम गर्न के गर्न सकिन्छ भनि विद्यार्थीहरूलाई भूमिका खेल्न लगाउने<br>○ सङ्कटको परिदृश्य निर्माण गरेर त्यसमा गर्न सकिने उपाय सोध्ने जस्तै कक्षामा अचानक बाढी पस्यो भने तपाई के गर्नुहुन्छ ?तपाईलाई कसैले दुःख दिएको छ भने के गर्नुहुन्छ ? खोलामा बाँढी आएको भए के गर्नुहुन्छ ? आदि | ○ विपद्को परिचय सोधेर<br>○ विद्यालय भित्रका वस्तुहरुबाट हुने जोखिमहरू र बच्ने उपाय सोधेर<br>○ कृत्रिम घटना अभ्यासको अवलोकन गराएर |

| क्र.स. | क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | बबईको चिनारी | ○ बबई गाउँपालिकाको भौगोलिक अवस्थाको पहिचान गर्न<br>○ बबई गाउँपालिकाको सिमाना र क्षेत्रफल बताउन<br>○ गाउँपालिका भित्रका प्रमुख बजारहरूको परिचय दिन<br>○ आफ्नो वडामा प्रवाह हुने सेवाहरू बताउन<br>○ दाङ जिल्लाको नक्सामा बबई गाउँपालिकाको पहिचान गर्न<br>○ बबई गाउँपालिकामा रहेका वनजङ्गल र खोलानालाहरूको जानकारी लिन<br>○ व्यक्तिगत घट्ना दर्ताको परिचय दिन | ○ बबई गाउँपालिकाको भौगोलिक अवस्थाको पहिचान<br>○ बबई गाउँपालिकाको सिमाना र क्षेत्रफल<br>○ गाउँपालिका भित्रका प्रमुख बजारहरू<br>○ आफ्नो वडामा प्रवाह हुने सेवाहरु<br>○ दाङ जिल्लाको नक्सामा बबई गाउँपालिकाको पहिचान<br>○ बबई गाउँपालिकामा रहेका वनजङ्गल र खोलानालाहरू<br>○ व्यक्तिगत घट्ना दर्ताको परिचय | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाई सिप<br>○ तुलना गर्ने सिप<br>○ पहिचान सिप | ○ बबई गाउँपालिकाको नक्सा अध्ययन गराउने, नक्सा बनाउन लगाउने, स्थानीय प्राकृतिक स्थलहरू जस्तै नदी, पहाड आदिको भ्रमण गराउने<br>○ पालिकाको नक्साको अध्ययन गराउने, चारैतिरको सिमाना सहितको नक्सा बनाउन लगाउने, विद्यार्थीहरूलाई बबई गाउँपालिकाको भ्रमण गराउने, बबई गाउँपालिकाको सिमाना र क्षेत्रफलसँग सम्बन्धित तथ्यहरु जस्तै जनसङ्ख्या, कृषि, वातावरण सम्बन्धित अनुसन्धान गरि प्रस्तुत गर्न लगाउने<br>○ बबई गाउँपालिकाका प्रमुख बजारहरूको भ्रमण गराउने, बबईको नक्साको अवलोकन गराउने र प्रमुख बजारको लोकेसन देखाउन लगाउने<br>○ वडाबाट प्राप्त हुने सेवाहरू जस्तै स्वास्थ्य सेवा, शिक्षा सेवा, जलआपूर्ति सेवा, यातायात सेवाका जस्ता क्षेत्रमा के कस्ता सेवाहरू प्राप्त हुन्छन् भनि छलफल गराएर सूची तयार गर्ने<br>○ दाङ जिल्लाको नक्सामा बबई गाउँपालिकाको अध्ययन गराउने, बबई गाउपालिकाको चित्र बनाउन लगाउने,<br>○ नक्सामा वनजङ्गल र खोलानालाहरु देखाउने अभ्यास गर्ने,<br>○ विद्यार्थीहरूलाई पालिकाको भ्रमण गराई पञ्जीकरण शाखामा रहेका आधिकारिक व्यक्तिहरूसँग व्यक्तिगत घटनाका बारेमा छलफल गर्ने | ○ बबई गाउँपालिकाको भौगोलिक अवस्थाको प्रश्नहरु सोधेर<br>○ बबई गाउँपालिकाको सिमाना र क्षेत्रफल सोधेर<br>○ गाउँपालिकाभित्रका प्रमुख बजारहरू नाम र विगत र वर्तमान सोधेर<br>○ आफ्नो वडामा प्रवाह हुने सेवाहरुको नाम तथा लिने तरिका सोधेर<br>○ दाङ जिल्लाको नक्सामा बबई गाउँपालिकाको पहिचान गरे नगरेको हेरेर<br>○ बबई गाउँपालिकामा रहेका वनजङ्गल र खोलानालाहरू सम्बन्धित प्रश्नहरु गरेर<br>○ व्यक्तिगत घट्ना दर्ताको परिचय सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | हाम्रा सम्पदाहरु | ❍ स्थानीयस्तरमा घुम्न लायक ठाउँहरूको नाम र महत्व बताउन<br>❍ हाम्रा प्राकृतिक सम्पदाहरू – जमिन, वनजङ्गल, खोलानाला, ताल, पोखरीहरूको परिचय दिन र महत्व बताउन<br>❍ बबई गाउँपालिकामा अवस्थित प्रमुख धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सम्पदाहरूको सामान्य परिचय दिन | ❍ स्थानीय स्तरमा घुम्न लायक ठाउँहरु<br>❍ हाम्रा प्राकृतिक सम्पदाहरू – जमिन, वनजङ्गल, खोलानाला, ताल, पोखरीहरूको परिचय र महत्व<br>❍ बबई गाउँपालिकामा अवस्थित प्रमुख धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सम्पदाहरूको सामान्य परिचय | ❍ अवलोकन सिप<br>❍ प्रश्नोत्तर सिप<br>❍ सिकाइ सिप<br>❍ तुलना गर्ने सिप<br>❍ वातावरण प्रतिको<br>❍ सजकता र सम्मान सिप<br>❍ पहिचान सिप<br>❍ प्रयोग सिप<br>❍ सहकार्य सिप<br>❍ सहयोग सिप<br>❍ सञ्चार सिप | ❍ स्थानीय ऐतिहासिक, सांस्कृतिक वा प्राकृतिक स्थलहरूका बारेमा फोटो तथा भिडियोको सहायताले कक्षामा छलफल गराउने, सम्भव भएसम्म स्थानीय घुम्नलायक स्थलहरूको भ्रमण गराई त्यहाँको इतिहास र विशेषताहरू खोज्न लगाउने<br>❍ बबई गाउँपालिकामा रहेका प्राकृतिक सम्पदाहरूको भ्रमण गराउने, ती सम्पदाहरूको चित्र कोर्न लगाउने, महत्वलाई छुट्टा छुट्टै सूची तयार गर्न लगाउने<br>❍ बबई गाउँपालिकामा अवस्थित प्रमुख धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा झल्काउने पोष्टर तथा पम्पलेट वा फोटो वा भिडियोको सहायताले कक्षामा छलफल गराउने, त्यस्ता स्थलहरुको भ्रमण गराई तिनीहरूको इतिहास र विशेषताहरू सङ्कलन गर्न लगाउने, त्यस्ता स्थलहरूको चित्र बनाउन लगाउने | ❍ स्थानीय स्तरमा घुम्न लायक ठाउँहरुको नाम, तिनीहरुको ईतिहास र विशेषता सोधेर<br>❍ हाम्रा प्रकृतिक सम्पदाहरुको सामान्य परिचय सोधेर<br>❍ बबई गाउँपालिकामा अवस्थित प्रमुख धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सम्पदाहरूको सामान्य परिचय सोधेर |
| ३ | हाम्रो वातावरण र कर्तव्य | ❍ स्थानीय वनमा पाइने वन्यजन्तु र चराहरूको परिचय दिन, महत्व बताउन र संरक्षणको उपाय बताउन<br>❍ विद्यालयमा बाल बगैँचा निर्माण र वृक्षरोपणमा सहभागी बन्न<br>❍ वातावरण र विकासको परिचय दिन<br>❍ बबईमा भएको पानीका स्रोतहरूको परिचय दिन | ❍ स्थानीय वनमा पाइने वन्यजन्तु र चराहरु<br>❍ विद्यालयमा बाल बगैंचा निर्माण र वृक्षरोपणमा सहभागी<br>❍ वातावरण र विकासको परिचय<br>❍ बबईमा भएको पानीका स्रोतहरूको परिचय र उपयोग<br>❍ फोहोर मैलाको वर्गीकरण र व्यवस्थापन | ❍ पहिचान सिप<br>❍ प्रयोग सिप<br>❍ सहकार्य सिप<br>❍ सहयोग सिप<br>❍ सञ्चार सिप<br>❍ सिकाइ सिप | ❍ बबई गाउँपालिकाको स्थानीय वनमा पाइने वन्यजन्तु र चराहरूको सूची गराउन लगाउन र यस कार्यका लागि शिक्षकले विद्यार्थीहरूलाई आवश्यक सहयोग गर्नु पर्दछ, स्थानीय चरा तथा जनावरहरूको फोटो मार्फत विद्यार्थीहरूलाई तिनीहरुको नाम र सामान्य विशेषताहरूको पहिचान गर्ने अभ्यास गराउने, त्यस्ता चरा तथा वन्यजन्तुको चित्र कोर्न लगाउने, समूहमा ती स्थानीय चराहरू तथा वन्यजन्तुहरूको महत्व माथि छलफल गर्ने,<br>❍ कुनै पनि छिमेकी विद्यालयमा तथा पार्कहरुमा भएको बाल बगैँचा भ्रमण गराउने, आफ्नो विद्यालयमा बाल बगैँचाको निर्माण गराउने र उक्त कार्य गर्दा | ❍ स्थानीय वनमा पाइने वन्यजन्तु र चराहरू नाम सोधेर<br>❍ विद्यालयमा बाल बगैंचा निर्माण र वृक्षरोपणमा सहभागिताको अवलोकन गरेर<br>❍ वातावरण र विकासको परिचय सोधेर<br>❍ बबईमा भएको पानीका स्रोतहरुको परिचय र उपयोग सम्बन्धी प्रश्न |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | र उपयोग गर्ने तरिका बताउन<br>○ फोहोर मैलाका वर्गीकरण गर्न र व्यवस्थापन बताउन<br>○ वडाको वनमा पाइने औषधीजन्य वनस्पतिहरूको पहिचान गर्न | ○ वडाको वनमा पाईने औषधीजन्य वनस्पतिहरूको पहिचान | | बालबालिकाहरूलाई सहभागिता गराउने, काल्पनिक बगैँचाको चित्र बनाउन लगाउने<br>○ प्राकृतिक अवयवहरू जस्तै पानी, हावा, माटो र वनस्पतिहरूको परिचय र महत्व बुझाउन यसका बारेमा सोध्ने वा सोच्न लगाउने, विद्यार्थीहरूलाई स्थानीय विकास निर्माण भएको स्थलमा लागि विकास र वातावरणको सम्बन्धलाई देखाइदिने<br>○ बबई गाउँपालिकामा रहेका पानीका स्रोतहरू जस्तै नदी, ताल, पोखरी, जलाशय, मुहानहरूका भ्रमण गराउने, पानीको प्रयोग गर्दा कसरी बचत गर्न सकिन्छ भन्ने बारेमा विद्यार्थीको प्रतिक्रिया लिने, यस्ता पानीका स्रोतको सरसफाइ गर्न के के गर्नु पर्ला भन्ने विषयमा कक्षामा छलफल गर्ने, पानीका स्रोतहरूको चित्र बनाउन प्रेरणा दिने<br>○ विद्यालयमा भएको फोहोर सङ्कलन गर्ने प्रतिस्पर्धा गराउने, यसरी जम्मा भएका फोहोरका कुहिने र नकुहिने फोहोरको पहिचान गराउने, उक्त फोहोर मध्य कुहिने फोहोरलाई हरियो बाल्टी र नकुहिने फोहोरलाई रातो बाल्टीमा राख्ने अभ्यास गराउने<br>○ वडामा पाइने औषधीजन्य मुख्य मुख्य वनस्पतिहरू जस्तै नीम, रुदिलो, बेसार, अदुवा, तुलसीहरूको अवलोकन गराउने, विद्यार्थीहरूलाई आफ्नो घर वरपर पाइने औषधीजन्य वनस्पतिहरूको पात ल्याउन लगाएर पात हेरी वनस्पति चिनाउने, वनस्पतिको चित्र बनाउन लगाउने, कुन वनस्पति कुन रोगमा प्रयोग हुन्छ भनि छलफल गर्ने | सोधेर<br>○ फोहोर मैलाको वर्गीकरण र व्यवस्थापन गरे नगरेको अवलोकन गरेर<br>○ वडाको वनमा पाईने औषधीजन्य वनस्पतिहरूको पहिचान गरे नगरेको अवलोकन गरेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | स्थानीय पेसा, व्यवसाय र प्रविधि | ○ पेसाको वर्गीकरण (उत्पादन र सेवा मुलक) गर्न<br>○ स्थानीयस्तरमा निर्मित हस्तकलाका सामग्रीहरू (डोको, डालो, सुपो) को नाम, निर्माणका लागि आवश्यक सामग्री र प्रयोजन बताउन<br>○ स्थानीयस्तरमा पाइने तरकारी खेतीको पहिचान गर्न र परिचय गर्न<br>○ पशुपन्छी पालन (कुखुरा, बाख्रा, गाई, भैसी, बंगुर) गर्ने तरिका र महत्व बताउन<br>○ स्थानीय फलफूलहरूको परिचय, महत्व बताउन<br>○ प्राङ्गारिक मलको परिचय र प्रयोग बताउन<br>○ थारुजातिमा गरिने परम्परागत पेसाहरू परिचय दिन | ○ पेसाको वर्गीकरण– उत्पादन र सेवा मुलक<br>○ स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीहरू (नाम, आवश्यक सामग्री र प्रयोजन (डोको, डालो, सुपो)<br>○ स्थानीयस्तरमा पाइने तरकारी खेतीको पहिचान र परिचय<br>○ पशुपन्छी पालन (कुखुरा, बाख्रा, गाई, भैसी, बंगुर) गर्ने तरिका र महत्व<br>○ स्थानीय फलफूलहरु<br>○ प्राङ्गारिक मलको परिचय र प्रयोग<br>○ थारुजातिमा गरिने परमपरागत पेसाहरु | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ विद्यार्थीहरूको परिवार तथा नाता भित्रका मानिसहरू के कस्ता पेसामा संलग्न छन् भनि सोधेर सूची बनाउने र त्यस पछि त्यो पेसा उत्पादन गर्ने पेसा हो कि सेवा दिने पेसा हो भनि वर्गीकरण गर्ने अभ्यास गर्ने<br>○ स्थानीय सामग्रीको वस्तु देखाएर छलफल गर्ने, चित्र वा बुनेको भिडियो देखाउने, विद्यार्थीहरूलाई सुपो, डालो र डोकोको चित्र बनाउन लगाउने, यस्ता सामग्री बनाउने सामग्री, बनाउने तरिका र सामग्रीको उपयोग समेत छलफल गराउने, स्थानीय सामग्रीको महत्वका बारेमा समूहमा छलफल गरि समूहको धारण प्रस्तुत गर्न लगाउने<br>○ तरकारी बारीको अवलोकन भ्रमण गराउने, परम्परागत तरकारी र आधुनिक तरकारीका बारेमा अन्तर माथि छलफल गर्ने, स्थानीय तरकारीहरूको चित्र बनाउन लगाउने, हरियो तरकारीको महत्व माथि छलफल गर्ने<br>○ पशुपन्छी फामको अवलोकन गराउने, स्थानीय पशुपन्छीको चित्र बनाउन लगाउने, पशुपन्छी पालनको महत्वका बारेमा समूहमा छलफल गराउने,<br>○ स्थानीय स्तरमा पाइने फलफूलहरूको सूची निर्माण गर्ने, ती फलफूलहरूको तस्वीर तथा भिडियोहरू देखाउने, फलफूल बगैंचाको भ्रमण गराउने, फलफूलहरूको चित्र बनाउन लगाउने<br>○ गोबर मल भएको स्थानमा लगि मलखादको अवलोकन गराउनेहोस्, विद्यार्थीहरूलाई यसको गन्ध चिनाउनुहोस्, विद्यार्थीको सहभागितामा गोबरमललाई माटोमा मिसाएर माटोको रंङ अवलोकन गराउनुहोस, गोबर मलको प्रयोगबाट रासायनिक मलको प्रयोग कम हुन गै | ○ पेसाको वर्गीकरण गरे नगरेको हेरेर<br>○ स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीहरू चिन्न, निर्माण गर्ने सामग्री र तरिकाका बारेमा प्रश्न गरेर<br>○ स्थानीयस्तरमा पाइने तरकारी खेतीको पहिचान र परिचय गर्न लगाएर<br>○ पशुपन्छी पालन गर्ने तरिका र महत्व बताउन लगाएर<br>○ स्थानीय फलफूलहरूको परिचय सोधेर<br>○ प्राङ्गारिक मलको परिचय र प्रयोग सोधेर<br>○ थारुजातिमा गरिने परम्परागत पेसाहरूको नाम सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | वातावरण राम्रो हुने कुरा बताउनुहोस्, विद्यार्थीहरूलाई घरमा निस्कने तरकारीको फोहोर बढी भएको खाना, स्याउला आदिको प्रयोगबाट प्राङ्गारिक मल बनाउन सिकाउनुहोस्<br>○ थारु समुदायमा गएर थारु अग्रजहरूसँग थारु जातिले परम्परागत रूपमा गर्दै आएको पेसाको बारेमा प्रश्नहरू सोध्न लगाउने | |
| ५ | हाम्रो संस्कृति | ○ हाम्रा स्थानीय चाडपर्वहरूको परिचय दिन<br>○ स्थानीय लोक गीत, लोकनृत्यको परिचय दिन र अभ्यास गर्न<br>○ पालिकाभित्र लाग्ने मेलाहरुको सामान्य परिचय दिन<br>○ थारु संस्कृतिको सामान्य परिचय दिन<br>○ पालिका क्षेत्रमा बोलिने भाषा पहिचान गर्न<br>○ हाम्रा परम्परागत खेलहरूको परिचय र महत्व बताउन<br>○ हाम्रा थारु नाचहरू नाम बताई ती नाचहरू नाच्ने अभ्यास गर्न | ○ हाम्रा स्थानीय चाडपर्वहरूको परिचय<br>○ स्थानीय लोक गीत, लोकनृत्य र अभ्यास<br>○ पालिकाभित्र लाग्ने मेलाहरूको सामान्य परिचय<br>○ थारु संस्कृतिको सामान्य परिचय<br>○ पालिकाक्षेत्रमा बोलिने भाषा<br>○ हाम्रा परम्परागत खेलहरू<br>○ हाम्रा थारु नाचहरू | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ विभिन्न चाड पर्व सम्बन्धी गीत तथा नाचको आयोजना गराउने, चाडपर्वको नाटक गर्न लगाउने, चाडपर्वका फोटा तथा भिडियो प्रदर्शन गर्ने, चाड झल्काउने चित्र कोर्न प्रोत्साहन गर्ने<br>○ बबई क्षेत्रमा गाईने गीतहरू सुनाएर, स्थानीय गीत गाउने प्रतियोगिता गराएर, कक्षामा सामूहिक रूपमा लोक गीत गाएर, लोक गीतसँग सम्बन्धित नाचहरू नचाएर, स्थानीय गीत गाउन सक्ने स्थानीयबासीहरूलाई विद्यालयमा निम्ता गरि उनीहरूको गीत सुनाएर, गीत गाउने प्रतियोगिता बनाउने, समूहमा गीत गाउन प्रोत्साहन गर्ने, गीतका साथमा नाँचको पनि अभ्यास गराउने, गीतको भिडियो देखाउने<br>○ पालिका भित्रलाग्ने मेलाहरूको सूची बनाउन लगाउने, मेलाका विशेषताहरू कक्षामा समूह बनाई छलफल गर्ने, मेलाको महत्वलाई समूह बनाई छलफल गरि कक्षामा आफ्नो बुझाई प्रस्तुत गर्न लगाउने<br>○ शिक्षकले थारु समूदायका रहनसहन,बोलीभाषा तथा खानपानका बारेमा प्रस्तुत गर्नुहोस, थारु जातिका भाँडा बर्तन, परिकार तथा चित्रकलाका बारेमा | ○ हाम्रा स्थानीय चाडपर्वहरूको परिचय सोधेर<br>○ स्थानीय लोक गीत, लोकनृत्य र अभ्यास गरेको अवलोकन गरेर<br>○ पालिकाभित्र लाग्ने मेलाहरूको सामान्य परिचय सोधेर<br>○ थारु संस्कृतिको सामान्य परिचय लेख्न लगाएर<br>○ पालिकाक्षेत्रमा बोलिने भाषाको सूची बनाउन लगाएर<br>○ हाम्रा परम्परागत खेलहरूका नाम सोधेर र खेलेको अभ्यास हेरेर<br>○ हाम्रा थारु नाचहरू नाचेको हेरेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | बताउनुहोस्, थारु गीत र नाचको बारेमा सिकाउनुहोस्, थारु खानपिनमा धानको भात, माछा तथा तरकारीका बारेमा जानकारी दिनुहोस्<br>○ आफूले घरमा बोल्न भाषा सोधी सूची तयार छलफल गराउने, थारु, मगर तथा अन्य भापा बोल्ने विद्यार्थीहरूलाई कुनै विषयमा बोल्न लगाउने, उनीहरूको बोलचालको भाषामा केलाइ के भनिन्छ भनि छलफल गर्ने<br>○ हाम्रा परम्परागत खेलहरूको सूची बनाउन लगाउनुहोस्, खेल प्रदर्शन गरेर देखाउनुहोस्, खेल प्रतियोगिता गराउने<br>○ थारु नाचहरूको सूची तयार गर्ने, थारु नाच र गीतको कक्षामा नाच्ने गाउने अभ्यास गर्ने | |
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ○ घरमा आएका पाहुनालाई गरिने सम्मान गर्ने बानीको विकास गर्न– ढोग नमस्कार गर्ने, चकटी दिने, पानी सोध्ने, सञ्चो बिसञ्चो सोध्ने<br>○ श्रमको सम्मान गर्न<br>○ पत्रुखाना र यसको प्रभाव बताउन<br>○ घर, आगन, समुदाय र विद्यालयको सरसफाईमा सहभागि बन्न<br>○ योग, ध्यान र व्यायमको परिचय र अभ्यास गर्न | ○ घरमा आएका पाहुनालाई गरिने सम्मान – ढोग नमस्कार गर्ने, चकटी दिने, पानी सोध्ने, सञ्चो बिसञ्चो सोध्ने<br>○ श्रमको सम्मान<br>○ पत्रुखाना र यसको प्रभाव<br>○ घर, आगन, समुदाय र विद्यालयको सरसफाई<br>○ योग, ध्यान, व्यायाम तथा मुद्रा चिकित्सा<br>○ आशावादी शिक्षा | ○ सिकाइ सिप<br>○ अवलोकन सिप<br>○ सञ्चार सिप<br>○ स्व व्यवस्थापन सिप<br>○ सहयोग सिप<br>○ दृश्य साक्षरता सिप | ○ विद्यार्थीहरूलाई घरको मान्छे र पाहुनाको भूमिका दिने र पाहुनालाई गरीने सम्मान गरेको अभिनय गर्न लगाउने<br>○ श्रमिकहरूको काम र तिनीहरूको योगदानका बारेमा चर्चा गनुहोस यसमा किसान, शिक्षक, सफाई कर्मचारी, मजदुर आदिको महत्व बुझाउने, श्रमसँग सम्बन्धित चित्र वा पोष्टर तयार पार्न लगाउने, श्रमिकहरूका लागि धन्यवाद कार्यक्रमका आयोजना गर्ने<br>○ पत्रुखाना र स्वास्थ आहारको तुलना गर्ने,पत्रुखानाबाट हुने नोक्सानीका बारेमा कार्यक्रमको आयोजना गरि विद्यार्थीहरूलाई पालैपालो बोल्न लगाउने,<br>○ विद्यालयको सरसफाईमा विद्यार्थीलाई सहभागी बनाउने, विद्यालयमा गरे जसरी घर, आगन र समुदायको सरसफाईमा पनि सहभागि हुन प्रेरणा दिने, सरसफाई गर्दा हुन फाइदाका बारेमा कक्षामा छलफल चलाउने | ○ घरमा आएका पाहुनालाई गरिने सम्मान गरे नगरेको अवलोकन गरेर<br>○ श्रमको सम्मान गर्न के के गर्न सकिन्छ भनि सोधेर<br>○ पत्रुखाना र यसको प्रभाव के कस्तो हुन्छ भनि सोधेर वा विद्यार्थीहरू यो पाठ पढी सकेपछि पत्रुखाना खान्छन कि खादैनन् भनि अवलोकन गरेर<br>○ घर, आगन, समूदाय र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ❍ आशावादी शिक्षाको जानकारी लिन | | | ❍ विद्यार्थीहरूलाई सरल योगहरू जस्तै पर्वत आसन, भुजङ्ग आसन, वृक्षा आसन आदि, उनीहरूका लागि सामान्य र छोटो समयका लागि ध्यान सिकाउन शान्त स्थानको चयन गरि आँखा बन्द गरेर, लामो श्वास लिने, सासमा ध्यान दिने जस्ता क्रियाकलाप गराउने, मुद्रा चिकित्सा जस्तै प्राण मुद्रा, गरिमा मुद्रा आदिको अभ्यास गराउने, सकारात्मक सोचको विकासका लागि सकारात्मक वाक्य निर्माण गरि साथीहरूका बीच सेयर गर्न लगाउने<br>❍ आसा जगाउने खालका कथा सुनाउने, हरेक समस्याले समाधान पनि आफैसँग लिएका हुन्छ, समस्याले कहिले काही अवसर पनि ल्याएको हुन्छ भनि समस्यासँग जुध्न प्रेरणा दिने | विद्यालयको सरसफाईमा सहभागी भए नभएको अवलोकन गरेर<br>❍ योग, ध्यान, व्यायाम तथा मुद्रा चिकित्सा गर्ने तरिका हेरेर<br>❍ आशावादी शिक्षा अर्थ सोधेर |
| ७ | सामाजिक दुर्व्यसन र विपद् व्यवस्थापन | ❍ जोखिम र विपद्को सामान्य परिचय दिन<br>❍ चाड पर्वको समयमा जोखिम– पिङ, चङ्गा, पटका, खाना, झैँझगडा – बताई त्यसबाट बच्ने उपाय बताउन<br>❍ प्राकृतिक प्रकोपहरू जस्तै बाढी, पहिरो, भुकम्प, चट्याङ आउनको कारण र यसले पुऱ्याउने असर बताउन<br>❍ कुलतको सामान्य परिचय बताउन | ❍ जोखिम र विपद्को सामान्य परिचय<br>❍ चाड पर्वको समयमा जोखिम– पिङ, चङ्गा, पटका, खाना, झैँझगडा<br>❍ प्राकृतिक प्रकोपहरु जस्तै बाढी, पहिलो, भुकम्प, चट्याङ आउनको कारण र यसले पुऱ्याउने असर<br>❍ कुलतको सामान्य परिचय<br>❍ कृत्रिम घटना अभ्यास | ❍ अवलोकन सिप<br>❍ प्रश्नोत्तर सिप<br>❍ सिकाइ सिप<br>❍ तुलना गर्ने सिप<br>❍ पहिचान सिप | ❍ जोखिम र विपद्को फरकका बारेमा समूहमा चर्चा गर्ने हाम्रो बबई गाउँपालिकामा के कस्ता जोखिमहरू छन र ती जोखिमहरूबाट के कस्ता विपद् आउन सक्छन भनि समूहमा छलफल गराउने, जोखिमपूर्ण स्थलहरूको क्षेत्र भ्रमण गराउने<br>❍ कुन चाडमा के जोखिम हुन्छ भनि समूहमा छलफल गर्ने, यस्ता जोखिम न्यूनीकरण गर्न के गर्न सकिन्छ भन्ने विषयमा विद्यार्थीहरूसँग प्रतिक्रिया मागी शिक्षकले निष्कर्ष सुनाउने<br>❍ स्थानीयस्तरमा भएको प्राकृतिक प्रकोपहरूको चित्र तथा भिडियो देखाउँदै यसो हुनाको कारण माथि छलफल गराउने, यदी यस्तो घटना फेरी भयो भने यसबाट बच्न कसरी सकिएला भनी कक्षामा छलफल गराउने, प्राकृतिक प्रकोप भएको स्थानमा भ्रमण गराउने | ❍ जोखिम र विपद्को बीचको फरक सोधेर, हाम्रो बबई गाउँपालिकामा भएका जोखिम र विपद्का नाम सोधेर तथा त्यस्ता जोखिमबाट बच्ने उपाय सोधेर<br>❍ चाड पर्वको समयमा हुने जोखिमहरूको नाम सोधेर<br>❍ प्राकृतिक प्रकोपहरू जस्तै बाढी, पैरो, भुकम्प, चट्याङ आउनको कारण र यसले पुऱ्याउने असर सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ❍ कृत्रिम घटना अभ्यास गर्न | | | ❍ बबई क्षेत्रमा देखिएका कुलतहरूको सूची निर्माण गराउने, कुलतबाट मानिसको जीवन बरबाद भएको स्थानीय तथा सुनेका कथाहरू सुनाउने<br>❍ सङ्कटको परिदृश्य निर्माण गरेर त्यसमा गर्न सकिने उपाय सोध्ने जस्तै कक्षामा अचानक बाढी पस्यो भने तपाई के गर्नुहुन्छ ?तपाईलाई कसैले दुःख दिएको छ भने के गर्नुहुन्छ ? खोलामा बाँढी आएको भए के गर्नुहुन्छ ? आदि आदि | ❍ कुलतको सामान्य परिचय सोधेर<br>❍ कृत्रिम घटना अभ्यास अवलोकन गरेर |

**कक्षा–५**

| क्र.स. | क्षेत्र | सिकाई उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | बबईको चिनारी | ❍ पालिकाको काम, कर्तव्य र अधिकार<br>❍ विकासका पूर्वाधारको वर्तमान अवस्था बताउन –यातायात, खानेपानी, बिजुली, सञ्चार आदि<br>❍ हाम्रो वडाको नक्सामा आफ्नो विद्यालय, गाउँ, वडा कार्यालय, प्रमुख सडक तथा बाटाहरू पहिचान गर्न<br>❍ बबई गाउँपालिका भित्रका शैक्षिक संस्थाहरूको परिचय दिन | ❍ पालिकाको काम, कर्तव्य र अधिकार<br>❍ विकासका पूर्वाधारको वर्तमान अवस्था – यातायात, खानेपानी, बिजुली, सञ्चार आदि<br>❍ हाम्रो वडाको नक्सामा आफ्नो विद्यालय, गाउँ, वडा कार्यालय, प्रमुख सडक तथा बाटाहरू<br>❍ बबई गाउँपालिका भित्रका शैक्षिक संस्थाहरूको परिचय<br>❍ व्यक्तिगत घट्ना दर्ताको | ❍ अवलोकन सिप<br>❍ प्रश्नोत्तर सिप<br>❍ सिकाई सिप<br>❍ तुलना गर्ने सिप<br>❍ पहिचान सिप | ❍ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको पालिकाको काम कर्तव्य र अधिकारका आधारमा त्यसको सूची निर्माण गर्ने, विद्यार्थीहरूलाई पालिका कर्मचारीहरूको भूमिका दिएर स्थानीय समस्याहरूू समाधान गर्न लगाउने जस्तै सडक मर्मत, पानी आपूर्ति आदि, विद्यार्थीहरूलाई स्थानीय पालिकाको भ्रमण गराईं पालिकाको काम, कर्तव्य र अधिकारका बारेमा प्रत्यक्ष महसुस गर्न लगाउने<br>❍ विद्यार्थीहरूलाई नजिकैको कुनै परियोजना जस्तै नयाँसडक निर्माणको भ्रमण गराएर उनीहरूलाई वर्तमान अवस्थाका बारेमा प्रत्यक्ष अनुभव गराउने,<br>❍ वडाको नक्साका सहायताले विद्यार्थीहरूलाई आफ्नो विद्यालय, गाउँ, वडा कार्यालय, प्रमुख सडक तथा बाटाहरू रहेको स्थानको बारेमा छलफल गर्ने, | ❍ पालिकाको काम, कर्तव्य र अधिकार सम्बन्धि प्रश्नहरु सोधेर<br>❍ विकासका पूर्वाधार यातायात, खानेपानी, बिजुली, सञ्चारहरूको वर्तमान अवस्था सोधेर<br>❍ हाम्रो वडाको नक्सामा आफ्नो विद्यालय, गाउँ, वडा कार्यालय, प्रमुख सडक तथा बाटाहरू देखाउन लगाएर<br>❍ बबई गाउँपालिका भित्रका शैक्षिक संस्थाहरूको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ❍ व्यक्तिगत घट्ना दर्ताको महत्व बताउन<br>❍ गाउँपालिकाको विकासमा योगदान पुऱ्याउने सामाजिक सङ्घ संस्थाहरू– क्लब, आमा समूह, टोल विकास संस्था आदिको परिचय दिन | महत्व<br>❍ गाउँपालिकाको विकासमा योगदान पुऱ्याउने सामाजिक सङ्घ संस्थाहरू– क्लब, आमा समूह, टोल विकास संस्था आदि | | विद्यार्थीहरूलाई वडाको नक्सा निर्माण गरि ती ठाउँहरू देखाउन प्रेरणा दिने<br>❍ बबई गाउँपालिकाभित्र रहेका मुख्य मुख्य शैक्षिक संस्थाहरु पुरन्धारा क्याम्पस, माध्यमिक विद्यालय, पालिकाको शिक्षा शाखा आदिको भ्रमण गराई विद्यार्थीको जिज्ञासा अनुसारको जानकारी दिने, पालिकाभित्रका शैक्षिक संस्थाहरूको सूची बनाउन सहयोग गर्ने,<br>❍ व्यक्तिगत घट्ना दर्ताको महत्वका बारेमा कक्षामा छलफल गर्ने, पञ्जीकरण शाखाको भ्रमण गरि त्यहाँबाट यसको महत्वका बारेमा सुनेर प्रत्यक्ष ज्ञान हासिल गर्ने<br>❍ गाउँपालिकाको विकासमा योगदान पुऱ्याउने सामाजिक सङ्घ संस्थाहरू– क्लव, आमा समूह, टोल विकास संस्थाहरूको सूची निर्माण गर्ने, ती संस्थाहरूको अवलोकन भ्रमण गराउने, यस्ता संस्थाहरूको प्रमुखहरुसँग भलाकुसारी गर्ने वातावरण मिलाई तिनीहरुको कामका बारेमा जानकारी लिने | परिचय सोधेर<br>❍ गाउँपालिकाको विकासमा योगदान पुऱ्याउने सामाजिक सङ्घ संस्थाहरु– क्लब,आमा समुह, टोल विकास संस्थाहरूको नाम र काम सोधेर |
| २ | हाम्रा सम्पदाहरु | ❍ पालिकाका मानव निर्मित सम्पदाहरू– मन्दिर, क्याम्पस, विद्यालय, नहर, कुवा, अट्वा आदिको परिचय दिन र महत्व बताउन<br>❍ बबईका पर्यटकीय स्थलहरूको परिचय दिन | ❍ पालिकाका मानव निर्मित सम्पदाहरू– मन्दिर, क्याम्पस, विद्यालय, नहर, कुवा, अट्वा आदिको परिचय र महत्व<br>❍ बबईका पर्यटकीय स्थलहरू<br>❍ धार्मिक सम्पदाहरू | ❍ अवलोकन सिप<br>❍ प्रश्नोत्तर सिप<br>❍ सिकाइ सिप<br>❍ तुलना गर्ने सिप<br>❍ वातावरणप्रतिको<br>❍ सजकता र सम्मान सिप<br>❍ पहिचान सिप | ❍ बबई गाउँपालिकाभित्र रहेका मानव निर्मित सम्पदाहरूको सूची बनाउन सहयोग गर्ने, त्यस्ता सम्पदाहरूको अवलोकन भ्रमण गराउने, यस्ता सम्पदाहरूको सम्पदाहरूको महत्वका बारेमा कक्षामा छलफल गर्ने, ती सम्पदाहरूको चित्र बनाउन उत्प्रेणा दिने<br>❍ बबई गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरूको भ्रमण गराउने, ती स्थलहरूको चित्र बनाउन लगाउने, यस्ता स्थलहरूको फाइदाका बारेमा कक्षामा समूह बनाई | ❍ पालिकाका मानव निर्मित सम्पदाहरू– मन्दिर, क्याम्पस, विद्यालय, नहर, कुवा, अटुवा आदिको परिचय र महत्व सोधेर<br>❍ बबईका पर्यटकीय स्थलहरूको नाम र विशेषताहरू सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ○ धार्मिक सम्पदाहरूको सामान्य परिचय दिन<br>○ दाङ जिल्लाका मुख्य सम्पदाहरूको सामान्य परिचय दिन | ○ दाङ जिल्लाका मुख्य सम्पदाहरू | ○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप | छलफल गर्ने,<br>○ बबई गाउँपालिकाभित्रका धार्मिक स्थलहरूको भ्रमण गराउने, ती स्थलहरूको चित्र बनाउन लगाउने, यस्ता स्थलहरूको फाइदाका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने,<br>○ दाङ जिल्लाका प्रमुख सम्पदाहरूको भ्रमण गराउने, चित्र बनाउन लगाउने, पोष्टर तथा फोटोहरुको सहायताले त्यस्ता सम्पदाहरुको बारेमा छलफल गराउने | ○ धार्मिक सम्पदाहरू नाम र विशेषताहरू सोधेर<br>○ दाङ जिल्लाका मुख्य सम्पदाहरूको नाम र प्रमुख विशेषताहरू सोधेर |
| ३ | हाम्रो वातावरण र कर्तव्य | ○ गाउँपालिका क्षेत्रमा पाइने औषधि जन्य वनस्पतिहरूको उपयोग र महत्व बताउन<br>○ विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहभागी बन्न<br>○ गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका बताउन<br>○ गाउँपालिका क्षेत्रमा जलस्रोतको प्रदूषण : कारण र असरहरू | ○ गाउँपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको उपयोग र महत्व<br>○ विद्यालय तथा घरमा स्थानीय औषधि जन्य वनस्पति र फलफूल बगैंचाको निर्माण<br>○ गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका गाउँपालिका क्षेत्रमा जलस्रोतको प्रदुषण : कारण र असरहरू<br>○ विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको | ○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ स्थानीय स्तरमा पाईने औषधीजन्य वनस्पतिहरू भएको स्थानमा विद्यार्थीहरूलाई भ्रमण गराउने, त्यस्ता वनस्पतिहरूको चित्र बनाउन लगाउने, यस्ता वनस्पतिहरूको महत्वका बारेमा समूहमा छलफल गराउने<br>○ विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा विद्याथीहरूलाई सहभागी बनाउने, त्यस्ता बगैंचाको भ्रमण गराउने, काल्पनिक बगैंचाको चित्र बनाउन लगाउने<br>○ गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका विषयमा समूहमा छलफल गर्ने, वनस्पति तथा जीवजन्तुका चित्र बनाउन लगाउने, चित्र तथा भिडियो को सहायताले विद्यार्थीहरूलाई छलफलमा सहभागि बनाउने<br>○ पालिकामा भएका जलस्रोतहरूको भ्रमण गराउने, फोटो तथा भिडियो देखाउने, पानी दुषित हुँदा हुने समस्याका बारेमा समूहमा छलफल गर्ने, पानी दुषित हुनुको कारण खुलाउने खालको चित्र बनाउन लगाउने | ○ गाउँपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको उपयोग र महत्व सोधेर<br>○ विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण गर्ने तरिका सोधेर<br>○ गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका गाउँपालिका क्षेत्रमा जलस्रोतको प्रदूषण : कारण र असरहरू सोधेर<br>○ विद्यालय तथा स्थानीय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बताउन<br>○ विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरू (कम उपयोग, पुनः प्रयोग र प्रशोधन) बताउन<br>○ घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय दिन<br>○ वातावरण संरक्षणको अवधारणा/परिचय दिन | व्यवस्थापनका उपायहरू (कम उपयोग, पुनः प्रयोग र प्रशोधन)<br>○ घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय<br>○ वातावरण संरक्षणको अवधारणा/परिचय | | ○ फोहोरमैला व्यवस्थापनको उदाहरण दिने जस्तै सकभर पसलबाट प्लाष्टिक नल्याउन झोलामा हालेर सामान ल्याउने, ल्याइहाले पछि सबै प्लास्टिक जम्मा गरि साहुजीलाई नै लगेर दिने, यदी प्लास्टिकको झोला धेरै जम्मा गरी कवाडमा बेच्न सके पनि उद्योगमा पेलेर पुनः प्लास्टिक बनाउन सकिन्छ भनि सिकाउने, विद्यार्थीहरूलाई फोहोर जम्मा गर्ने प्रतिस्पर्धात्मक खेल खेलाएर फोहोर जम्मा गराई त्यस फोहोरबाट फोहोरका प्रकार पहिचान गराउने<br>○ कक्षामा उर्जास्रोतहरू जस्तै विद्युत उर्जा, सौर्य उर्जा, वायु उर्जा, आदिको परिचय दिने, विद्यालय तथा घरमा उर्जा कसरी प्रयोग हुन्छ भन्ने बारेमा गराउने जस्तै बल्बहरूबाट, पंखाहरुबाट, कम्प्यूटर, उनीहरूलाई उर्जा बचत गर्ने तरिकाका बारेका छलफल गराउने,<br>○ वातावरण संरक्षणको अवधारणा बुझाउन प्राकृतिक संसाधनहरूको महत्व र तिनका संरक्षणको आवश्यकताका बारेमा चर्चा गर्ने, विद्यार्थीहरुलाई स्थानीय क्षेत्र भ्रमण गराउने अभियानमा सहभागि बनाउने, वृक्षरोपण कार्यमा सहभागी बनाउने, उर्जा बचतका बारेमा समूहमा चर्चा गर्ने | क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरू सोधेर<br>○ घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय बताउन लगाएर<br>○ वातावरण संरक्षणको अवधारणा सोधेर |
| ४ | स्थानीय पेसा, व्यवसाय र प्रविधि | ○ स्थानीय रैथाने बालीहरुको परिचय दिन<br>○ पालिकाभित्र सञ्चालित साना तथा मझौला उद्योगहरुको परिचय र महत्व बताउन | ○ स्थानीय रैथाने बालीहरू<br>○ पालिकाभित्र सञ्चालित साना तथा मझौला उद्योगहरु<br>○ स्थानीय सिप तथा प्रविधिबाट निर्माण | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप | ○ बबई क्षेत्रमा लगाउदै आएका रैथाने बालीका बारेमा बुझ्न सबै भन्दा पहिले यस्ता बालीहरूको सूची तयार गर्ने, रैथाने बालीहरूको उत्पादनका लागि आवश्यक औजारहरूको चर्चा गर्ने, रैथाने बाली लगाएको खेतको अवलोकन गराउने<br>○ कक्षामा बबई गाउँपालिकामा सञ्चालित साना तथा | ○ स्थानीय रैथाने बालीहरूको नाम सोधेर<br>○ पालिकाभित्र सञ्चालीत साना तथा मजौला उद्योगहरू नाम र फाईदाहरू सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ❍ स्थानीय सिप तथा प्रविधिबाट निर्माण गरिएका घरेलु सामग्रीहरूको महत्व बताउन<br>❍ बेमौसमी तरकारीहरू परिचय र यसको महत्व बताउन<br>❍ पालिकामा उत्पादन हुने नगदेबालीको परिचय र महत्व बताउन<br>❍ प्राङ्गारिक मल बनाउने तरिका र यसका फाइदाहरू बताउन<br>❍ समुदायमा उत्पादित वस्तुहरूको बजारीकरण गर्ने तरिका बताउन<br>❍ व्यवसायिक कृषिको परिचय र महत्व बताउन | गरिएका घरेलु सामग्रीहरू र तिनीहरूको परिचय<br>❍ बेमौसमी तरकारीहरू र यसको महत्व<br>❍ पालिकामा उत्पादन हुने नगदेबालीको परिचय<br>❍ प्राङ्गारिक मल बनाउने तरिका र यसका फाईदाहरू<br>❍ समुदायमा उत्पादित वस्तुहरूको बजारीकरण गर्ने तरिका<br>❍ व्यवसायिक कृषिको परिचय र महत्व | ❍ सिकाइ सिप | मझौला उद्योगहरूको फोटो तथा भिडियो देखाएर परिचय दिन, अवलोकन भ्रमण गराई यसका सञ्चालकहरूबाट यसको महत्वका बारेमा छलफल गर्ने<br>❍ स्थानीय सिपबाट निर्मित सामग्रीहरूको सूची निर्माणमा सहयोग गर्ने, ती सामग्रीहरूको वास्तविक वस्तु वा फोटो वा भिडियो देखाउने, विद्यार्थीहरूलाई त्यस्ता सामग्रीहरूको चित्र बनाउन लगाउने, त्यस्ता सामग्री आर्थिक तथा सांस्कृतिक महत्वका बारेमा कक्षामा समूह बनाई छलफल गराउने<br>❍ बेमौसमी तरकार कृषकसँग विद्यार्थीहरूलाई वार्तालाभ गर्ने वातावरण निर्माण गर्ने, तरकारी फामको अवलोकन भ्रमण गराउने, बेमौसमी तरकारीको महत्वका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने, बेमौसमी तरकारीहरूको चित्र बनाई रङ्ग भर्न लगाउने<br>❍ नगदेबाली कृषकसँग विद्याथीहरूलाई वार्तालाभ गर्ने वातावरण निर्माण गर्ने, नगदेबाली किसानको खेत तथा बारीको अवलोकन भ्रमण गराउने, नगदे बालीको महत्वका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने<br>❍ युटुभमा गई प्राङ्गारिक मल बनाउने तरिका सिकेर कक्षामा आफ्नो बझाइलाई प्रस्तुत गर्न लगाउने, आर्थिक फाइदा, स्वास्थ्य तथा माटोको सुरक्षाका दृष्टिले हुने फाईदाका बारेमा कक्षामा समुह निर्माण गरि छलफल बनाउने<br>❍ समुदायमा उत्पादित वस्तुहरूको बजारीकरण गर्ने गर्ने तरिकाका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने | ❍ स्थानीय सिप तथा प्रविधिबाट निर्माण गरिएका घरेलु सामग्रीहरू र तिनीहरूको परिचय सोधेर<br>❍ बेमौसमी तरकारीहरू र यसको महत्व सोधेर<br>❍ पालिकामा उत्पादन हुने नगदेबालीको परिचय सोधेर<br>❍ प्राङ्गारिक मल बनाउने तरिका र यसका फाइदाहरू सोधेर<br>❍ समुदायमा उत्पादित वस्तुहरूको बजारीकरण गर्ने तरिका सोधेर<br>❍ व्यवसायिक कृषिको परिचय र महत्व सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | ○ व्यवसासिक कृषकको कृषि फार्ममा अवलोकन भ्रमण गराई गुजरामुखी कृषि प्रणालीबाट व्यवसायमुखी कृषि प्रणाली अपनाउँदा हुने फाइदाका बारेमा कृषकसँग छलफल गराउन | |
| ५ | हाम्रो संस्कृति | ○ स्थानीयस्तरमा बोलिने भाषाहरूको संरक्षण गर्ने उपाय बताउन<br>○ विभिन्न स्थानीय जातमा रहेको विवाह परम्परा बताउन<br>○ स्थानीय जन्म, विवाह र मृत्यु संस्कार बताउन<br>○ स्थानीय खानाहरू र यसको महत्व बताउन<br>○ हाम्रा परम्परागत खेलहरूको परिचय दिन<br>○ पालिकामा रहेका प्रमुख जात जातिहरूको परिचय दिन | ○ स्थानीयस्तरमा बोलिने भाषाहरूको संरक्षण<br>○ विभिन्न स्थानीय जातमा रहेको विवाह परम्परा<br>○ स्थानीय जन्म, विवाह र मृत्यु संस्कार<br>○ स्थानीय खानाहरू र यसको महत्व<br>○ हाम्रा परम्परागत खेलहरू<br>○ पालिकामा रहेका प्रमुख जात जातिहरू | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ भाषाको परिचय सत्रको आयोजना गरी स्थानीय भाषाहरु जस्तै थारु, मगर आदिको इतिहास र यसको महत्वबारे छलफल गर्ने, स्थानीय भाषामा विद्यार्थीहरूलाई गीत तथा नृत्य सिकाउने, स्थानीय भाषाका सरल शब्द तथा वाक्यहरू सिकाउने<br>○ समूहमा छलफल गरि विभिन्न जातमा रहेका विवाह परम्परालाई कक्षामा प्रस्तुत गर्न लगाउने, ती जातिहरूमा भएको विवाह परम्परालाई भिडियो तथा फोटो देखाएर चर्चा गर्ने, विवाहको अभिनय गराउने<br>○ बबई क्षेत्रमा विभिन्न जातमा रहेको विवाह, मृत्यु र जन्म संस्कारका बारेमा कक्षामा समूह निर्माण गरि छलफल गर्ने, चित्र तथा भिडियो प्रयोग गर्ने<br>○ स्थानीय खानाहरुको सूची निर्माण गर्ने, परम्परागत खानाको परिकार र आधुनिक परिकारका बारेमा तुलना गर्ने, परम्परागत खानाको महत्वका बारे कक्षामा छलफल गर्ने<br>○ हाम्रा परम्परागत खेलहरूका बारेमा यूटुभ भिडियो देखाएर चर्चा गर्ने, कक्षामा खेल खेलाउने, खेलको प्रतियोगिता आयोजना गर्ने<br>○ प्रमुख जात र ती जातभित्र रहेका थरहरूको सूची तयार गर्ने, | ○ स्थानीयस्तरमा बोलिने भाषाहरूको संरक्षण गर्ने उपाय सोधेर<br>○ विभिन्न स्थानीय जातमा रहेको विवाह परम्पराका बारेमा सोधेर<br>○ स्थानीय जन्म, विवाह र मृत्यु संस्कार कस्तो छ भनि सोधेर<br>○ स्थानीय खानाहरू र यसको महत्व बताउन लगाएर<br>○ हाम्रा परम्परागत खेलहरू खेल्न लगाई खेलको अवलोकन गरेर<br>○ पालिकामा रहेका प्रमुख जात जातिहरूको सूची बनाउन लगाएर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ❍ ठुलालाई आदर सम्मान र सानालाई माया गर्ने बानीको विकास गर्न<br>❍ असल सामाजिक मूल्य मान्यताहरु अवलम्बन गर्न<br>❍ स्थानीय असल संस्कारहरूको पहिचान गर्न<br>❍ घरमै निर्माण गरिएको खाना तथा खाजाको परिचय र महत्व बताउन<br>❍ योग, ध्यान, व्यायाम तथा मुद्रा चिकित्साको जानकारी लिन र अभ्यास गर्न<br>❍ समाजका असल मानिसहरूले गरेका कार्यहरू बताउन<br>❍ जीवन सफल बनाउन लक्ष्य निर्धारण अभ्यास गर्न<br>❍ सकारात्मक सोचको धारण बताउन | ❍ ठूलालाई आदर सम्मान र सानालाई माया<br>❍ असल सामाजिक मूल्य मान्यता<br>❍ स्थानीय असल संस्कारहरू<br>❍ घरमै निर्माण गरिएको खाना तथा खाजाको परिचय र महत्व<br>❍ योग, ध्यान, व्यायाम तथा मुद्रा चिकित्सा<br>❍ समाजका असल मानिसहरूले गरेका कार्यहरू<br>❍ जीवन सफल बनाउन लक्ष्य निर्धारण अभ्यास<br>❍ सकारात्मक सोच | ❍ सिकाइ सिप<br>❍ अवलोकन सिप<br>❍ सञ्चार सिप<br>❍ स्व व्यवस्थापन सिप<br>❍ सहयोग सिप<br>❍ दृश्य साक्षरता सिप | ❍ साना र ठूलाको अभिनय गरि ठूलालाई आदर सम्मान र सानालाई माया कसरी गरिन्छ भनि देखाउने, आदर भाव तथा सम्मान भाव देखाउने बोलचालका वाक्यहरूको सूची बनाउने, चित्र बनाई ठुलो मान्छे र सानो मान्छे बोलेको वार्तालाभ लेख्न लगाउने, यस्तो सन्देश समेटिएको कथा सुनाउने<br>❍ असल मूल्य मान्यताका कथाहरु सुनाउने, असल मूल्य मान्यताका सूची तयार पारी त्यसका बारेमा समूह चर्चा गर्ने<br>❍ हाम्रो स्थानीय असल संस्कारहरू जस्तै पाहुनालाई गरिने संस्कार, जेष्ठ नागरिकलाई गरिने संस्कार, विद्यार्थीलाई शिक्षकलाई गर्ने संस्कार आदिका बारेमा कक्षामा छलफल गर्ने, त्यसमा विद्यार्थीलाई अभिनय गर्न लगाउने<br>❍ परम्परागत रूपामा चलनमा रहेका घरमै तयार गरिएका खानेकुराहरूको सूची तयार पार्ने, यस्ता खानाहरूको महत्वका बारेमा समूह चर्चा गर्ने<br>❍ विद्यार्थीहरूलाई सरल योगहरू जस्तै पर्वत आसन, सर्प आसन, वृक्षासन आदि, उनीहरूका लागि सामान्य र छोटो समयका लागि ध्यान सिकाउन शान्त स्थानको चयन गरि आँखा बन्द गरेर, लामो श्वास लिने, साँसमा ध्यान दिने जस्ता क्रियाकलाप गराउने, मुद्रा चिकित्सा जस्तै प्राण मुद्रा, गरिमा मुद्रा आदिको अभ्यास गराउने, सकारात्मक सोचको विकासका लागि सकारात्मक वाक्य निर्माण गरि साथीहरूका बीच सेयर गर्न लगाउन | ❍ ठूलालाई आदर सम्मान र सानालाई माया<br>❍ असल सामाजिक मूल्य मान्यता<br>❍ स्थानीय असल संस्कारहरू<br>❍ घरमै निर्माण गरिएको खाना तथा खाजाको परिचय र महत्व सोधेर<br>❍ योग, ध्यान, व्यायाम तथा मुद्रा चिकित्साको अवलोकन गरेर<br>❍ समाजका असल मानिसहरूले गरेका कार्यहरू सोधेर<br>❍ विद्यार्थीहरूका लक्ष्य र ती लक्ष्यहरूलाई सफल बनाउन अपनाउने उपायहरू सोधेर<br>❍ सकारात्मक सोच विकास गर्ने तरिका सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | ○ विद्यार्थीहरूलाई आफ्ना लक्ष्य लेखी त्यसलाई पूरा गर्ने योजना निर्माण गर्न लगाउनुहोस्, लक्ष्यलाई पूरा गर्ने उपायका बारेमा समूहमा चर्चा गर्नुहोस्, सफल व्यक्तिका सफलताका कथा सुनाउनुहोस्<br>○ स्थानीय समाजसेवी जसले आफू र आफ्नो परिवार भन्दा माथि उठेर समाजका लागि योगदान गरेका हुन्छन त्यस्ता मानिसहरूले गरेका कार्यहरूको समूहमा चर्चा गर्ने (तर समाजमा विवादित हुने सक्रिय राजनितिक मानिसहरूको चर्चा राम्रो नहुन सक्छ), राष्ट्रियस्तरका व्यक्ति जस्तै महावीर पुन, सन्दुक रुईत, भागवान कोइराल, रामजी अधिकारी लगायतले गरेका कार्यहरूको चर्चा गर्ने<br>○ विद्यार्थीहरूलाई सकारात्मक सोचहरूमा छलफल गराउने, सकारात्मक सोच देखाउने पोष्टर बनाउन लगाउने, सकारात्मक सोचको दैनिक अभ्यास गर्ने जस्तै धन्यवाद दिने, समस्यासँग नडराउनु आदि | |
| ७ | सामाजिक दुरव्यसन र विपद् व्यवस्थापन | ○ सडक दुर्घटनाका कारण र बच्ने उपाय बताउन<br>○ वन्यजन्तुबाट बच्ने उपायहरु बताउन<br>○ चाडपर्वको समयमा हुने जोखिमहरू र बच्ने उपाय बताउन<br>○ बबई गाउँपालिकामा हुन सक्ने विपद्हरू जानकार हुन<br>○ स्थानीयस्तरमा | ○ सडक दुर्घटनाका कारण र बच्ने उपाय<br>○ वन्यजन्तुबाट बच्ने उपायहरू<br>○ चाडपर्वको समयमा हुने जोखिमहरू र बच्ने उपाय<br>○ बबई गाउँपालिकामा हुन सक्ने विपद्हरू<br>○ स्थानीयस्तरमा देखिएका कुलतहरू र बच्ने उपाय<br>○ कृत्रिम घटना अभ्यास | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाइ सिप<br>○ तुलना गर्ने सिप<br>○ पहिचान सिप | ○ सडक दुर्घटनाका कारण र बच्ने उपायहरूका बारेमा समूहमा चर्चा गर्नुहोस, विद्यार्थीहरूलाई सडकमा लागी सडक दुर्घटनाबाट बच्ने उपायमा छलफल गर्नुहोस, उपायका बारेमा कक्षामा अभिनय गर्न लगाउने<br>○ कुन वन्यजन्तुले कुन बालीको नस्ट गर्छ भनि सूची निर्माण गनुहोस्, त्यस समस्याबाट मुक्तहुने उपायका बारेमा समूहबनाई चर्चा गर्नुहोस्, युटुभ भिडियो हेरि अन्य ठाउँको अभ्यास हेर्नुहोस्<br>○ कुन चाडमा के जोखिम हुन्छ भनि समूहमा छलफल गर्ने, यस्ता जोखिम न्यूनीकरण गर्न के गर्न सकिन्छ भन्ने विषयमा विद्यार्थीहरूसँग प्रतिक्रिया मागी शिक्षकले | ○ सडक दुर्घटनाका कारण र बच्ने उपाय सोधेर<br>○ वन्यजन्तुबाट बच्ने उपायहरु सोधेर<br>○ चाडपर्वको समयमा हुने जोखिमहरू र बच्ने उपाय बताउन लगाएर<br>○ बबई गाउँपालिकामा हुन सक्ने विपद्हरूको नाम सोधेर<br>○ स्थानीयस्तरमा देखिएका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | देखिएका कुलतहरूको जानकारी लिन र बच्ने उपाय बताउन<br>○ कृत्रिम घटना अभ्यास गर्न | | | निष्कर्ष सुनाउन<br>○ बबई गाउँपालिकामा हुन सक्ने विपद्हरूको सूची निर्माण गर्ने, विपद् स्थलहरूको स्थलगत भ्रमण गर्ने<br>○ बबई क्षेत्रमा देखिएका कुलतहरूको सूची निर्माण गराउने, कुलतबाट मानिसको जीवन बर्बाद भएको स्थानीय तथा सुनेका कथाहरू सुनाउने, बच्ने उपायका बारेमा समूहमा छलफल गर्ने<br>○ संकटको परिदृश्य निर्माण गरेर त्यसमा गर्न सकिने उपाय सोध्ने जस्तै कक्षामा अचानक बाढी पस्यो भने तपाई के गर्नुहुन्छ ?तपाईलाई कसैले दुःख दिएको छ भने के गर्नुहुन्छ ? खोलामा बाढी आएको भए के गर्नुहुन्छ ? आदि आदि | कुलतहरू र बच्ने उपायहरू सोधेर<br>○ कृत्रिम घटना अभ्यास गरेको अवलोकन गरेर |

**कक्षा–६**

| क्र. स. | क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | बबईको चिनारी | ○ बबई गाउँपालिकाको क्षेत्रफल र जनसङ्ख्या बताउन<br>○ बबई गाउँपालिकाको नक्सा बनाई आफ्नो गाउँटोल, विद्यालय, वडा कार्यालय तथा मुख्य बाटा देखाउने अभ्यास अभ्यास गर्न<br>○ वडाका निर्वाचित | ○ बबई गाउँपालिकाको क्षेत्रफल र जनसङ्ख्या<br>○ बबई गाउँपालिकाको नक्सा बनाई आफ्नो गाउँटोल,विद्यालय,वडा कार्यालय तथा मुख्य बाटा देखाउने अभ्यास<br>○ वडाका निर्वाचित जनप्रतिनिधिहरू र जिम्मेवारी | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाइ सिप<br>○ तुलना गर्ने सिप<br>○ पहिचान सिप | ○ विद्यार्थीहरूलाई बबई गाउँपालिकाको नक्सा दिई यसको सिमाना तथा विभिन्न क्षेत्रहरू देखाउन भन्ने, पालिका र वडाको क्षेत्रफल अनुमान गर्न लगाई यसको तथ्याङ्क दिनुहोस, पालिकाको जनसङ्ख्याको तथ्याङ्क उपलब्ध गराई यसको विश्लेषण गर्न लगाउने<br>○ बबई गाउँपालिकाको नक्सा दिएर स्थानहरू भर्ने अभ्यास गर्ने<br>○ वडाका निर्वाचित जनप्रतिनिधिहरूको नाम र पद बताउने, उनीहरूको जिम्मेवारी अनुमान गर्न लगाउने, अन्तमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार | ○ बबई गाउँपालिकाको क्षेत्रफल र जनसङ्ख्या<br>○ बबई गाउँपालिकाको नक्सा बनाई आफ्नो गाउँटोल, विद्यालय, वडा कार्यालय तथा मुख्य बाटा सोधेर<br>○ वडाका निर्वाचित जनप्रतिनिधिहरू र जिम्मेवारी सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जनप्रतिनिधिहरू र जिम्मेवारी बताउन<br>○ वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाको जानकारी लिन<br>○ गा.पा.भित्र रहेका सुरक्षा निकायको अवस्थिति र तिनले प्रदान गर्ने सेवा तथा सेवा लिने तरिकाहरू बताउन | ○ वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाको जानकारी<br>○ गा.पा.भित्र रहेका सुरक्षा निकायको अवस्थिति र तिनले प्रदान गर्ने सेवा तथा सेवा लिने तरिकाहरू | | वडाका जनप्रतिनिधिहरुको जिम्मेवारी बताउने<br>○ स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार वडा कार्यालयबाट प्राप्त हुने सेवाहरु बताउने, वडा कार्यालयको अवलोकन भ्रमण गरि जनप्रतिनिधिहरूसँग वडाबाट प्राप्त हुने सेवाका बारेमा छलफल गर्ने<br>○ गा.पा.भित्र रहेका सुरक्षा निकायहरूको सूची तयार गर्न विद्यार्थीहरूलाई सहयोग गर्ने, नेपाल प्रहरी, स्वास्थ्य सेवा, एम्बुलेन्स जस्ते अन्य के कस्ता संघ संस्थाहरूले पालिकाबासीको सुरक्षाको कार्य गर्दछन् भनि कक्षामा छलफल गर्ने, विद्यार्थीलाई त्यस्ता निकायहरूबाट सेवा लिने तरिकाका बारेमा चर्चा गर्ने, विद्यालयमा नेपाल प्रहरीका प्रतिनिधिहरूलाई आमन्त्रण गरेर पनि सुरक्षा सम्बन्धित कुरा बुझ्न सकिन्छ, | ○ वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाको जानकारी लिएर<br>○ गा.पा.भित्र रहेका सुरक्षा निकायको अवस्थिति र तिनले प्रदान गर्ने सेवा तथा सेवा लिने तरिकाहरू सोधेर |
| २ | हाम्रा सम्पदाहरु | ○ बबईका ऐतिहासिक सम्पदाहरुको परिचय र महत्व बताउन<br>○ बबईका धार्मिक सम्पदाहरु परिचय र महत्व बताउन<br>○ पर्यटकिय सम्पदाहरुका परिचय र महत्व बताउन<br>○ दाङ जिल्लाका सम्पदाहरु–पाण्डवेश्वर मन्दिर धारापानीको परिचय दिन<br>○ हाम्रा भाषिक सम्पदाहरु | ○ बबईका ऐतिहासिक सम्पदाहरु<br>○ बबईका धार्मिक सम्पदाहरु<br>○ पर्यटकिय सम्पदाहरु<br>○ दाङ जिल्लाका सम्पदाहरु<br>○ हाम्रा भाषिक सम्पदाहरु (थारु, मगर, खस)<br>○ स्थानीय क्षेत्रमा रहेका खानीहरु<br>○ धागे छहराको परिचय र पर्यटकीय महत्व | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाई सिप<br>○ तुलना गर्ने सिप<br>○ वातावरण प्रतिको<br>○ सजकता र सम्मान सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप | ○ बबई गाउँपालिकाभित्र रहेका ऐतिहासिक सम्पदाहरूको सूची गराउने जसमा पुराना मन्दिर ऐतिहासिक स्थल पर्न सक्छ, यी सम्पदाहरुको पोष्टर पम्पलेट, फोटो तथा भिडियो कक्षामा देखाउन सकिन्छ, विद्यार्थीहरूलाई ती सम्पदाहरूको चित्र बनाउन लगाउनुहोस्, अवलोकन भ्रमण गराउनुहोस<br>○ बबई गाउँपालिकाभित्र रहेका धार्मिक सम्पदाहरूको सूची गराउने, यी सम्पदाहरूको पोष्टर पम्पलेट, फोटो तथा भिडियो कक्षामा देखाउन देखाउने, विद्यार्थीहरूलाई ती सम्पदाहरूको चित्र बनाउन लगाउने, अवलोकन भ्रमण गराउन<br>○ बबई गाउँपालिका भित्र रहेका पर्यटकीय सम्पदाहरूको सूची गराउने, यी सम्पदाहरूको पोष्टर पम्पलेट, फोटो | ○ बबईका ऐतिहासिक सम्पदाहरू परिचय सोधेर<br>○ बबईका धार्मिक सम्पदाहरूको सूची बनाउन लगाएर र महत्व सोधेर<br>○ पर्यटकीय सम्पदाहरूको महत्व सोधेर<br>○ दाङ जिल्लाका सम्पदाहरू सामान्य परिचय सोधेर<br>○ हाम्रा भाषिक सम्पदाहरू (थारु, मगर, खस) सामान्य परिचय सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | (थारु, मगर, खस) सामान्य परिचय दिन<br>○ स्थानीयक्षेत्रमा रहेका खानीहरू परिचय दिन<br>○ धागे छहराको परिचय र पर्यटकीय महत्व बताउन | | | तथा भिडियो कक्षामा देखाउन देखाउने, विद्यार्थीहरूलाई ती सम्पदाहरूको चित्र बनाउन लगाउने, अवलोकन भ्रमण गराउन<br>○ पाण्डवेश्वर मन्दिरको भ्रमण गराउने उक्त समयमा विद्यार्थीहरूले पुजारी वा समितिका पदाधिकारीहरूसँग मन्दिरको ऐतिहासिक तथा सांस्कृतिक महत्वका बारेमा सोधेर जानकारी लिन सक्छन, मन्दिरका बारेमा युटुभ भिडियो हेर्ने, पाण्डवेश्वरको मूल मन्दिर, तथा त्रिशुलको चित्र बनाउन लगाउने,<br>○ बबई गाउँपालिकामा बोलिने विभिन्न भाषाहरूको सूची बनाउने, भाषा जानेका विद्यार्थीहरूलाई आ-आफ्नो भाषामा गीत, कविता वा कथा लेख्न लगाउने, स्थानीय भाषामा बोलीचालीमा आउने शब्द तथा वाक्यहरूको अभ्यास गराउने<br>○ स्थानीय खानीहरूको सूची तयार पार्ने, खानीहरूको भ्रमण गराउने, त्यस्ता खानीहरूको फाइदाका बारेमा कक्षाका छलफल गर्ने<br>○ धागे छहराको भिडियो, पोष्टर तथा फोटोहरू देखाएर छलफल गर्ने, चित्र बनाउन लगाउने, छहराको अवलोकन भ्रमण गर्ने, छहराको पर्यटकीय महत्वका बारेमा कक्षामा छलफल गर्ने | ○ स्थानीयक्षेत्रमा रहेका खानीहरू सामान्य परिचय सोधेर<br>○ धागे छहराको परिचय र पर्यटकीय महत्व बताउन लगाएर |
| ३ | हाम्रो वातावरण र कर्तव्य | ○ बबई गाउँपालिकामा भएका वनहरू र उक्त वनहरूबाट प्रप्त हुने वस्तुहरूको जानकारी लिन<br>○ वनमा आधारित आर्थिक | ○ बबई गाउँपालिकामा भएका वनहरू र उक्त वनहरुबाट प्राप्त हुने वस्तुहरु<br>○ वनमा आधारित आर्थिक क्रियाकलापहरू–घर तथा | ○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ बबई गाउँपालिकामा भएका सामुदायिक वनहरूको सूची तयार पार्ने, वनबाट प्राप्त हुने वस्तुहरूका बारेमा समूहमा छलफल गरि त्यसको सूची तयार पार्ने, नजिकैको वनको अवलोकन भ्रमण गर्ने,<br>○ नर्सरी तथा जडिबुटी खेती गरेको स्थानको भ्रमण गर्ने, नर्सरी तथा जडिबुटी खेतीबाट कसरी आर्थिक उपार्जन | ○ बबई गाउँपालिकामा भएका वनहरू र उक्त वनबाट प्राप्त हुने वस्तुहरूको नाम सोधेर<br>○ वनमा आधारित आर्थिक क्रियाकलापहरू–घर तथा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | क्रियाकलापहरू– घर तथा विद्यालयमा जडिबुटी खेती र सङ्कलन तथा नर्सरी निर्माण र बिक्री वितरण गर्न<br>○ हरित विद्यालयको अवधारणा बताउन<br>○ पालिकाक्षेत्रभित्र रहेका खानेपानीका स्रोतहरू र पानी शुद्धीकरण गर्ने स्थानीय उपायहरू बताउन<br>○ दिगो विकासको परिचय दिन<br>○ जलवायु परिवर्तनको सामान्य परिचय दिन<br>○ घर तथा विद्यालयमा हुन सक्ने फोहोर तथा प्रदूषणको जानकारी लिन | विद्यालयमा जडिबुटी खेती र सङ्कलन तथा नर्सरी निर्माण र विक्रि वितरण<br>○ हरित विद्यालयको अवधारणा<br>○ पालिकाक्षेत्रभित्र रहेका खानेपानीका स्रोतहरू र पानी शुद्धीकरण गर्ने स्थानीय उपायहरू<br>○ दिगो विकासको परिचय<br>○ जलवायु परिवर्तनको सामान्य परिवर्तन<br>○ घर तथा विद्यालयमा हुन सक्ने फोहोर तथा प्रदूषण | | गर्न सकिन्छ भन्ने बारेमा कक्षामा समूह निर्माण गरि चर्चा गर्ने, विद्यालयले जडीबुटी खेती तथा नर्सरी निर्माण गरि बिक्री वितरण गरि आर्थिक क्रियाकलाप गर्न सकिनुका साथै वातावरण संरक्षणमा योगदान गर्न सकिन्छ भन्ने बारेमा चर्चा गर्ने<br>○ हरित विद्यालयको अवधारणा बुझ्नका लागि नेपाल सरकारले निर्माण गरेको हाम्रो हरित विद्यालय नामक भिडियो यूटुभमा गई हेर्ने, हरित विद्यालय हुनलाई आवश्यक तत्वका बारेमा कक्षामा चर्चा गर्ने, आफ्नो विद्यालयलाई हरित विद्यालय भन्न सकिने वा नसकिने कारणका बारेमा कक्षामा छलफल गर्ने, एउटा काल्पनिक हरित विद्यालयको चित्र बनाउन लगाउने<br>○ खानेपानीको स्रोतहरूको सूची तयार पार्ने, पानीका स्रोतहरूको चित्र बनाउन लगाउने, त्यस्ता स्रोतहरूको भ्रमण गराउने, पानी शुद्धिकरण गर्ने परम्परागत तथा आधुनिक विधिका बारेमा समूहमा चर्चा गर्ने<br>○ दिगो विकासको अवधारणाका बारेमा कक्षामा समूहगत छलफल गर्ने, स्थानीयस्तरमा भएका विकास दिगो विकास हो कि होइन भनि त्यसो हुनुको कारण माथि छलफल गर्ने<br>○ जलवायु परिवर्तन अवधारणाका बारेमा कक्षामा छलफल गर्ने, यसको कारण, जलवायु परिवर्तनबाट स्थानीय स्तरमा देखापरेका असरहरूका बारेमा चर्चा गर्ने<br>○ घर तथा विद्यालयबाट के कस्ता फोहोर आउँछन् भनि चर्चा गर्ने, फोहोर सङ्कलनको प्रतिस्पर्धा बनाउने, त्यस्ता फोहोर कसरी व्यवस्थापन गर्न सकिन्छ भनि समूहमा छलफल गर्ने | विद्यालयमा जडीबुटी खेती र सङ्कलन तथा नर्सरी निर्माण र बिक्री वितरण गर्ने तरिका सोधेर<br>○ हरित विद्यालयको अवधारणा सोधेर<br>○ पालिकाक्षेत्रभित्र रहेका खानेपानीका स्रोतहरू र पानी शुद्धीकरण गर्ने स्थानीय उपायहरू सोधेर<br>○ दिगो विकासको परिचय बताउन लगाएर<br>○ जलवायु परिवर्तनको सामान्य असरहरू सोधेर<br>○ घर तथा विद्यालयमा हुन सक्ने फोहोर तथा प्रदूषणको परिचय सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | ○ हाम्रा परम्परागत पशु तथा पन्छी पालन– भैसी पालन, कुखुरा पालन – तरिका बताउन र उक्त कार्यमा सहयोग गर्न<br>○ स्थानीय अन्नबालीहरूको परिचय र महत्व बताउन<br>○ बेमौसमी तरकारी खेतीको परिचय र महत्व बताउन<br>○ गुजरामुखी खेतीलाई व्यवसायमुखी बनाउन पालिकाको भूमिका बताउन<br>○ हस्त निर्मित सामग्रीको परिचय, बनाउने तरिका र बजारीकरण गर्ने तरिका बताउन | ○ हाम्रा परमपरागत पशु तथा पन्छी पालन– भैसी पालन, कुखुरापालन – तरिका र उक्त कार्यमा सहयोग<br>○ स्थानीय अन्नबालीहरुको परिचय र महत्व<br>○ बेमौसमी तरकारी खेतीको परिचय र महत्व<br>○ गुजरामुखी खेतीलाई व्यवसायमुखी बनाउन पालिकाको भूमिका<br>○ हस्त निर्मि सामग्रीको परिचय, बनाउने तरिका र बजाकरण | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ आसपासमा रहेका कुखुरा पालक तथा भैसीपालक कृषकको गोठमा भ्रमण गराउने, विद्यालयमा विद्यार्थीहरूलाई कुखुरा तथा भैसी पालनका लागि एक योजनाको तयारी गर्ने, कुखुरा तथा भैसी पालन गर्ने तरिका तथा त्यसबाट हुने फाइदाका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने<br>○ बबई क्षेत्रमा लगाउदै आएका स्थानीय अन्नबालीका बारेमा बुझ्न सबै भन्दा पहिले यस्ता बालीहरूको सूची तयार गर्ने, स्थानीय बालीहरूको उत्पादनका लागि आवश्यक औजारहरूको चर्चा गर्ने, स्थानीय बाली लगाएको खेतको अवलोकन गराउने, स्थानीय अन्नबालीको महत्वकाबारेमा कक्षामा समूह बनाई छलफल गर्ने<br>○ बेमौसमी तरकारी कृषकसँग विद्याथीहरूलाई वार्तालाभ गर्ने वातावरण निर्माण गर्ने, तरकारी फामको अवलोकन भ्रमण गराउने, बेमौसमी तरकारीको महत्वका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने, बेमौसमी तरकारीहरूको चित्र बनाई रङ्ग भर्न लगाउने<br>○ व्यवसायिक कृषि गर्दा भएका प्रगति समेटिएका स्थानीय कथाहरु सुनाउने, व्यवसायिक कृषकहरूको बालीमा भ्रमण गराउने<br>○ नगदेबाली कृषकसँग विद्याथीहरूलाई वार्तालाभ गर्ने वातावरण निर्माण गर्ने, नगदेबाली किसानको खेत तथा बारीको अवलोकन भ्रमण गराउने, नगदे बालीको महत्वका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने<br>○ स्थानीय सिपबाट निर्मित हस्तकलाका सामग्रीहरूको | ○ हाम्रा परम्परागत पशु तथा पन्छी पालन– भैसी पालन, कुखुरापालन – तरिका सोधेर<br>○ स्थानीय अन्नबालीहरूको परिचय र महत्व बताउन लगाएर<br>○ बेमौसमी तरकारी खेतीको परिचय र महत्व सोधेर<br>○ गुजरामुखी खेतीलाई व्यवसायमुखी बनाउन पालिकाको भूमिका के रहन्छ भनि सोधेर<br>○ हस्त निर्मित सामग्रीको परिचय, बनाउने तरिका र बजारीकरण गर्ने तरिका सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | सूची निर्माणमा सहयोग गर्ने, ती सामग्रीहरूको वास्तविक वस्तु वा फोटो वा भिडियो देखाउने, विद्यार्थीहरूलाई त्यस्ता सामग्रीहरूको चित्र बनाउन लगाउने, त्यस्ता सामग्रो आर्थिक तथा सांस्कृतिक महत्वका बारेमा कक्षामा समूह बनाई छलफल गराउने, ती सामग्रीहरूलाई बजारीकरण गर्ने तरिकाका बारेमा कक्षामा छलफल गर्ने | |
| ५ | हाम्रो संस्कृति | ○ स्थानीय स्तरमा प्रचलित धर्मको परिचय र विशेषता बताउन– हिन्दु, बौद्ध, मुस्लिम र इसाई<br>○ स्थानीय लोक गीतहरू (साइलो जी, देउडा, महित्या, हुरडुङ्ग्या गीत) परिचय दिन र गाउने अभ्यास गर्न<br>○ पालिकाक्षेत्रमा प्रचलित नाचहरूको सामान्य परिचय दिन (सबै जातिका)<br>○ थारु जातिको भाषा, गीत, पोसाक तथा खेलहरूको सामान्य परिचय दिन<br>○ बबई क्षेत्रमा पुजिने देवी देवताको पुजाहरूको | ○ स्थानीयस्तरमा प्रचलित धर्मको परिचय र विशेषता – हिन्दु, बौद्ध, मुस्लिम र इसाई<br>○ स्थानीय लोक गीतहरू – साईलो जी, देउडा – परिचय र अभ्यास<br>○ पालिकाक्षेत्रमा प्रचलित नाचहरूको सामान्य परिचय<br>○ थारु जातिको भाषा, गीत, पोसाक तथा खेलहरूको सामान्य परिचय<br>○ बबई क्षेत्रमा पुजिने देवी देवताको पुजाहरूको सामान्य परिचय | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाई सिप | ○ सबै धर्मको मूलसार एउटै हो भनि कक्षामा चर्चा गर्ने, सबै धर्मका धर्म गुरुहरूको फोटो देखाएर ती धर्मको ईतिहासका बारेमा छोटकरीमा बताउने र विद्यार्थीहरूको जिज्ञासाको उत्तर दिने, धर्म गुरुहरूको चित्र बनाउन लगाउने,<br>○ कस्ता गीतलाई लोक गीत भनिन्छ भनि कक्षामा चर्चा गर्ने, युटुभमा साइलो जी र देउडा गीतको भिडियो सुन्ने, उक्त भिडियो अनुसार कक्षामा पनि समूहगत गीत गाउने अभ्यास गर्ने, त्यस्ता गीतको प्रचार प्रसार गर्नका लागि प्रतियोगिताको आयोजना गर्ने<br>○ विद्यार्थीहरूले देखेका नाचहरू सोधी ती नाचहरूको सूची तयार पार्ने, ती नाचहरूलाई कक्षामा नाच्ने अभ्यास गर्ने, ती नाचका लागि चाहिने पहिरन, बजाइने बाजा तथा गाईने गीतको बारेमा चर्चा गर्ने<br>○ थारु समुदायको भ्रमण गराउने, थारु भाषा जानेको विद्याथीलाई थारु गीत गाउन लगाएर अरुलाई गित छोप्न लगाउने, थारु पोसाक प्रदर्शन गर्ने, थारु जातिमा प्रचलित खेलको खल्ने अभ्यास गर्ने, थारु सङ्ग्राहलयको भ्रमण गर्ने<br>○ विद्यार्थीहरूलाई उनीहरूले पुज्ने देवी देवताहरू के के | ○ स्थानीय स्तरमा प्रचलित धर्मको परिचय र विशेषता – हिन्दु, बौद्ध, मुस्लम र क्रिश्चियन (इसाइ)को विशेषताहरू सोधेर<br>○ स्थानीय लोक गीतहरू– साईलो जी, देउडा – परिचय र अभ्यास गरेको हेरेर<br>○ पालिकाक्षेत्रमा प्रचलित नाचहरूको सामान्य परिचय सोधेर<br>○ थारु जातिको भाषा, गीत, पोसाक तथा खेलहरूको सामान्य परिचय सोधेर<br>○ बबई क्षेत्रमा पुजीने देवी देवताको पुजाहरूको सामान्य परिचय सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सामान्य परिचय दिन | | | हुन भनि देवी देवताको सूची तयार पार्ने जस्तै भूह्यार पुजा, एक्ले पुजा, बराह पुजा आदि, यी देवी देवताका पुजा गर्नाले के कस्तो फाइदा हुने जन विश्वास छ भनि चर्चा गर्न | |
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ○ सबै धर्मको सारको जानकारी र नैतिक शिक्षाको परिचय बताउन<br>○ हिन्दु, बौद्ध, मुस्लिम र क्रिस्चियन धर्मको परिचय दिन<br>○ विश्वबन्धुत्व र सहअस्तित्वको परिचय र महत्व बताउन<br>○ आसावादी शिक्षाको अवधारणा र महत्व बताउन<br>○ विद्यार्थीहरुमा देखिने प्रतिभाको अनुभूति र त्यसको सम्मान गर्न<br>○ योग तथा ध्यान अवधारणा दिन र अभ्यास गर्न<br>– अनुलोम विलाम<br>– सूर्य प्राणायाम | ○ सबै धर्मको सारको जानकारी र नैतिक शिक्षा<br>○ हिन्दु, बौद्ध, मुस्लिम र क्रिस्चियन धर्मको परिचय<br>○ विश्वबन्धुत्व भाइचारा र सहअस्तित्वको परिचय र महत्व<br>○ आसावादी शिक्षाको अवधारणा र महत्व<br>○ विद्यार्थीहरुमा देखिने प्रतिभाको अनुभूति र त्यसको सम्मान<br>○ योग तथा ध्यान<br>– अनुलोम विलाम<br>– सूर्य प्राणायाम<br>– कपाल भाती | ○ सिकाइ सिप<br>○ अवलोकन सिप<br>○ सञ्चार सिप<br>○ स्व व्यवस्थापन सिप<br>○ सहयोग सिप<br>○ दृश्य साक्षरता सिप | ○ सबै धर्मका पवित्र धर्म ग्रन्थ तथा धर्मका जन्मदाताका बारेमा कक्षामा छलफल गर्ने, अङ्गुरको कथा सुनाउने जसमा विभिन्न भाषामा विभिन्न नामले चिनिए पनि वस्तु एउटै छन भन्ने सन्देश बोकेको छ, धर्मका पोष्टर पम्पलेटको प्रयोग गर्ने, धमका जन्मदाताको चित्र बनाउने, नैतिक शिक्षा बोकेका कथाहरु सुनाउने<br>○ सबै धर्मको मूलसार एउटै हो भनि कक्षामा चर्चा गर्ने, सबै धर्मका धर्म गुरुहरुको फोटो देखाएर ती धर्मको इतिहासका बारेमा छोटकरीमा बताउने र विद्यार्थीहरुको जिज्ञासाको उत्तर दिने, धर्म गुरुहरुको चित्र बनाउन लगाउने,<br>○ सबैभन्दा पहिला हामी मानिस हौ, त्यसपछि हामी विश्वका नागरिक हौ, त्यस पछि हामी नेपाली नागरिक हौ, त्यस पछि हामी मात्र विभिन्न स्वार्थ लिन शासकहरुले विभिन्न जात, धर्म राजनितिमा विभाजन गरेका हुन भनि सिकाउने,<br>○ विद्यार्थीहरुलाई सकारात्मक सोचको महत्व बुझाउने, दैनिक जीवनका साना घटनाहरुमा सकारात्मक दृष्टिकोण अपनाउने अभ्यास गराउने, आशावादी कथाहरु सुनाउने, आशावादी गीत गाउन प्रेरणा दिने<br>○ सबै बालबालिकाहरुमा एक न एक प्रतिभा हुन्छ भन्ने विषयमा चर्चा गर्नुहोस, सबै विद्यार्थीहरुलाई आ– आफ्ना | ○ कसरी सबै धर्मको सार एउटै हो भनि सोधेर, नैतिक शिक्षाको परिचय सोधेर<br>○ हिन्दु, बौद्ध, मुस्लिम र क्रिस्चियन धर्मको परिचय सोधेर<br>○ विश्वबन्धुत्व र सहअस्तित्वको परिचय र महत्व सोधेर<br>○ आसावादी शिक्षाको अवधारणा र महत्व सोधेर<br>○ विद्यार्थीहरुमा देखिने प्रतिभाको अनुभूति र त्यसको सम्मान कसरी गर्ने भनि प्रश्न सोधेर<br>○ योग तथा ध्यान<br>–अनुलोम विलाम<br>–सूर्य प्राणायाम<br>– कपाल भाती गर्न लगाएर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | –कपाल भाती | | | प्रतिभा पहिचान गर्न लगाउनुहोस्, त्यसै प्रतिभाका आधारमा भोलिको जीवनको उद्देश्य र योजना बनाउन लगाउने विद्यार्थीहरुलाई सरल योगहरु जस्तै पर्वत आसन, सर्प आसन, वृक्षा आसन आदि, उनीहरुका लागि सामान्य र छोटो समयका लागि ध्यान सिकाउन शान्त स्थानको चयन गरि आँखा बन्द गरेर, लामो साँस लिने, स्वँसमा ध्यान दिने जस्ता क्रियाकलाप गराउने, मुद्रा चिकित्सा जस्तै प्राण मुद्रा, गरिमा मुद्रा आदिको अभ्यास गराउने, सकारात्मक सोचको विकासका लागि सकारात्मक वाक्य निर्माण गरि साथीहरुका बीच सेयर गर्न लगाउने, अनुलोम विलाम, सूर्य प्राणायाम र कपाल भातीको अभ्यास गराउने | |
| ७ | सामाजिक दुर्व्यसन र विपद् व्यवस्थापन | ○ कुन कुन वन्यजन्तुबाट कुन कुन वालीनाली नष्ट हुन्छ भनि बताउन<br>○ ग्यास सिलिण्डर विस्फोटबाट सावधानी<br>○ पालिकामा हुने सक्ने विपद् र विपद् पूर्वतयारी रहने उपाय बताउन<br>○ सामान्य ट्राफिक नियमहरु बताउन<br>○ सुरक्षित विद्यालयको अवधारणा बताउन<br>○ लागु औषध दुरव्यसनीको परिचय दिन | ○ वन्यजन्तुबाट वालीनाली नष्ट<br>○ ग्यास सिलिण्डर विस्फोटबाट सावधानी<br>○ पालिकामा हुने सक्ने विपद् र विपद् पूर्व तयारी<br>○ ट्राफिक नियम<br>○ सुरक्षित विद्यालय<br>○ लागु औषध दुर्व्यसनीको परिचय | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाई सिप<br>○ तुलना गर्ने सिप<br>○ पहिचान सिप | ○ कुन वन्यजन्तुले कुन बालीको नस्ट गर्छ भनि सूची निर्माण गर्ने, त्यस समस्याबाट मुक्त हुने उपायका बारेमा समूह बनाई चर्चा गर्ने, जनावरहरुको चित्र बनाई तिनीहरुको आहाराका बारेमा कथा सुनाउने, युटुभ भिडियो हेरि अन्य ठाउँको अभ्यास हेर्नुहोस्<br>○ ग्याँस सिलिण्डरबाट खाना पकाएको चित्र बनाउन लगाउने, ग्यास सिलिण्डरको विष्फोट सम्बन्धीका कथाहरु सुनाउने, ग्यास सिलिण्डर किन्दा, जोड्दा र यसमा खाना पकाउदा अपनाउनु पर्ने सावधानीका बारेमा छलफल गरि शिक्षकले निष्कर्ष दिने<br>○ सडक दुर्घटनाका कारण र बच्ने उपायहरुका बारेमा समूहमा चर्चा गर्नुहोस, विद्यार्थीहरुलाई सडकमा लगि सडक दुर्घटनाबाट बच्ने उपायमा छलफल गर्नुहोस, उपायका बारेमा कक्षामा अभिनय गर्न लगाउने | ○ वन्यजन्तुबाट बालीनाली नष्ट हुन्छ भनि सोधेर<br>○ ग्यास सिलिण्डर विस्फोटबाट सावधान हुने तरिका सोधेर<br>○ पालिकामा हुने सक्ने विपद् र विपद् पूर्व तयारीको विधि सोधेर<br>○ ट्राफिक नियमहरु सोधेर<br>○ सुरक्षित विद्यालयको अवधारणा सोधेर<br>○ लागु औषध दुर्व्यसनीको परिचय सोधेर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ○ बबई गाउँपालिकामा हुन सक्ने विपदहरुको सूची निर्माण गर्ने, विपद् स्थलहरुको स्थलगत भ्रमण गर्ने, विपद् पूर्व तयारी स्वरुप गर्न सकिने उपायका बारेमा कक्षामा छलफल गर्ने<br>○ ट्राफिक प्रहरीले सडकमा डिउटी गरेको चित्र बनाउन लगाउने, ट्राफिक चिन्ह भएको पोष्टरको सहायताले सामान्य चिह्नको अर्थ सिकाउने, ट्राफिक प्रहरीलाई विद्यालयमा निम्ता गरि ट्राफिक नियमका बारेमा जानकारी लिने<br>○ सुरक्षित विद्यालय हुन के कस्तो आधारहरु पूरा हुनु पर्छ भनि कक्षामा छलफल गर्ने, कुनै सुरक्षित विद्यालयको उदाहरण दिने, एउटा काल्पनिक सुरक्षित विद्यालयको चित्र बनाउन लगाउने<br>○ बबईक्षेत्रमादेखिएकाकुलतसमस्याकोसूचीनिर्माणगराउने, कुलतबाट मानिसको जीवन बरबाद भएको स्थानीय तथा सुनेका कथाहरु सुनाउने, बच्ने उपायका बारेमा समूहमा छलफल गर्ने, सकारात्मक सन्देस दिने भूमिका नाटक खेलाउन | |
| ८. | व्यवहारिक लेखन | ○ घरायसी चिठीको ढाँचा तयार गर्न<br>○ निमन्त्रणा पत्रको ढाँचा तयार गर्न<br>○ शुभकामना पत्रको ढाँचा तयार गर्न<br>○ श्रद्धाञ्जली तथा समवेदना पत्रको ढाँचा | ○ चिठी<br>○ निमन्त्रणा पत्र<br>○ शुभकामना पत्र<br>○ श्रद्धाञ्जली तथा समवेदना<br>○ सूचना तथा जानकारी | ○ सञ्चार सिप<br>○ सिकाइ सिप<br>○ लेखाई सिप<br>○ भाषिका सिप | ○ घरायसी एउटा ढाँचा विद्यार्थीलाई दिने र अध्ययन गर्न लगाउने, चिठी लेख्दा ध्यान दिनुपर्ने कुराहरु कक्षामा छलफल गर्ने, विदेशमा बस्ने आफ्ना बुवा, दाजु वा दिदीलाई चिठी लेख्न दिई अन्तमा पृष्ठपोषण दिने<br>○ विवाह, पुजा, जन्मदिन आदिको अवसरमा लेखिएको निमन्त्रणा पत्रको नमुना विद्यार्थीलाई दिने र अध्ययन गर्न लगाउने, निमन्त्रणा पत्र लेख्दा ध्यान दिनुपर्ने कुराहरुमा | ○ कुनै नयाँ विषयवस्तुमा घरायसी चिठी लेख्न लगाएर<br>○ निमन्त्रणा पत्र लेख्न लगाएर<br>○ शुभकामना पत्र लेख्न लगाएर<br>○ श्रद्धाञ्जली तथा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तयार गर्न<br>○ सूचना तथा जानकारी पत्रको ढाँचा तयार गर्न | | | चर्चा गर्ने, एक नयाँ विषयवस्तु दिएर निमन्त्रणा लेख्न लगाउने<br>○ विजया दशमी, दीपावली, नयाँवर्ष आदिमा लेखिएको शुभकामना पत्रको ढाँचाको विद्यार्थीहरुलाई दिने र अध्ययन गर्न लगाउने, शुभकामना लेख्दा ध्यान दिनुपर्ने कुराहरुका बारेमा कक्षामा चर्चा गर्ने, नयाँ विषयवस्तु दिएर कक्षामा शुभकामना लेख्न लगाउने<br>○ श्रद्धाञ्जली तथा समवेदना पत्रको ढाँचाको विद्यार्थीहरुलाई दिने र अध्ययन गर्न लगाउने, श्रद्धाञ्जली तथा समवेदना लेख्दा ध्यान दिनुपर्ने कुराहरुका बारेमा कक्षामा चर्चा गर्ने, नयाँ विषयवस्तु दिएर कक्षामा श्रद्धाञ्जली तथा समवेदना लेख्न लगाउने<br>○ सूचना तथा जानकारी पत्रको ढाँचाको विद्यार्थीहरुलाई दिने र अध्ययन गर्न लगाउने, सूचना तथा जानकारी लेख्दा ध्यान दिनुपर्ने कुराहरुका बारेमा कक्षामा चर्चा गर्ने, नयाँ विषयवस्तु दिएर कक्षामा सूचना तथा जानकारी लेख्न लगाउन | समवेदना लेख्न लगाएर<br>○ सूचना तथा जानकारी लेख्न लगाएर |

**कक्षा– ७**

| क्र.स. | क्षेत्र | सिकाई उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | बबईको चिनारी | ○ बबई गाउँपालिकाको ऐतिहासिक परिचय दिन<br>○ वडा कार्यालयले शिक्षा युवा तथा महिलाका लागि तय गरेका कार्यक्रम र तिनले गर्ने | ○ बबई गाउँपालिकाको ऐतिहासिक परिचय<br>○ वडा कार्यालयले शिक्षा युवा तथा महिलाका लागि तय गरेका कार्यक्रम<br>○ दाङ जिल्लाको नक्सा | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाइ सिप<br>○ तुलना गर्ने सिप<br>○ पहिचान सिप | ○ बबई गाउँपालिकामा रहेका ऐतिहासिक स्थलहरुको भ्रमण गराउने, गाउँका जेष्ठ नागरिकसँग अन्तरवार्ता गरेर तिनीहरुबाट ऐतिहासिक घटनाहरु सुन्ने, बबई गाउँपालिकाभित्र रहेका ऐतिहासिक स्थलहरुको चित्र बनाउने<br>○ वडा कार्यालयको भ्रमणको आयोजना गरि आधिकारिक | ○ बबई गाउँपालिकाको ऐतिहासिक परिचय सोधेर<br>○ वडा कार्यालयले शिक्षा युवा तथा महिलाका लागि तय गरेका कार्यक्रमले |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गतिविधि बताउन<br>○ दाङ जिल्लाको नक्सा बनाई आफ्नो पालिकाका मुख्य स्थानहरु, सडक, धार्मिक तथा पर्यटकीय स्थल, खोलानाला र तालहरु भर्ने अभ्यास गर्न<br>○ बबई गाउँपालिकाको प्रशासनिक संरचना बताउन<br>○ गाउँपालिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार बताउन | बनाई आफ्नो पालिकाका मुख्य स्थानहरु, सडक, धार्मिक तथा पर्यटकीय स्थल, खोलानाला र तालहरु भर्ने अभ्यास<br>○ बबई गाउँपालिकाको प्रशासनिक संरचना | | व्यक्तिसँग शिक्षा, युवा तथा महिलाका लागि तय गरिएको कार्यक्रम जानकारी लिने, यस्ता कार्यक्रमले पार्ने प्रभावका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने<br>○ दाङ जिल्लाको नक्सा देखाएर दिइएका स्थानहरुको बारेमा चर्चा गर्ने, दाङ जिल्लाको नक्सा बनाई गाउँपालिकाको सिमाना सिमाङ्कन गर्न लगाउने, बबई गाउँपालिकाको नक्सा निर्माण गरि तोकिएका स्थानहरु देखाउन लगाउने<br>○ प्रशासनिक संरचनाको अवधारणाका बारेका कक्षामा विद्यार्थीहरुलाई समूह बनाई छलफल गराउने, पालिकाको कार्य सञ्चालन गर्नका लागि प्रमुख प्रशासकीय अधिकृत वा पालिका अध्यक्षदेखि कार्यालय सहयो गीको भूमिकाका बारेमा<br>छलफल गर्ने, पालिकाको भ्रमण गराई प्रशासनिक संरचनाका बारेमा प्रत्यक्ष महसुस गराउने,<br>○ विद्यार्थीहरुलाई उपाध्यक्षको भूमिका दिएर यो पदमा रहेर गर्नु पर्ने काम, कर्तव्य र अधिकारका बारेमा चर्चा गर्ने, पालिका उपाध्यक्षले गर्ने काम, कर्तव्य र अधिकारका बारेमा प्रश्नोत्तर कार्यशालाको आयोजना गर्ने, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको काम, कर्तव्य र अधिकारका बारेमा चर्चा गर्ने | पार्ने प्रभावका बारेमा सोधेर<br>○ दाङ जिल्लाको नक्सा बनाई आफ्नो पालिकाका मुख्य स्थानहरु, सडक, धार्मिक तथा पर्यटकीय स्थल, खोलानाला र तालहरु भर्ने अभ्यास गरेको अवलोकन गरेर<br>○ बबई गाउँपालिकाको प्रशासनिक संरचना सोधेर<br>○ गाउँपालिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार सोधेर |
| २ | हाम्रा सम्पदाहरु | ○ हापुरे वार्ता भवन परिचय र महत्व बताउन<br>○ हाम्रा बबईका सम्पदाहरुले बबईको विकासमा खेल्ने भूमिका बताउन<br>○ थारु सम्पदाको सङ्गम– | | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाई सिप<br>○ तुलना गर्ने सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप | ○ हापुरे वार्ता भवनको अवलोकन भ्रमण गराउने, त्यस भवनमा कहिले, कोकसका बीचमा वार्ता भएको थियो ? वार्तामा को को व्यक्तिहरु सहभागी थिए ? आदि विषयमा कक्षामा छलफल गर्ने, भवनको ऐतिहासिक महत्वका बारेमा छलफल गर्ने, वार्ता भवनको चित्र बनाउन लगाउने<br>○ बबईका मुख्य मुख्य सम्पदाहरु जस्तै पुरन्धारा झरना, | ○ हापुरे वार्ता भवन परिचय र महत्व सोधेर<br>○ हाम्रा बबईका सम्पदाहरुले बबईको विकासमा खेल्ने भूमिका सोधेर<br>○ थारु सम्पदाको सङ्गम– थारुसङ्ग्रहालय चखौराको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | थारु सङ्ग्रहालय चखौरा परिचय, महत्व र संरक्षण गर्ने उपाय बताउन<br>❍ स्थानीय सम्पदा संरक्षणमा समुदायको भूमिका बताउन<br>❍ तिते पहाड, रेल ढुङ्गा, मान्द्रे ढुङ्गा, धेवाघाट गुफा परिचय र महत्व बताउन<br>❍ दाङ जिल्लाको सम्पदा – राप्ती शान्ति उद्यान (गणेशपार्क)को सामान्य परिचय दिन | थारु सङ्ग्रहालय चखौरा<br>❍ स्थानीय सम्पदा संरक्षणमा समुदायको भूमिका<br>❍ तिते पहाड, रेल ढुङ्गा, मान्द्रे ढुङ्गा, धावाघाट गुफा परिचय र महत्व<br>❍ दाङ जिल्लाको सम्पदा – राप्ती शान्ति उद्यान (गणेशपार्क) को सामान्य परिचय | | धागे छहरा, तीते पहाड, भ्यू टावर, रातो पहिराका बारेमा चर्चा गर्ने, भ्रमण गराउने, चित्र बनाउने, यिनीहरुले बबई गाउँपालिकाको विकासमा कसरी सहयोग पुऱ्याउँछ भनी समूह बनाई कक्षामा छलफल गर्ने<br>❍ थारु सङ्ग्रहालय चखौराको भ्रमण गराउने, थारु सङ्ग्रहालय सञ्चालक समितिका पदाधिकारीहरुसँग यस सङ्ग्रहालय स्थापना गर्नु पर्नाको कारण, सङ्ग्रहालयको अवधारणा ल्याउने व्यक्तिहरु, यसको उद्देश्य, आजको अवस्था र भोलिको योजनाका बारेमा प्रश्न सोधेर एउटा लेख तयार पार्न लगाउने<br>❍ हाम्रा स्थानीय सम्पदाहरुको सूची बनाउन सहयोग गर्ने, ती सम्पदाहरुको अवलोकन भ्रमण गर्ने, मुख्य मुख्य सम्पदाहरुको चित्र बनाउन लगाउने, ती सम्पदा संरक्षणमा समुदायको भूमिकाका बारेमा कक्षामा समुह बनाई छलफल गर्ने<br>❍ तिते पहाड, रेल ढुङ्गा, मान्द्रे ढुङ्गा, धवाघाट गुफा ठाउँहरुको भ्रमण गराउने, ती स्थलको अहिलेको अवस्थाका बारेका कक्षामा छलफल गर्ने, ती स्थलहरुको महत्वका बारेमा चर्चा गर्ने<br>❍ राप्ती शान्ति उद्यानको भ्रमण गराउने उक्त समयमा विद्यार्थीहरुलाई बाल उद्यान, चिडियाघर, फूल बगैचा आदिको अध्ययन गराउने, राप्ती शान्ति उद्यानका बारेमा युटुभ भिडियो हेर्ने, यस उद्यानको महत्वका बारेमा कक्षामा चर्चा गर्ने | परिचय सोधेर<br>❍ स्थानीय सम्पदा संरक्षणमा समुदायको भूमिका कस्तो रहन्छ भनि सोधेर<br>❍ तिते पहाड, रेल ढुङ्गा, मान्द्रे ढुङ्गा, धावाघाट गुफा परिचय र महत्व बताउन लगाएर दाङ जिल्लाको सम्पदा – राप्ती शान्ति उद्यान (गणेशपार्क) को सामान्य परिचय सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | हाम्रो वातावरण र कर्तव्य | ○ पालिका स्तरबाट पुरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु बताउन<br>○ दिगो विकास र हरित विद्यालयको अन्तर सम्बन्ध बताउन<br>○ घर तथा विद्यालयमा करेसाबारी र पुष्प बगैचाको निर्माण, उत्पादन, बजारीकरण र आर्थिक फाइदा बताउन<br>○ वडाभित्रका सामुदायिक वनहरु–परिचय, महत्व, फाइदा बताउन<br>○ घरायसी ठोस फोहोरको व्यवस्थापन: गड्यौले मल बनाउने विधि बताउन<br>○ जलवायु परिवर्तनबाट हाम्रो पालिकामा देखिएका असरहरु बताउन | ○ पालिकास्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु<br>○ दिगो विकास र हरित विद्यालयको अन्तर सम्बन्ध<br>○ घर तथा विद्यालयमा करेसाबारी र पुष्प बगैचाको निमार्ण, उत्पादन, बजारीकरण र आर्थिक फाइदा<br>○ वडा भित्रका सामुदायिक वनहरु–परिचय, महत्व, फाइदा<br>○ घरायसी ठोस फोहोरको व्यवस्थापन: गड्यौले मल बनाउने विधि<br>○ जलवायु परिवर्तनबाट हाम्रो पालिकामा देखिएका असरहरु | ○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप<br>○ वातावरण प्रतिको सजकता र सम्मान सिप | ○ दिगो विकासका बारेमा विद्यार्थीको बुझाईलाई आधार बनाएर चर्चा गर्ने, दिगो विकासका विश्वव्यापी लक्ष्यहरुको सूची बनाउने, ती १७ वटा लक्ष्यहरुमा हाम्रो पालिकामा कुन कुन लक्ष्यहरुको अवस्था कस्तो छ ? भनि कक्षामा समूह बनाइ छलफल गराउने, पालिकास्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरुको सूची बनाउने<br>○ दिगो विकास भन्नाले के बुझ्नुहुन्छ भनि उनीहरुको बुझाइलाई पाँच मिनेटको समय दिएर लेख्न दिनुहोस्, विद्यार्थीहरुको बुझाईलाई मध्य नजर गरेर पृष्ठपोषण दिनुहोस्, हरित विद्यालयको विषयवस्तु बुझ्नका लागि हाम्रो हरित विद्यालय नामको युटुभ भिडियो देखाउने, दिगो विकास र हरित विद्यालयको अन्तर सम्बन्धका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने<br>○ विद्यार्थीहरुलाई नजिकै उपलब्ध हुन सक्ने करेसाबारी र पुष्प बगैचाको भ्रमण गराउने, घर तथा विद्यालयमा करेसाबारी र पुष्प बगैचाको नक्सा चित्र बनाउन लगाउने, विद्यार्थीको सहभागितामा विद्यालयमा करेसाबारी र पुष्प बगैचा निर्माण गर्ने, उक्त करेसाबारी तथा पुष्प बगैचाबाट उत्पादन गर्ने वस्तु, बजारीकरण र यसबाट हुने फाइदाका बारेमा समूह बनाई कक्षामा छलफल गर्ने<br>○ वडा भित्रका सामुदायिक वनहरु मध्य कुनै नजिकैको वनको भ्रमण गर्ने, यसै गरि अन्य वनहरुको सूची बनाउने, सामुदायिक वनको अवधारणा, यसको महत्व र फाइदाका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने<br>○ गड्यौले मल बनाउने उद्यागको अवलोकन भ्रमण गराई फोहोरबाट गड्यौले मल बनाउने तरिकाको प्रत्यक्ष | ○ पालिकास्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु सोधेर<br>○ दिगो विकास र हरित विद्यालयको अन्तर सम्बन्ध देखाउन लगाएर<br>○ घर तथा विद्यालयमा करेसाबारी र पुष्प बगैचाको निर्माण, उत्पादन, बजारीकरण र आर्थिक फाइदा के हुन्छ भनी सोधेर<br>○ वडा भित्रका सामुदायिक वनहरु– परिचय, महत्व, फाइदा सोधेर<br>○ घरायसी ठोस फोहोरको व्यवस्थापन: गड्यौले मल बनाउने विधि सोधेर<br>○ जलवायु परिवर्तनबाट हाम्रो पालिकामा देखिएका असरहरुको सूची बनाउन लगाएर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | जानकारी लिने, फोहोरबाट गड्यौले मल बनाउदा हुने फाइदाका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने, युटुभ हेरेर गड्यौले मल बनाउने तरिका सिक्ने, विद्यालयमा पनि विद्यार्थीको सहभागितामा गड्यौले मल बनाउने<br>○ जलवायु परिवर्तनको अवधारणका बारेमा कक्षामा चर्चा गर्ने, जलवायु परिवर्तनबाट हाम्रो पालिकामा देखिएका असरहरुको बारेमा छलफल गरि सूची तयार गर्ने | |
| ४ | स्थानीय पेसा, व्यवसाय र प्रविधि | ○ बेमौसमी तरकारीको महत्व र चुनौति बताउन<br>○ थोपा सिँचाईको परिचय र यसको प्रयोग गर्ने विधि बताउन<br>○ बाख्रापालनको महत्व बताउन<br>○ थारु जातिले बनाउने हस्त निर्मित सामग्री बनाउने अभ्यास गर्न<br>○ गोबर मलको प्रयोगबाट हुने फाइदा र प्रयोग गर्ने तरिका<br>○ गड्यौला खेतीको महत्व<br>○ हाम्रो पालिकाभित्र उत्पादन हुने तरकारीहरुको | ○ बेमौसमी तरकारीको महत्व र चुनौती<br>○ थोपा सिँचाईको परिचय र यसको प्रयोग<br>○ बाख्रापालनको महत्व<br>○ थारु जातिले बनाउने हस्त निर्मित सामग्री बनाउने अभ्यास<br>○ गोबर मलको प्रयोगबाट हुने फाइदा र प्रयोग गर्ने तरिका<br>○ गड्यौला खेतीको महत्व<br>○ हाम्रो पालिकाभित्र उत्पादन हुने तरकारीहरुको परिचय र बजारीकरण<br>○ दुना टपरी निर्माण | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ बेमौसमी तरकारी उत्पादक कृषकसँग विद्यार्थीहरुलाई वार्तालाभ गर्ने वातावरण निर्माण गर्ने, तरकारी फामको अवलोकन भ्रमण गराउने, बेमौसमी तरकारी खेतीको महत्व र खेती गर्दा आईपर्ने चुनौतीहरुका बारेमा कृषकसँग छलफल गर्ने, बेमौसमी तरकारीहरुको चित्र बनाई रङ भर्न लगाउने,<br>○ थोपा सिँचाईको विषयका बारेमा विद्यार्थीको पूर्वज्ञानको आधार बनाएर कक्षामा छलफल गर्ने, थोपा सिँचाईको भिडियो, फोटा देखाउने, थोपा सिँचाईको व्यवस्था भएको स्थानमा विद्यार्थीहरुलाई शैक्षिक भ्रमण गराउने, थोपा सिँचाई गर्ने विधिका बारेमा कक्षामा चर्चा गर्ने<br>○ आसपासमा रहेका बाख्रापालक कृषकको खोरमा भ्रमण गराउने, विद्यालयमा विद्यार्थीहरुलाई बाखा पालनका लागि एक योजनाको तयारी गर्ने, बाखा पालन गर्ने तरिका तथा त्यसबाट हुने फाइदाका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने<br>○ थारु जातिमा निर्मित हस्तकलाका सामग्रीहरुको सूची निर्माणमा सहयोग गर्ने, ती सामग्रीहरुको वास्तविक | ○ बेमौसमी तरकारीको महत्व र चुनौती सोधेर<br>○ थोपा सिँचाईको परिचय र यसको प्रयोग गर्ने तरिका सोधेर<br>○ बाख्रापालनको महत्व सोधेर<br>○ थारु जातिले बनाउने हस्त निर्मित सामग्री बनाउने अभ्यास गराएर<br>○ गोबरमलको प्रयोगबाट हुने फाइदा र प्रयोग गर्ने तरिका सोधेर<br>○ गड्यौला खेतीको महत्व सोधेर<br>○ हाम्रो पालिकाभित्र उत्पादन हुने तरकारीहरुको परिचय र बजारीकरण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परिचय र बजारीकरण<br>❍ दुना टपरी खुट्ने काममा सहभागि हुन | | | वस्तु वा फोटो वा भिडियो देखाउने, विद्यार्थीहरुलाई त्यस्ता सामग्रीहरु निर्माण गर्ने अभ्यास गर्ने, त्यस्ता सामग्रीको आर्थिक तथा सांस्कृतिक महत्वका बारेमा कक्षामा समूह बनाई छलफल गराउने, ती सामग्रीहरुलाई बजारीकरण गर्ने तरिकाका बारेमा कक्षामा छलफल गर्ने<br>❍ गोबरमलको प्रयोग गर्ने तरिका, गोबर मलको प्रयोगको महत्वका बारेमा छलफल गर्ने<br>❍ गड्यौला खेती गर्ने तरिका सामाजिक सञ्जालबाट सिकाउने, माटोको सुरक्षा तथा अर्गानिक खेतीका लागि गड्यौला मलको महत्व बारेमा कक्षामा समूह निर्माण गरेर छलफल गरी आफ्नो समूहको राय कक्षामा सुनाउने<br>❍ बबई गाउँपालिकाभित्र उत्पादन हुने तरकारीहरुको सूची तयार पार्ने, तरकारी खेतीको भिडियो देखाउने, स्थानीय कृषकले उत्पादन गरेको तरकारी खेती स्थानको भ्रमण गराउन, तरकारी खेतीबाट हुने फाइदाको विषयमा बारेमा कृषकहरुसँग छलफल गर्ने<br>❍ दुना टपरी भनेको के हो ? भन्ने बारेमा वास्तविक दुना टपरी देखाएर वा चित्र देखाएर छलफल गर्ने, कक्षाका सबै विद्यार्थीको सहभागितामा दुना टपरी बुन्न सिक्ने, प्रतिस्पर्धा गराउने | गर्ने तरिका सोधेर<br>❍ दुना टपरी निर्माण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हाम्रो संस्कृती | ○ मगर जातिको भाषा, भेषभूषा, गीत आदिको सामान्य परिचय दिन<br>○ थारु जातिमा खाइने खानाको परिकारको परिचय र त्यसको पौष्टिक महत्व बताउन<br>○ हाम्रा परम्परागत पहिरन तथा गरगहनाहरु परिचय दिई यिनीहरुको महत्व बताउन (सबै जातिको)<br>○ पालिकाभित्र लाग्ने मेलाहरुको परिचय र आर्थिक महत्व बताउन<br>○ हाम्रा परम्परागत लोक बाजाहरुको महत्व र संरक्षणका उपायहरु बताउन | ○ मगर जातिको भाषा, भेषभूषा, गीत आदिको सामान्य परिचय<br>○ थारु जातिमा खाइने खानाको परिकारको परिचय र त्यसको पौष्टिक महत्व<br>○ हाम्रा परम्परागत पहिरन तथा गरगहनाहरु<br>○ पालिकाभित्र लाग्ने मेलाहरुको परिचय र आर्थिक महत्व<br>○ हाम्रा परम्परागत लोक बाजाहरुको महत्व र संरक्षणका उपायहरु | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ मगर जातिको भाषा र भेषभूषाका बारेमा सजीव चर्चा गर्ने जहाँ मगर विद्यार्थीहरु पनि हुन सक्छन, मगर जातिको परम्परागत पोसाक धारणगरी देखाउने, मगर जातिको गीत र नाच प्रस्तुत गर्न लगाउने, मगर भाषाको आधारभूत शब्दहरु र प्रयोग गर्ने अभ्यास गर्ने<br>○ थारु जातिको खानाहरुको सूची बनाई त्यसको चर्चा गर्ने, विद्यालयमा थारु जातिको खाना पकाउने कार्यशाला आयोजना गर्ने वा थारु खानाको परिचय गराउने उद्देश्यले वनभोजको आयोजना गर्ने, थारु जातिका खानाका परिकारहरुमा हुने पौष्टिक तत्वहरुको बारेमा खोजी गर्ने विद्यार्थीहरुलाई परियोजना कार्य दिनुहोस्<br>○ हाम्रा अग्रज पुर्खाहरुले के कस्ता पहिरन वा गरगहना लगाउथे भन्ने विषयमा फोटो वा भिडियो मार्फत् चर्चा गर्नुहोस्, परम्परागत पहिरन तथा गरगहनाको सूची तयार पार्ने, परम्परागत पहिरन तथा गरगहनाको प्रदर्शनी कार्यक्रमको आयोजना गर्ने, परम्परागत पहिरन तथा गरगहनाहरुको महत्वका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने,<br>○ बबई गाउँपालिकाभित्र लाग्ने मेलाहरुको सूची तयार पारी सबै मेलाका बारेमा चर्चा गर्नुहोस, विद्यार्थीहरुलाई मेला अवलोकन गर्न लैजानुहोस्, मेलाको अनुभूति र महत्वका बारेमा निबन्ध लेख्न लगाउने, मेलाले स्थानीय अर्थ व्यवस्था कस्तो योगदान पुऱ्याउछ भनी छलफल गर्ने<br>○ हाम्रा परम्परागत लोक बाजाहरुको सूची तयार गर्ने, लोक बाजाहरुको फोटो तथा भिडियो देखाएर चर्चा गर्ने, बाजाहरुलाई बजाउने कार्यशालाको आयोजना | ○ मगर जातिको भाषा, भेषभूषा, गीत आदिको सामान्य परिचय सोधेर<br>○ थारु जातिमा खाइने खानाको परिकारको परिचय र त्यसको पौष्टिक महत्व सोधेर<br>○ हाम्रा परम्परागत पहिरन तथा गरगहनाहरुका सूची बनाउन लगाएर<br>○ पालिकाभित्र लाग्ने मेलाहरुको परिचय र आर्थिक महत्व सोधेर<br>○ हाम्रा परम्परागत लोक बाजाहरुको महत्व र संरक्षणका उपायहरु सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | गर्ने, यसको महत्व र संरक्षणका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने | |
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ○ सन्तुलित भोजन परिचय र महत्व बताउन<br>○ सकारात्मक सोचको परिचय र महत्व बताउन<br>○ हाम्रो समाजमा बाल विवाहले निम्त्याएका चुनौतीहरु बताइ समाधानको उपाय बताउन<br>○ समाजमा रहेका विभेद, विकृति, कुरीति र भ्रष्टाचार अन्त्य गर्ने उपायहरूको खोजी र अवलम्बन गर्न<br>○ योग तथा ध्यान परिचय महत्व बताई अभ्यास गर्न<br>– अनुलोम विलोम<br>– सूर्य प्राणायाम<br>– कपाल भाती<br>– भस्त्रीका प्राणायाम<br>○ राजयोगको ध्यान विधि भन्न र अभ्यास गर्न | ○ सन्तुलित भोजन<br>○ सकारात्मक सोचको परिचय र महत्व<br>○ हाम्रो समाजमा बाल विवाहले निम्त्याएका चुनौतीहरु<br>○ समाजमा रहेका विभेद, विकृति, कुरीति र भ्रष्टाचार अन्त्य गर्ने उपायहरूको खोजी र अवलम्बन<br>○ योग तथा ध्यान<br>– अनुलोम विलाम<br>– सूर्य प्राणायाम<br>– कपाल भाती<br>– भस्त्रीका प्राणायाम<br>○ राजयोगको ध्यान विधि र अभ्यास | ○ सिकाइ सिप<br>○ अवलोकन सिप<br>○ सञ्चार सिप<br>○ स्व व्यवस्थापन सिप<br>○ सहयोग सिप<br>○ दृश्य साक्षरता सिप | ○ विद्यार्थीहरुलाई भोजन पिरामिड देखाउने र विभिन्न खाद्य समूहहरुको बारेमा चर्चा गर्ने, सन्तुलित भोजन भनेको कस्तो भोजन हो भनि समूहमा चर्चा गर्ने, जंकफुड (पत्रुखाना)को नकारात्मक पक्षहरुका बारेमा कक्षामा समूह बनाइ छलफल गर्ने, सन्तुलित भोजनको महत्वको बारेमा चर्चा गर्ने<br>○ विद्यार्थीहरुलाई सकारात्मक सोचहरुमा छलफल गराउने, सकारात्मक सोच देखाउने पोस्टर बनाउन लगाउने, सकारात्मक सोचको दैनिक अभ्यास गर्ने जस्तै धन्यवाद दिने, समस्यासँग नडराउनु आदि, सकारात्मक सोचले व्यक्तिमा हुने शारिरीक तथा मानसिक फाइदाका बारेमा छलफल गर्ने<br>○ बालविवाह देखाउने चित्र वा पोष्टर प्रदर्शन गर्ने, बालविवाहका विषयमा चर्चा गर्ने, बालविवाह गर्नाले हुन सक्ने समस्याहरुका बारेमा चर्चा गर्ने, बालविवाहका कारण देखिएका समस्य देखाउने स्थानीय घटना तथा कथाहरु सुनाउने, बाल विवाहलाई हटाउनका लागि परिवार, साथीभाइ विद्यालयको भूमिका<br>○ स्थानीयस्तरमा रहेका विभेद, विकृति, कुरिती तथा भ्रष्टाचारहरुको सूची तयार पार्ने, यस्ता विकृतिहरुले निम्त्याएका चुनौती तथा त्यस्ता चुनौतीका समाधान गर्ने उपायका बारेमा कक्षामा समूह बनाई समूहगत छलफल गर्ने,<br>○ सबै बालबालिकाहरुमा एक न एक प्रतिभा हुन्छ भन्ने | ○ सन्तुलित भोजन कस्तो भोजनलाई भनिन्छ भनि सोधेर, सन्तुलित भोजनको महत्व सोधेर<br>○ सकारात्मक सोचको परिचय र महत्व सोधेर<br>○ हाम्रो समाजमा बाल विवाहले निम्त्याएका चुनौतीहरु सोधेर<br>○ समाजमा रहेका विभेद, विकृति, कुरीति र भ्रष्टाचार अन्त्य गर्ने उपायहरू सोधेर र यस्तो ज्ञानलाई विद्यार्थीहरुले आफ्नो जीवनमा अवलम्बन गरे नगरेको हेरेर<br>○ योग तथा ध्यान<br>– अनुलोम विलाम<br>– सूर्य प्राणायाम<br>– कपाल भाती<br>– भस्त्रीका प्राणायाम<br>गरेको अवलोकन गरेर<br>○ राजयोगको ध्यान विधि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | विषयमा चर्चा गर्नुहोस, सबै विद्यार्थीहरुलाई आ–आफ्ना प्रतिभा पहिचान गर्न लगाउनुहोस्, त्यसै प्रतिभाका आधारमा भोलिको जीवनको उद्देश्य र योजना बनाउन लगाउने<br>○ विद्यार्थीहरुलाई सरल योगहरु जस्तै पर्वत आसन, भुजङ्ग आसन, वृक्षा आसन आदि, उनीहरुका लागि सामान्य र छोटो समयका लागि ध्यान सिकाउन शान्त स्थानको चयन गरि आँखा बन्द गरेर, लामो श्वास लिने, स्वासमा ध्यान दिने जस्ता क्रियाकलाप गराउने, मुद्रा चिकित्सा जस्तै प्राण मुद्रा, गरिमा मुद्रा आदिको अभ्यास गराउने, सकारात्मक सोचको विकासका लागि सकारात्मक वाक्य निर्माण गरि साथीहरुका बीच सेयर गर्न लगाउने, अनुलोम विलाम, सूर्य प्राणायाम, भस्त्रीका प्राणायाम र कपाल भातीको अभ्यास गराउन<br>○ ध्यान के हो ? किन गर्ने ? कसरी गर्ने ? भन्ने विषयमा चर्चा गर्ने, विद्यार्थीहरुलाई मानिसले ध्यान गरेको चित्र बनाउन प्रेरणा दिने, राजयोग ध्यान कस्तो ध्यान हो भन्ने विषयमा युटुभमा हेर्न लगाउने, विद्यालयको कार्पेट बिच्छ्याएको हलमा लगि विद्यार्थीहरुलाई ध्यान गर्ने अभ्यास गराउने | र अभ्यास गरेको अवलोकन गरेर |
| ७ | सामाजिक दुर्व्यसन र विपद् व्यवस्थापन | ○ विपद् व्यवस्थापनमा व्यक्ति, संघ सस्था, अभिभावक र समुदायको भूमिका बताउन<br>○ विपद्मा मनोपरामर्शको | ○ विपद् व्यवस्थापनमा व्यक्ति, संघ सस्था, अभिभावक र समुदायको भूमिका<br>○ विपद्मा मनोपरामर्श<br>○ बबई गाउँपालिकाको | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाई सिप<br>○ तुलना गर्ने सिप<br>○ पहिचान सिप | ○ बबई गाउँपालिकामा हुन सक्ने विपदहरुको सूची निर्माण गर्ने, विपद् स्थलहरुको स्थलगत भ्रमण गर्ने, स्थानीय स्तरमा हुने विपद्हरुको व्यवस्थापनमा कस कसलेके भूमिका खेल्छन भनि विद्यार्थीको राय माग्ने, विपद् व्यवस्थापनमा व्यक्ति, संघ सस्था, अभिभावक र समुदायको भूमिकाका बारेमा कक्षामा समूह बनाई | ○ विपद् व्यवस्थापनमा व्यक्ति, संघ सस्था, अभिभावक र समुदायको भूमिका सोधेर<br>○ विपद्मा मनोपरामर्शको अवधारणा, महत्व र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अवधारणा, महत्व र तरिका बताउन<br>○ बबई गाउँपालिकाको जोखिमयुक्त वडाहरुको पहिचान गरी भएका जोखिमहरु बताउन<br>○ लागुऔषध दुर्व्यशनीबाट हुने हानी तथा यसबाट बच्ने उपायहरु बताउन<br>○ विपद् व्यवस्थापनमा स्थानीय सरकारले गरेका प्रयासहरु बताउन<br>○ ग्यास सिलिण्डर विस्फोटबाट सावधान रहने उपाय बताउन | जोखिमयुक्त वडाहरु<br>○ लागुऔषध दुर्व्यशनीबाट हानी तथा यसबाट बच्ने उपायहरु<br>○ विपद् व्यवस्थापनमा स्थानीय सरकारले गरेका प्रयासहरु<br>○ ग्याँस सिलिण्डर विस्फोटबाट सावधान रहने उपाय | | छलफल गरि सबै समूहको राय कक्षामा प्रस्तुत गर्ने<br>○ मनोपरामर्शको अवधारणा चर्चा गर्ने, विपद्को समयमा मनोपरामर्शको आवश्यकता र मनोपरामर्श दिने तरिकाका बारेमा कक्षामा छलफल गर्ने, विभिन्न भूमिका दिएर विद्यार्थीहरुलाई नाटक गर्न लगाउने,<br>○ बबई गाउँपालिकाको कुन वडामा के कुराको जोखिम छ भनि सूची बनाउने, पालिकाको नक्सा बनाई ती जोखिमयुक्त ठाउँहरु देखाउन लगाउने, ती जोखिमयुक्त ठाउँहरुको भ्रमण गराउने, ती जोखिमहरुबाट बच्न र बचाउन के के गर्नुपर्ला भन्ने बारेमा कक्षामा छलफल गर्ने<br>○ बबई क्षेत्रमा देखिएका कुलतहरुको सूची निर्माण गराउने, कुलतबाट मानिसको जीवन बरबाद भएको स्थानीय तथा सुनेका कथाहरु सुनाउने, बच्ने उपायका बारेमा समूहमा छलफल गर्ने, सकारात्मक सन्देश दिने भूमिका नाटक खेलाउने, लागुऔषध दुर्व्यशनीबाट बच्ने उपायहरुका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने<br>○ बबई गाउँपालिकामा रहेको विपद् व्यवस्थापन समिति सँग समन्वय गरि पालिकाले गरेमा कार्यहरुको चर्चा गर्ने,<br>○ ग्यास सिलिण्डरबाट खाना पकाएको चित्र बनाउन लगाउने, ग्याँस सिलिण्डरको विष्फोट सम्बन्धीका कथाहरु सुनाउने, ग्यास सिलिण्डर किन्दा, जोड्दा र यसमा खाना पकाउदा अपनाउनु पर्ने सावधानीका बारेमा छलफल गरि शिक्षकले निष्कर्ष दिन | तरिका सोधेर<br>○ बबई गाउँपालिकाको जोखिमयुक्त वडाहरु भएका जोखिमहरुको सूची बनाउन लगाएर<br>○ लागुऔषध दुर्व्यशनीबाटका हानी तथा यसबाट बच्ने उपायहरु सोधेर<br>○ विपद् व्यवस्थापनमा स्थानीय सरकारले गरेका प्रयासहरु सोधेर<br>○ ग्यास सिलिण्डर विस्फोटबाट सावधान रहने उपायहरु सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | व्यबहारिक लेखक | ❍ निबेदनको ढाँचा तयार गर्न<br>❍ तमसुक लेखनको ढाँचा तयार गर्न<br>❍ भरपाई लेखनको ढाँचा तयार गर्न<br>❍ मेलमिलाप पत्र लेखनको ढाँचा तयार गर्न<br>❍ सुझाव पत्र लेखनको ढाँचा तयार गर्न | ❍ निवेदन लेखक<br>❍ तमसुक लेखन<br>❍ भरपाई लेखन<br>❍ मेलमिलाप पत्र लेखन<br>❍ सुझाव पत्र लेखन | ❍ सञ्चार सिप<br>❍ सिकाइ सिप<br>❍ लेखाइ सिप<br>❍ भाषीका सिप | ❍ निवेदनका लेख्दा ध्यान दिनुपर्ने कुराहरु जस्तै मिति, सम्बोधन, विषय, ब्यहोरा आदि स्पष्ट भएको निवेदनको नमुना देखाएर छलफल गर्ने, यस नमुनाका आधारमा कुनै अन्य संघ संस्थाहरुमा लेखिने निबेदनको ढाँचा तयार पार्न सहयोग गर्ने<br>❍ तमसुक लेख्दा ध्यान दिनुपर्ने कुराहरु जस्तै लिने दिनेको तीन पुस्ते विवरण, नाम थर, पुरा ठेगाना, उमेर, प्रयोजन, लिईएको दिईएको रकम, ब्याजदर, भाका, साँक्षी आदि स्पष्ट उल्लेख भएको तमसुकको नमुना देखाई छलफल गर्ने, एक नयाँ परिस्थितिमा भरपाई लेख्न लगाउने<br>❍ भरपाई लेख्दा ध्यान दिनुपर्ने कुराहरु जस्तै भरपाई गर्ने व्यक्तिको पुरा नाम, निजको ठेगाना र उमेर, खर्च गरेको रकम, स्पष्ट उल्लेख भएको भरपाईको नमुना देखाएर चर्चा गर्ने, एक नयाँ परिस्थितिमा भरपाई लेख्न लगाउने<br>❍ मिलापत्र लेख्दा ध्यान दिनुर्पे कुराहरु जस्तै झगडियाको दुई पुस्ते विवरण, नाम, थर, पूरा ठेगाना, उमेर, झगडाको कारण, स्थान, क्षतिको विवरण, दबै पक्षले गर्ने, सहीछाप, साँक्षी, रोहवर आदि उल्लेख भएको नमुना देखाएर चर्चा गर्ने, एक नयाँ परिस्थितिमा भरपाई लेख्न लगाउने<br>❍ सुझावपत्रको लेखनमा ध्यान दिनुर्पे कुराहरु जस्तै मिति, पाउनेको ठेगान, सम्बोधन, ब्यहोरा आदिको उल्लेख भएको सुझावपत्रको ढाँचा देखाउदै चर्चा गर्ने, एक नयाँ परिस्थितिमा भरपाई लेख्न लगाउन | ❍ खाने पानीको धारा, ईन्टरनेट, टेलिफोन, विद्युत मिटर बक्स आवश्यक परेको ब्यहोरा देखाउदै कुनै एक विषयमा निवेदन लेख्न लगाएर<br>❍ ऋण लियबापत लेखर दिने तमसुक लेख्न लगाएर<br>❍ घरको काम गरे बपता कुनै श्रमिकले रकम बुझेको स्रेस्ता राख्न लेखिएको भरपाई लेख्न लगाएर<br>❍ मेलमिलाप पत्र लेख्न लगाएर<br>❍ सुझाव पत्र लेख्न लगाएर |

| क्र. स. | क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | बबईको चिनारी | ❍ बबई गाउँपालिकाले जारी गरेका ऐन तथा कानुनहरु र ती ऐन कानुनमा भएका मुख्य व्यवस्थाहरु बताउन<br>❍ गाउँपालिका अध्यक्षको काम, कर्तव्य र अधिकार बताउन<br>❍ गाउँसभा, कार्यपालिका र न्यायिक समितिको भूमिका बताउन<br>❍ गाउँपालिका अन्तरगत रहेका शाखाहरुका कार्यहरु बताउन<br>❍ दाङ जिल्लाका स्थानीय तहहरुको सामान्य परिचय दिन<br>❍ बबई क्षेत्रलाइ थुनुवा वन भन्नुको पछाडिको कारण बताउन | ❍ बबई गाउँपालिकाले जारी गरेका ऐन तथा कानुनहरु<br>❍ गाउँपालिका अध्यक्षको काम, कर्तव्य र अधिकार<br>❍ गाउँसभा, कार्यपालिका र न्यायिक समितिको भूमिका<br>❍ गाउँपालिका अन्तरगत रहेका शाखाहरुको कार्य<br>❍ दाङ जिल्लाका स्थानीय तहहरुको सामान्य परिचय<br>❍ थुनुवा वन | ❍ अवलोकन सिप<br>❍ प्रश्नोत्तर सिप<br>❍ सिकाइ सिप<br>❍ तुलना गर्ने सिप<br>❍ पहिचान सिप | ❍ ऐन तथा कानुनहरुको अवधारणा र बबई गाउँपालिकाले जारी गरेका ऐन तथा कानुनका बारेमा चर्चा गर्ने, बबई गाउँपालिकाको वेभ पेजमा गएर पालिकाले जारी गरेका ऐन तथा कानुनहरुको सूची तयार पार्ने, ती ऐन तथा कानुनमा भएको मुख्य प्रावधानका बारेमा चर्चा गर्ने<br>❍ अध्यक्षको पदमा रहेर गर्नुपर्ने काम, कर्तव्य र अधिकारका बारेमा चर्चा गर्ने, पालिका अध्यक्षले गर्ने काम, कर्तव्य र अधिकारका बारेमा प्रश्नोत्तर कार्यशालाको आयोजना गर्ने, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको काम, कर्तव्य र अधिकारका बारेमा चर्चा गर्ने<br>❍ गाउँपालिकाको भ्रमण गराई वा पालिकाका जनप्रतिनिधि वा विधायन समितिका सदस्य सचिवलाई विद्यालयमा आमन्त्रण गरेर गाउँसभा, कार्यपालिका र न्यायिक समितिको भूमिकाको बारेमा प्रत्यक्ष जानकारी ल्याउने, कक्षामा गाउँसभा, कार्यपालिका र न्यायिक समितिको अवधारणा छुट्टा छुट्टै छलफल गर्ने, गाउँसभा, कार्यपालिक र न्यायिक समितिको भूमिकाको सूची निर्माण गर्ने<br>❍ गाउँपालिकाको भ्रमण गरी सबै शाखा र ती शाखाले गर्ने कार्यको सूची निर्माण गर्ने<br>❍ दाङ जिल्लाको नक्सा बनाई १० वटै पालिका भर्ने, सबै पालिकाको साविकका गाविस, हालको जनसङ्ख्या र | ❍ बबई गाउँपालिकाले जारी गरेका ऐन तथा कानुनहरुको सूची निर्माण गर्न लगाएर, ती ऐन तथा कानुनमा भएका मुख्य प्रावधान सोधेर<br>❍ गाउँपालिका अध्यक्षको काम, कर्तव्य र अधिकार सोधेर<br>❍ गाउँसभा, कार्यपालिका र न्यायिक समितिको भूमिका सोधेर<br>❍ गाउँपालिका अन्तर्गत रहेका शाखाहरुको मुख्य कार्य सोधेर<br>❍ दाङ जिल्लाका स्थानीय तहहरुको सामान्य परिचय<br>❍ थुनुवा वन नामाकरणको पछाडिका कारण सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | क्षेत्रफल, प्रसिद्ध स्थलहरुको बारेमा चर्चा गर्ने<br>○ बबई गाउँपालिकाको इतिहास सम्बन्धी जानकारहरुसंग बबईलाई थुनुवा वन किन भनिन्थ्यो ? फलाबाङ्गी राजाहरुले यस क्षेत्रमा किन वन बनाएका रहेछन ? आदि प्रश्न गरी यस बारेमा थप जानकारी ल्याउने | |
| २ | हाम्रा सम्पदाहरु | ○ बबईकका सम्पदाहरुको संरक्षणमा समुदाय, विद्यार्थी तथा समुदायको भूमिका बताउन<br>○ पुरन्धारा झरना परिचय, महत्व र संरक्षणको उपाय बताउन<br>○ कोट डाँडा, भीरगाउँ, मयुराकोट, खमारी कोट, रानी धोगर आदिको परिचय, महत्व र संरक्षण बताउन<br>○ साझा तथा विशिष्ट व्यक्तिहरु– लक्ष्मी चन्द, बालान क्षेत्री र चन्द्र बहादुर डाँगीको जीवनी बताउन<br>○ दाङ जिल्लाको सम्पदा– बाह्कुने दहको परिचय बताउन | ○ बबईकका सम्पदाहरुको संरक्षणमा समुदाय, विद्यार्थी तथा समुदायको भूमिका<br>○ पुरन्धारा झरना बबईको सान<br>○ कोट डाँडा, भीरगाउँ, मयूराकोट, खमारी कोट, रानी धोगर आदिको परिचय, महत्व र संरक्षण<br>○ साझा तथा विशिष्ट व्यक्तिहरु– लक्ष्मी चन्द, बालान क्षेत्री र चन्द्र बहादुर डाँगी<br>○ दाङ जिल्लाको सम्पदा– बाह्कुने दह | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाइ सिप<br>○ तुलना गर्ने सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप | ○ बबईका सम्पदाहरुको सूची बनाउन सहयोग गर्ने, ती सम्पदाहरुको अवलोकन भ्रमण गर्ने, मुख्य मुख्य सम्पदाहरुको चित्र बनाउन लगाउने, ती सम्पदा संरक्षणमा समुदाय र विद्यार्थीको भूमिकाका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने<br>○ बबई गाउँपालिकाको गौरवकारुपमा रहेको पुरन्धारा झरनाको अवलोकन भ्रमण गराउने, झरनाको पोस्टर, भिडियो वा फोटोहरु प्रदर्शन गर्ने, झरनाको चित्र बनाउन लगाउने, यस झरनाको महत्व र संरक्षण गर्ने उपायको बारेमा कक्षामा समूह बनाई छलफल गर्ने<br>○ कोट डाँडा, भीरगाउँ, मयुराकोट, खमारी कोट, रानी धोगर ठाउँहरुको भ्रमण गराउने, ती स्थलको अहिलेको अवस्थाका बारेका कक्षामा छलफल गर्ने, ती स्थलहरुको महत्व तथा यिनीहरुको संरक्षणको उपायका बारेमा चर्चा गर्ने<br>○ साझा तथा विशिष्ट व्यक्तिहरु– लक्ष्मी चन्द, बालान क्षेत्री र चन्द्र बहादुर डाँगी फोटो देखाउँदै उनीहरुको जीवनीका बारेमा चर्चा गर्ने, उनीहरुले यस पालिकालाई चिनाउन गरेको योगदानको चर्चा गर्ने, उनीहरुका आफन्त तथा जानकारलाई बोलाएर उनीका बारेमा रहेका जिज्ञासा मेटाउने, सबै विद्यार्थीहरुलाई उहाँहरुका | ○ बबईकका सम्पदाहरुको संरक्षणमा समुदाय, विद्यार्थी तथा समुदायको भूमिका सोधेर<br>○ पुरन्धारा झरनाको परिचय, महत्व र संरक्षण गर्ने उपायहरु सोधेर<br>○ कोट डाँडा, भीरगाउँ, मयुराकोट, खमारी कोट, रानी धोगर आदिको परिचय, महत्व र संरक्षणका उपायहरु सोधेर<br>○ साझा तथा विशिष्ट व्यक्तिहरु– लक्ष्मी चन्द, बालान क्षेत्री र चन्द्र बहादुर डाँगी जीवनी लेख्न लगाएर<br>○ दाङ जिल्लाको सम्पदा– बाह्कुने दहको परिचय सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | बारेमा थाहा पाउन २०–२० प्रश्न तयार गर्न लगाउने<br>○ बाह्कुने दहको भ्रमण गराउने, बाह्कुने दह बारेमा युटुभ भिडियो हेर्ने, यस दह प्रति के कस्ता जन विश्वास रहेका छन भनि चर्चा गर्ने, यस दह सम्बन्धि रहेको किंवदन्ती सुनाउने, बाह्कुने दहाको महत्वका बारेमा चर्चा गर्ने | |
| ३ | हाम्रो वातावरण र कर्तव्य | ○ जलवायु परिवर्तन न्यूनीकरण गर्ने उपायहरु बताउन<br>○ वनका प्रकारहरु, वनबाट हुन सक्ने फाइदा तथा वन संरक्षणका उपायहरु बताउन<br>○ खाली जग्गा, वनक्षेत्र, घर तथा विद्यालयमा बृक्षारोपण र जडीबुटी खेती, बजारीकरण र आर्थिक फाइदा बताउन<br>○ स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापन गर्ने उपाय बताउन<br>○ पालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय | ○ जलवायु परिवर्तन न्यूनीकरण गर्ने उपायहरु<br>○ वनका प्रकारहरु, वनबाट हुन सक्ने फाइदा तथा वन संरक्षणका उपायहरु<br>○ खाली जग्गा, वनक्षेत्र, घर तथा विद्यालयमा वृक्षरोपण र जडीबुटी खेती, बजारीकरण र आर्थिक फाइदा<br>○ स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापन<br>○ पालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसस्थाहरु र पालिका सरकारको भूमिका | ○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप<br>○ वातावरणप्रतिको सजकता र सम्मान सिप | ○ जलवायु परिवर्तनको विषयमा कक्षामा चर्चा गर्ने, जलवायु परिवर्तन वाट हाम्रो पलिकामा देखिएका असरहरुको बारेमा छलफल गरि सूची तयार गर्ने, जलवायु परिवर्तन न्यूनीकरण गर्ने उपायका बारेमा चर्चा गर्ने यसका लागि युटुभ भिडियोको सहायता ल्याउन सकिन्छ<br>○ पालिकामा भएका वनलाई के कस्ता प्रकार जस्तै सामुदायिक वन, कबुलियत वन, राष्ट्रिय वन, निजी वन,धार्मिक वन बाडिएको छ भनी छलफल गर्ने, कुन वनबाट के फाइदा हुन्छ भनी चर्चा गर्ने, वन संरक्षणको उपायका बारेमा समूहमा छलफल गर्ने, वनको भ्रमण गराउने,<br>○ खाली जग्गा, वनक्षेत्र, घर तथा विद्यालयमा हुने वृक्षरोपणमा विद्यार्थीहरुलाई सहभागी गराउने, पानी सिँचाई, मल हल्ने तथा गोडमेलमा समेत तिनीहरुलाई सहभागी गराउने, जडीबुटी खेती भएको स्थानको भ्रमण गराउने, हाम्रो यस बबई क्षेत्रमा हुन सक्ने जडीबुटीको सूची गराउने, जडीबुटी खेती गर्ने तरिका, उत्पादित जडीबुटिको बजारीकरण गर्ने र यसबाट हुन सक्ने फाइदाका बारेमा कक्षामा समूह गराई छलफल गर्ने<br>○ पालिका क्षेत्रमा भएका पानीका स्रोतको सूची तयार | ○ जलबायु परिवर्तन न्यूनीकरण गर्ने उपायहरु सोधेर<br>○ वनका प्रकारहरु, वनबाट हुन सक्ने फाईदा तथा वन संरक्षणका उपायहरु बताउन लगाएर<br>○ खाली जग्गा, वनक्षेत्र, घर तथा विद्यालयमा वृक्षारोपण र जडीबुटी खेती, बजारीकरण र आर्थिक फाइदा सोधेर<br>○ स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापन गर्ने उपायहरु सोधेर<br>○ पालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | हाम्रो वातावरण र कर्तव्य | समुदाय, संघसंस्थाहरु र पालिका सरकारको भूमिका बताउन<br>○ वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्थाको जानकारी लिन | वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्था | | गर्ने, पानीको दीर्घकालीन उपायका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने<br>○ पालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसस्थाहरु र पालिका सरकारको भूमिकाको बारेमा कक्षामा समूह बनाई छलफल गर्ने वनस्पति तथा वनयजन्तु अपराध सम्बन्धी केही वास्तविक घटनाहरु अध्ययन गर्न लगाउने, वन तथा वन्यजन्तुको तस्करी गर्दा आईलागेको संकट झल्काउने भूमिका नाटक गर्न लगाउने, वनस्पति तथा वन्यजन्तु अपराध सम्बन्धमा कक्षामा समूह बनाई छलफल गर्ने, वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण गर्नका लागि हाल स्थानीय सरकार तथा संघीय सरकारले बनाएका कानुनका बारेमा चर्चा गर्ने | संघसस्थाहरु र पालिका सरकारको भूमिका सोधेर वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्था सोधेर |
| ४ | स्थानीय पेसा, व्यवसाय र प्रविधि | ○ पशुपालन – परिचय, महत्व र पाल्ने तरिका बताउन<br>○ हाम्रा नगदेबाली – परिचय, महत्व र सहभागिता देखाउन<br>○ हस्त निर्मित सामग्री निर्माणमा सहभागिता र बजारीकरण गर्ने उपायहरु बताउन<br>○ हाम्रा स्थानीय साना तथा मझौला उद्योगहरु | ○ पशुपालन – परिचय, महत्व र पाल्ने तरिका<br>○ हाम्रा नगदेबाली – परिचय, महत्व र सहभागिता<br>○ हस्त निर्मित सामग्री निर्माणमा सहभागितम र बजारिकण गर्ने उपायहरु<br>○ हाम्रा स्थानीय साना तथा मजौला उद्योगहरु<br>○ च्याउखेति,माछापालनको परिचय, तरिका र महत्व | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ पशुपालनको अवधारणका बारेमा चर्चा गर्ने, स्थानीय पशुपालक किसान कृषि फमको भ्रमण गराउने, पशुपालनको महत्व र पाल्ने तरिकाका बारेमा कृर्षकहरुसंग छलफल गर्ने,<br>○ स्थानीय नगदेबालीहरुको सूची बनाउने, नगदेबाली कृषकसंग विद्याथीहरुलाई बार्तालाभ गर्ने वातावरण निर्माण गर्ने, नगदेबाली किसानको खेत तथा बारीको अवलोकन भ्रमण गराउने, नगदे बालीको महत्व र विद्यार्थीहरुको सहभागिताका बारेमा कक्षामा समुह बनाई छलफल गर्ने<br>○ हस्तकलाबाट निर्मित स्थानीय सामग्रीहरुको सूची निर्माणमा सहयोग गर्ने, ती सामग्रीहरुको बास्तविक | ○ पशुपालन – परिचय, महत्व र पाल्ने तरिका साधेर<br>○ हाम्रा नगदेबाली–परिचय, महत्व र सहभागिता अबलोकन गरेर<br>○ हस्त निर्मित सामग्री निर्माणमा सहभागित र बजारिकण गर्ने उपायहरु बताउन लगाएर<br>○ हाम्रा स्थानीय साना तथा मजौला उद्योगहरुको सूची |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | महत्व र संरक्षण गर्ने तरिका बताउन<br>○ च्याउखेती र माछापालनको परिचय, तरिका र महत्व बताउन<br>○ हाम्रा परम्परागत व्यवसायहरु – डोको डालो, ढकिया बुन्ने तरिका, आवश्यक सामग्री तथा आधुनिकीकरण गर्ने तरिका बताउन<br>○ कटाई सिलाई र बुनाईको परिचय, महत्व र विधि बताउन<br>○ जैविक खेती प्रणालीको परिचय, महत्व बताउन | ○ हाम्रा परमपरागत व्यवसायहरु – डोको डालो, ढकिया,<br>○ कटाई सिलाई र बुनाईको परिचय, महत्व र विधि<br>○ जैविक खेती प्रणालीको परिचय, महत्व | | वस्तु वा फोटो वा भिडियो देखाउने, विद्यार्थीहरुलाई त्यस्ता सामग्रीहरु निर्माण गर्ने अभ्यास गर्ने, त्यस्ता सामग्रीको आर्थिक तथा सांस्कृतिक महत्वका बारेमा कक्षामा समूह बनाई छलफल गराउने, ती सामग्रीहरुलाई बजारीकरण गर्ने तरिकाका बारेमा कक्षामा छलफल गर्ने<br>○ कक्षामा बबई गाउँपालिकामा सञ्चालित साना तथा मझौला उद्योगहरुको फोटो तथा भिडियो देखाएर परिचय दिन, अवलोकन भ्रमण गराई यसका सञ्चालकहरुबाट यसको महत्वका बारेमा छलफल गन, भएका उद्योगहरुको संरक्षण र नयाँ उद्योगहरुको स्थापना गरि पालिकामा आवश्य सामग्रीहरुमा आत्म निर्भर हुन के गर्नु पर्ला भन्ने विषयमा कक्षामा छलफल गर्ने<br>○ च्याउखेती र माछापालन भएका ठाउँमा अवलोकन भ्रमण गराउने, कृषकहरुसँग च्याउखेती र माछापालन गर्ने तरिकाका बारेमा छलफल गर्ने, कक्षामा समूह बनाई च्याउखेती र माछापालनको महत्वका बारेमा समूह बनाई छलफल गराउने<br>○ स्थानीय सामग्रीको वस्तु देखाएर छलफल गर्ने, चित्र वा बुनेको भिडियो देखाउने, विद्यार्थीहरुलाई डोको डालो, ढकियाको चित्र बनाउन लगाउने, यस्ता सामग्री बनाउने सामग्री, बनाउने तरिका र सामग्रीको उपयोग समेत छलफल गराउने, स्थानीय सामग्रीको महत्वका बारेमा समूहमा छलफल गरि समूहको धारणा प्रस्तुत गर्न लगाउने साथै यस्ता स्थानीय सामग्री निर्माण आधुनिकीकरण कसरी गर्न सकिन्छ भन्ने बारेमा चर्चा गर्ने | बनाउन लगाएर<br>○ च्याउखेती,माछापालनको परिचय, तरिका र महत्व सोधेर<br>○ हाम्रा परमपरागत व्यवसायहरु – डोको डालो, ढकिया बुन्ने तरिका र यस्ता स्थानीय सामग्रीको महत्व सोधेर<br>○ कटाई सिलाई र बुनाईको परिचय, महत्व र विधि सोधेर<br>○ जैविक खेती प्रणालीको परिचय र महत्व सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | ○ कटाई सिलाई र बुनाइका बारेमा कक्षामा चर्चा गर्ने, कटाई, सिलाई गर्ने व्यक्तिसँग यसमा आवश्यक सामग्री र यस पेसाको महत्वका बारेमा यस पेसामा संलग्न व्यक्तिहरुसँग छलफल गर्ने<br>○ जैविक खेती प्रणालीको विषयका बारे कक्षामा चर्चा गर्ने, जैविक खेती प्रणालीको महत्व बारेमा कक्षामा समूह बनाएर छलफल गर्ने | |
| ५ | हाम्रो संस्कृति | ○ कुमाले, बोटे र चुनारा जातिहरुको मुख्य मुख्य संस्कृतिहरुको परिचय बताउन<br>○ बबई क्षेत्रमा नाचिने नाचहरुको परिचय, महत्व र संरक्षण गर्ने उपायहरु बताउन<br>○ बबई क्षेत्र प्रचलित जन्म, विवाह र मृत्यु संस्कारको परिचय बताउन (सबै जातिको)<br>○ हाम्रा पुराना गीतहरुको परिचय–ठारी भाकाको महत्व गाउने अभ्यास गर्न<br>○ हाम्रा स्थानीय चाड पर्वहरु दशै, तिहार, माघीहरुको विगत र | ○ कुमाले, बोटे र चुनारा जातिहरुको मुख्य मुख्य संस्कृतिहरुको परिचय<br>○ बबई क्षेत्रमा नाचिने नाचहरुको परिचय, महत्व र संरक्षण गर्ने उपायहरु<br>○ बबई क्षेत्र प्रचलित जन्म, विवाह र मृत्यु संस्कार<br>○ हाम्रा पुराना गीत ठारी भाकाको महत्व र गाउने अभ्यास<br>○ हाम्रा स्थानीय चाड पर्वहरु दशै, तिहार, माघीहरुको विगत र वर्तमान र आधुनिकताले ल्याएको विचलनबाट बच्ने उपायहरु | ○ अवलोकन सिप<br>○ पहिचान सिप<br>○ प्रयोग सिप<br>○ सहकार्य सिप<br>○ सहयोग सिप<br>○ सञ्चार सिप<br>○ सिकाइ सिप | ○ पालिकाभित्र रहेको कुमाले, बोटे र चुनारा जातिहरुका जन्म , विवाह र मृत्यु संस्कारहरुको चर्चा गर्ने, यिनीहरुको जेष्ठ नागरिक तथा जानकारसँग उनीहरुको संस्कृतिहरुको बारेमा छलफल गर्ने,<br>○ बबई क्षेत्रमा नाचिने नयाँ र पुराना नाचहरुको सूची तयार पार्ने, ती नाचहरुलाई नाच्ने तरिकाको अभ्यास गर्ने, ती नाचहरुलाई नाच्ने तरिका युटुभ भिडियोमा हेर्ने, गीत र बाजाहरुसँगै नाच्ने अभ्यास गर्ने, नाच प्रतियोगिताको आयोजना गरि परम्परागत नाचलाई प्राथमिकता दिने<br>○ बबई क्षेत्रमा पाइने जातिहरुको सूची बनाउने, ती जातिहरुमा भएका जन्म, विवाह र मृत्यु संस्कारका बारेमा चर्चा गर्ने, सम्भव भएसम्म ती संस्कारहरु विद्यार्थीहरुलाई प्रत्यक्ष अवलोकन गर्ने वातावरण मिलाउने, त्यसो नभएमा खस आर्य, मगर, कुमाल, बोटे, राजी जस्ता जातिका अगुवासँग अन्तर्वार्ता गर्ने<br>○ बबई क्षेत्रमा गाइने पुराना गीतहरुको सूची बनाउने, विद्यार्थीहरुलाई आफूले सुनेका पुराना गीतहरु गाउन लगाउने, युटुभमा ठारी भाका सुनाएर गाउने अभ्यास | ○ कुमाले, बोटे र चुनारा जातिहरुको मुख्य मुख्य संस्कृतिहरुको परिचय सोधेर<br>○ बबई क्षेत्रमा नाचिने नाचहरुको परिचय, महत्व र संरक्षण गर्ने उपायहरु सोधेर<br>○ बबई क्षेत्र प्रचलित जन्म, विवाह र मृत्यु संस्कार सोधेर<br>○ हाम्रा पुराना गीत ठारी भाकाको महत्व र गाउने अभ्यास अवलोकन गरेर<br>○ हाम्रा स्थानीय चाड पर्वहरु दशै, तिहार, माघीहरुको विगत र वर्तमान र आधुनिकताले |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वर्तमान र आधुनिकताले ल्याएको विचलन र यसबाट बच्ने उपायहरु बताउन | | | गर्ने, यो गीत गाउने प्रतियोगिताको आयोजना गर्ने<br>○ हाम्रा स्थानीय चाड पर्वहरु दशै, तिहार, माघीका बारेमा चर्चा गर्ने, स्थानीय जेष्ठ नागरिकबाट विगतको समयमा यी चाड मनाउने तरिकाका बारेमा छलफल गर्ने, आधुनिकतासँगै यी चाड मनाउने तरिकामा आएको परिवर्तन, यसो हुनाको कारण र यस्ता विचलनबाट बच्ने उपायका बारेमा कक्षामा समूह बनाई प्रत्येकका बारेमा छलफल गर्ने | ल्याएको विचलनबाट बच्ने उपायहरु सोधेर |
| ६ | मानवीय मूल्य मान्यता र नैतिक शिक्षा | ○ गुरुकुलीय शिक्षा पद्धति परिचय, विशेषताहरु र यसमा रहेका राम्रा पक्षहरु बताउन<br>○ पूर्वीय दर्शनको सामान्य परिचय र महत्व बताउन<br>○ सन्तुलित आहारका प्रकार र प्राप्त गर्ने स्रोत (खानेकुराहरु) बताउन<br>○ आत्म सम्मानको परिचय र महत्व बताउन<br>○ योग तथा ध्यानको महत्व बताई अभ्यास गर्न<br>– अनुलोम विलाम<br>– सूर्य प्राणायाम<br>– कपालभाती | ○ गुरुकुलीय शिक्षा पद्धति<br>○ पूर्वीय दर्शनको सामान्य परिचय र महत्व<br>○ सन्तुलित भोजनका प्रकार र प्राप्त गर्ने स्रोत<br>○ आत्म सम्मानको परिचय र महत्व<br>○ योग तथा ध्यान<br>– अनुलोम विलाम<br>– सूर्य प्राणायाम<br>– कपालभाती<br>○ विपश्यना ध्यान विधि तथा अभ्यास<br>○ असल नागरिकका विशेषताहरुको पहिचान | ○ सिकाइ सिप<br>○ अवलोकन सिप<br>○ सञ्चार सिप<br>○ स्व व्यवस्थापन सिप<br>○ सहयोग सिप<br>○ दृश्य साक्षरता सिप | ○ गुरुकुलीय शिक्षा पद्धतिका मुख्य मुख्य विशेषताहरु चर्चा गर्ने, आधुनिक शिक्षा पद्धति र गरुकुलीय शिक्षा पद्धतिका बीचको भिन्नताका बारेमा छलफल गर्ने, यी दुई पद्धतिलाई विषयमा वादविवाद कार्यक्रमको आयोजना गर्ने<br>○ पूर्वीय दर्शनका बारेमा कक्षामा छलफल गर्ने, पूर्वीय दर्शनका मुख्य मुख्य विशेषताहरु, पाश्चात्य दर्शनसँग यसको भिन्नताका बारेमा कक्षामा समूह बनाई छलफल गर्ने, वेदको मूल सार के हो ? भन्ने विषयमा विद्यार्थीहरुलाई परियोजना कार्य दिने<br>○ विद्यार्थीहरुलाई भोजन पिरामिड देखाउने र विभिन्न खाद्य समूहहरुको बारेमा चर्चा गर्ने, सन्तुलित भोजन भनेको कस्तो भोजन हो भनि समूहमा चर्चा गर्ने, जंकफुड (पत्रुखाना)को नकारात्मक पक्षहरुका बारेमा कक्षामा समूह बनाइ छलफल गर्ने, सन्तुलित भोजनको महत्वको बारेमा चर्चा गर्ने, कुन खानेकुराबाट कुन कुन तत्वहरु पाइन्छ भन्ने बारेमा चर्चा गर्ने<br>○ आत्म सम्मानको अर्थ र महत्वका बारेमा विद्यार्थीहरुलाई | ○ गुरुकुलीय शिक्षा पद्धतिका विशेषताहरु सोधेर<br>○ पूर्वीय दर्शनको सामान्य परिचय र महत्व सोधेर<br>○ सन्तुलित भोजनका प्रकार र प्राप्त गर्ने स्रोतहरु सोधेर<br>○ आत्म सम्मानको परिचय र महत्व सोधेर<br>○ योग तथा ध्यान<br>– अनुलोम विलाम<br>– सूर्य प्राणायाम<br>– कपालभाती गर्ने तरिका अवलोकन गरेर<br>○ विपस्यना ध्यान विधि तथा अभ्यास गरेको अवलोकन गरेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ❍ विपश्यना ध्यान विधिका साथ अभ्यास गर्न<br>❍ असल नागरिकका विशेषताहरुको पहिचान गर्न | | | छलफल गराउनुहोस्, दैनिक जीवनमा आफू र आफ्नो विचारलाइ सम्मान गर्ने अभ्यास गराउने, आत्म सम्मानको महत्वका बारेमा कक्षामा समूह बनाई छलफल गरी आफ्ना धारणा प्रस्तुत गर्न लगाउने, सकारात्मक सोचको विकासको अभ्यास गराउने<br>❍ विद्यार्थीहरुलाई सरल योगहरु जस्तै पर्वत आसन, भुजङ्ग आसन, वृक्षा आसन आदि, उनीहरुका लागि सामान्य र छोटो समयका लागि ध्यान सिकाउन शान्त स्थानको चयन गरि आँखा बन्द गरेर, लामो साँस लिने, साँसमा ध्यान दिने जस्ता क्रियाकलाप गराउने, मुद्रा चिकित्सा जस्तै प्राण मुद्रा, गरिमा मुद्रा आदिको अभ्यास गराउने, सकारात्मक सोचको विकासका लागि सकारात्मक वाक्य निर्माण गरि साथीहरुका वीच सेयर गर्न लगाउने, अनुलोम विलाम, सूर्य प्राणायाम, भस्त्रीका प्राणायाम र कपाल भातीको अभ्यास गराउन<br>❍ ध्यान के हो ? किन गर्ने ? कसरी गर्ने ? भन्ने विषयमा चर्चा गर्ने, विद्यार्थीहरुलाई मानिसले ध्यान गरेको चित्र बनाउन प्रेरणा दिने, विपश्यना ध्यान कस्तो ध्यान हो भन्ने विषयमा युटुभमा हेर्न लगाउने, विद्यालयको कार्पेट,गुन्द्री बिच्छ्याएको हलमा लगि विद्यार्थीहरुलाई ध्यान गर्ने अभ्यास गराउन<br>❍ विद्यार्थीहरुलाई असल नागरिकका विशेषताहरुका बारेमा छलफल गर्न दिने, असल नागरिकको भूमिका खेल्न दिनुहोस्, असल नागरिकको महत्वका बारेमा कक्षामा निबन्ध लेख्न दिनुहोस् । | ❍ असल नागरिकका विशेषताहरुको पहिचान गर्न लगाएर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | सामाजिक दुर्व्यसना र विपद् व्यवस्थापन | ○ स्थानीयस्तरमा विपद् जोखिम न्यूनीकरणमा भूमिका खेल्ने निकायहरुको पहिचान र योगदान बताउन– स्थानीय सरकार, नेपाल रेडक्रस,<br>○ सम्भावित विपद्हरुको आँकलन गर्न<br>○ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका तीन चरणमा गरिने क्रियाकलापहरु बताउन<br>○ भूकम्प र यसबाट सुरक्षित हुने उपायहरु बताउन<br>○ विश्वका प्रमुख महामारी – ब्ल्याक डेथ, प्लेग, फ्लु, एचआईभि एड्स, हैजा, सार्स र कोभिडको सामान्य परिचय बताउन<br>○ लागु औषध दुर्व्यसनीबाट बच्न र बचाउन विद्यालय र विद्यार्थीको भूमिका | ○ स्थानीयस्तरमा विपद् जोखिम न्यूनीकरणमा भूमिका खेल्ने निकायहरु – स्थानीय सरकार, नेपाल रेडक्रस,<br>○ सम्भावित विपद्हरुको आँकलन<br>○ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका तीन चरणमा गरिने क्रियाकलाप<br>○ भूकम्प र यसबाट सुरक्षित हुने उपायहरु<br>○ विश्वका प्रमुख महामारी – ब्ल्याक डेथ, प्लेग, फ्लु, एचआईभि एड्स, हैजा, सार्स र कोभिड<br>○ लागुऔषध दुर्व्यसनीबाट बच्न र बचाउन विद्यालय र विद्यार्थीको भूमिका | ○ अवलोकन सिप<br>○ प्रश्नोत्तर सिप<br>○ सिकाई सिप<br>○ तुलना गर्ने सिप<br>○ पहिचान सिप | ○ स्थानीयस्तरमा विपद् जोखिम न्यूनीकरणमा भूमिका खेल्ने संस्थाहरुको पहिचान गरि सूची निर्माणको लागि विद्यार्थीहरुलाई सहयोग गर्ने, ती संस्थाहरुको कार्यक्षेत्र, फोन नम्बर सङ्कलन गर्ने, त्यस प्रकारको सूचनालाई ड्रोईङ पेपरमा लेखि घर तथा विद्यालयका कक्षाकोठाका भित्तामा टाँस्न लगाउने,<br>○ विद्यार्थीहरुलाई साना समूहमा विभाजित गरेर विभिन्न विपद्हरु जस्तै बाढी, पहिरो,आगलागीका बारेमा छलफल गर्ने, हाम्रो गाउँपालिकामा विगतमा भएका विपद्हरुको सङ्कलन गर्ने, कुन समय र परिस्थितिमा के कस्ता विपद्हरु आउँछन भनी कक्षामा समूह बनाई छलफल गर्ने<br>○ विपद् जोखिम न्यूनीकरणका तीन चरणहरुमा गरिने क्रियाकलापहरु – विपद् पूर्व तयारीः आपत्कालीन योजना, दक्ष जनशक्तिका लागि आवश्यक तालिम, जोज, उद्दार र राहत वितरणका लागि आवश्यक सामग्री, जनचेतनाका कार्यक्रम, यस्ता क्रियाकलापका अतिरिक्त के गर्न सकिन्छ भनि विद्यार्थीहरुसँग छलफल गर्ने, विपद्को समयमा : खोज, उद्दार तथा र हात वितरण कार्य, विपद् पश्चात् पुनर्स्थापना जस्ता क्रियाकलापहरुका बारेमा छलफल गर्ने<br>○ भूकम्प आउनुको वैज्ञानिक कारणका बारेमा कक्षामा चर्चा गर्ने, भूकम्पले आफैं मानिसको ज्यान लिदैन बरु मानिसले बनाएका कमजोर भौतिक संरचनाका कारण मानिसको ज्यान जान्छ भन्ने कुरालाई विभिन्न समयमा आएका भूकम्पहरुको उदाहरण दिएर चर्चा गर्ने, | ○ स्थानीयस्तरमा विपद् जोखिम न्यूनीकरणमा भूमिका खेल्ने संस्थाहरुको नाम र सेवा लिन तरिकाका बारेमा सोधेर<br>○ सम्भावित विपद्हरुको आँकलन गर्न लगाएर<br>○ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका तीन चरणमा गरिने क्रियाकलापहरु सोधेर<br>○ भूकम्प र यसबाट सुरक्षित हुने उपायहरु सोधेर<br>○ विश्वका प्रमुख महामारी – ब्ल्याक डेथ, प्लेग, फ्लु, एचआईभि एड्स, हैजा, सार्स र कोभिडको परिचय सोधेर<br>○ लागु औषध दुर्व्यसनीबाट बच्न र बचाउन विद्यालय र विद्यार्थीको भूमिका सोधेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | भूकम्पबाट सुरक्षित रहन के के गर्नु पर्छ भन्ने विषमा कक्षामा समुह बनाइ छलफल गर्ने, भूकम्प आएको मानेर विद्यार्थीहरुलाइ विभिन्न भूमिका दिइ नाटक गर्न लगाउने, विश्वका प्रमुख महामारी– बल्याक डेथ, प्लेग, फ्लु, एचआईभि एड्स, हैजा, श्वास र कोभिडहरुबाट विश्वभर कति मानिस मरेका थिए, कहिले आयको थियो, कसरी मानिसमा संक्रमण भयो भन्ने बारेमा कक्षामा छलफल गर्ने,<br>❍ बबई क्षेत्रमा देखिएका कुलतहरुको सूची निर्माण गराउने, कुलतबाट मानिसको जीवन बरबाद भएको स्थानीय तथा सुनेका कथाहरु सुनाउने, बच्ने उपायका बारेमा समूहमा छलफल गर्ने, सकारात्मक सन्देस दिने भूमिकानाटक खेलाउने, लागुऔषद दुर्वेसनी बच्ने उपायहरुका बारेमा कक्षामा समुह बनाई छलफल गर्ने, लागुऔषद दुर्वेसनीबाट बच्न विद्यालय र विद्यार्थीको भूमिकाका बारेमा कक्षामा समुह बनाई छलफल गर्ने<br>❍ माइन्युट लेखनका बारेमा कक्षामा चर्चा गर्ने, विद्यालयमा रहेको बाल क्लवको बैठक बसेर गरेको निर्णयहरु लेख्ने अभ्यास गराउने, माइन्युट लेख्दा लेखिने ब्यहोरा, उपस्थिति, प्रस्ताव र निर्णयहरु उल्लेख भएको एउटा नमुना देखाएर छलफल गर्ने,<br>❍ बैनापत्रको कागज लेख्दा ध्यान दिनुपर्ने कुराहरु जस्तै लिने दिनेको तीन पुस्ते विवरण, नाम थर, पुरा ठेगाना, उमेर, प्रयोजन, लिईएको दिईएको रकम, भाका, साक्षी, बदर गरेमा भोग्ने सजाय आदि स्पष्ट उल्लेख भएको बयानापत्रको नमुना देखाई छलफल गर्ने, एक नयाँ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | व्यवहारिक लेखन | ❍ माइन्युट तथा निर्णय लेखनको ढाँचा तयार गर्न<br>❍ बैनापत्रको कागज लेखनको ढाँचा तयार गर्न<br>❍ कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरु बताउन<br>❍ बैक खाता, बैक चेक, ए.टि.एम. र भौचरको प्रयोग गर्ने तरिका बताउन<br>❍ बिल तथा नगदी रसिदको प्रयोग गन | ❍ माइन्युट तथा निर्णय लेखन<br>❍ बैनापत्रको कागज लेखन<br>❍ कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरु<br>❍ बैक खाता, बैक चेक, ए.टि.एम. र भौचरको प्रयोग<br>❍ बिल तथा नगदी रसिदको प्रयोग | ❍ सञ्चार सिप<br>❍ सिकाइ सिप<br>❍ लेखाइ सिप<br>❍ भाषीका सिप | परिस्थितिमा भरपाई लेख्न लगाउने<br>❍ कार्यक्रम के कहिले, कसले, किन गर्ने भन्ने कुरा चर्चा गर्ने, औपचारिक कार्यक्रममा आवश्यक पर्ने सभाध्यक्ष, प्रमुख अतिथि, विशिष्ठ अतिथि लगायत अन्यलाइ आसन ग्रहण, मन्तव्य, समापन आदिको बारेमा विद्यार्थीहरुलाई अभ्यास गराउने, कुनै औपचारिक कार्यक्रममा विद्यार्थीहरुलाइ सहभागि बनाइ कार्यक्रम सञ्चालकले गर्ने कामको अवलोकन गर्न लगाउने, कक्षामा कुनै कार्यक्रमको आयोजना गरि विद्यार्थीहरुलाई कार्यक्रम सञ्चालन गर्न दिने<br>❍ कुनै बैंकको खाता, बैक चेक, एटिएम. र भौचरको प्रयोगका बारेमा कक्षामा छलफल गर्ने, बैंक खाता खोल्ने तरिका, बैक चेकको प्रयोग र प्रयोग गर्ने तरिका, एटिएम प्रयोग गर्ने तरिका तथा पैशा निकाल्दा भरिने भौचर भरेर देखाउने र त्यसै अनुसार विद्यार्थीहरुलाइ पनि गर्न लगाउने, नजिकैको बैंकको भ्रमण गराउने<br>❍ बिल तथा नगदी रसिदको प्रयोगका बारेमा चर्चा गर्ने, बिल तथा नगदी रसिदमा उल्लेख गर्नु पर्ने मिति, क्रेताको नाम, ठेगाना समानको विवरण, मूल्य आदि स्पष्ट भएको नमुना देखाएर छलफल गर्ने, खाली वील भर्न लगाउने | ❍ माइन्युट तथा निर्णय लेख्न लगाएर<br>❍ बयानापत्रको कागज लेख्न लगाएर<br>❍ कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरु सोधेर वा कार्यक्रम सञ्चालन गरेको अवलोकन गरेर<br>❍ बैक खाता, बैक चेक, ए.टि.एम. र भौचरको प्रयोग गरेको हेरेर<br>❍ बिल तथा नगदी रसिद भर्न लगाएर |

## ६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

स्थानीय पाठ्यक्रम स्थानीय वस्तुस्थितिको सापेक्षतामा तयार गरिने पाठ्यक्रम हो । एउटै पालिकामा पनि स्थानीय विषयवस्तुहरूको सन्दर्भ र परिवेशमा एकरूपता नहुन सक्छ । स्थानीय विषयको लागि पाठ्यपुस्तकको परिकल्पना गरिदैन तथापी विषयवस्तुसँग सम्बन्धित विभिन्न सन्दर्भ पुस्तकहरूलाई उपयोगमा भने ल्याउन सकिन्छ । विद्यार्थीको रूची, उमेर, क्षमता र स्थानीय परिवेशको जगमा यसको सिकाइ सहजीकरण गर्नुपर्ने भएकोले एउटै विधि वा सिकाइ क्रियाकलाप स्थानीय विषयमा सान्दर्भिक हुँदैन । यस अर्थमा पनि परिवेश सापेक्ष शिक्षण सिकाइ क्रियाकलाप वाञ्छनीय हुन्छ । स्थानीय पाठ्यक्रमको सिकाइ सहजीकरणको सम्बन्धमा स्थानीय विषय पढ्ने र पढाइने विषय भन्दा पनि गर्ने र गराइने विषय हो । यो स्थानीय विशिष्ठ परिस्थिति सापेक्ष हुन्छ जसले गर्दा यसले पाठ्यपुस्तकको परिकल्पना गर्दैन । एउटै पालिकाको विभिन्न क्षेत्रको वस्तुस्थिति पनि फरक-फरक हुनसक्ने भएकाले ठाउँ विशेष यसका क्रियाकलापहरू पनि फरक फरक हुनसक्ने सम्भावना रहन्छ । कुनै पनि विषयवस्तुको प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप, आवश्यक शैक्षणिक योजना निर्माण, त्यसको कार्यान्वयनको आवश्यकता हुन्छ । स्थनीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका विषयक्षेत्रसँग सम्बन्धित भई विभिन्न विद्यार्थी केन्द्रित क्रियाकलाप, परियोजना कार्य, सामुहिक कार्यलाई उपयोगमा ल्याउन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोग गर्दै विषयवस्तुको वारेमा विद्यार्थीलाई स्पष्ट पार्न सकिन्छ । स्थानीय पाठ्यक्रम शिक्षणको विधि तथा क्रियाकलाप यही नै हुन्छ वा हुनुपर्छ भन्ने हुँदैन तथापी शिक्षण सिकाइ गर्दा निम्नानुसार शिक्षण विधि र क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ :

**सिकाइ सहजीकरण गर्न देहायका विधिहरू अपनाउन सकिनेछ :**

क) आधारभूत शिक्षण विधि :छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि आदि ।

ख) अनुसन्धानमा आधारित शिक्षण विधि :कार्यमूलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन

ग) वैकल्पिक शिक्षण विधि :श्रव्य-दृश्य, सङ्गीत शिक्षण, कथाकथन, सूचना तथा सञ्चार प्रविधिमा आधारित, अन्य ।

**सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्षहरू**

स्थानीय पाठ्यक्रम स्थानीय विषय स्थानीय परिवेशमा तयार गरिएको आवश्यकता केन्द्रित विषयवस्तुहरूको सँगालो भएकोले अन्य विषयहरू जस्तो तोकिएको पाठ्यपुस्तक/कार्यपुस्तकमा उल्लेख भए बमोजिम सिकाइ सहजीकरण गर्न सम्भव हुँदैन । विषयवस्तुको माग र विद्यार्थीको अवस्थालाई मध्यनजर राख्दै स्थानीय विषय पठनपाठन गराउनु पर्ने भएकोले पनि यसको सिकाइ सहजीकरण अन्य विषय भन्दा अलि फरक हुन सक्ने सम्भावना रहन्छ । सम्बन्धित विषय क्षेत्रमा मेल खाने शिक्षण विधि तथा प्रविधि छनौट गर्दा ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

**विषयवस्तु तथा सिकाइ उपलब्धि :**

स्थानीय पाठ्यक्रममा उल्लेख गरिएको तथा कक्षागता, एकाइगत तथा पाठगत विषयवस्तु तथा अपेक्षित सिकाइ उपलब्धि सँग मेल खाने सिकाइ सहजीकरण विधि छनौट र प्रयोगमा समुचित ध्यान दिनुपर्दछ । उदाहरणका लागि स्थानीय सिप र प्रविधि सम्बन्धमा शिक्षण सिकाइ गर्दा विद्यार्थीलाई व्याख्यान वा विश्लेषणात्मक विधिबाट सहजीकरण गर्दा अपेक्षित सिप विकास गर्न सकिन्न । यसको लागि प्रयोगात्मक, अभ्यासात्मक तथा प्रदर्शन जस्ता विधिहरू आवश्यक हुन्छन् ।

**बालमनोविज्ञान :**

पाठ्यपुस्तक तथा कार्यपुस्तकद्वारा चित्रात्मक प्रस्तुतिबाट सिकिरहेका विद्यार्थीहरूलाई स्थानीय पाठ्यक्रम विना कुनै पाठ्यपुस्तक वा कार्यपुस्तकबाट पढ्नु पर्दा असहजताको अनुभूति हुनसक्छ । यस्तो अवस्थामा सर्वप्रथम विद्यार्थीको दैनिक जीवन तथा स्थानीय परिवेश अनुकूलको स्थानीय विषय शिक्षण गर्दा विद्यार्थीको उमेर, रूचि, व्यक्तिगत क्षमता, पूर्वज्ञान, प्रवृत्ति आदिलाई ध्यान दिई सोही बमोजिमका सिकाइ सहजीकरण विधि उपयोगमा ल्याउनु पर्ने हुन्छ ।

**स्रोत साधनको उपलब्धता :**

स्थानीय विषयको सिकाइ सहजीकरण गर्दा शिक्षण विधि तथा रणनीति छनौटको सन्दर्भमा आर्थिक, मानवीय, भौतिक एवम् स्थानीयताको दृष्टिकोणले उपयुक्त हुने र स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सहजतापूर्वक प्रयोग गर्न सकिने हिसाबले छनौट गर्नु पर्दछ।

**विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति :**

विद्यालयको वातावरण, विद्यार्थी तथा विद्यार्थी आउने समुदायको पृष्ठभूमिमा परिस्थिति सापेक्ष शिक्षण विधि तथा प्रविधिहरूको छनौट र उपयोगलाई ध्यान दिई शिक्षण सिकाइको योजना निर्माण गर्नपर्ने हुन्छ । विद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरू उपलब्ध छन् । स्थानीय स्तरबाट थप सामग्रीहरू के कसरी उपलब्ध गराउन सकिन्छ  शिक्षण सिकाइमा हाम्रो लागि कस्तो परिस्थिति विद्यमान छ ।जस्ता कुराहरूको सही र सार्थक विश्लेषण गरी शिक्षण विधिको छनौट र प्रयोग गर्न सके स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रिया सहज रूपमा सञ्चालन गर्न सकिन्छ ।

**शिक्षकको योग्यता, क्षमता, र रूचि :**

स्थानीय विषय केवल पाठ्यक्रम र विभिन्न सन्दर्भ सामग्रीद्वारा पठनपाठन गर्नुपर्ने भएकोले शिक्षक योग्य भएर मात्र पुग्दैन । शिक्षकले आत्मविश्वासका साथ आवश्यक विधि तथा प्रविधि र शिक्षण सामग्रीको व्यवस्थापन गर्न पनि सक्रिय हुनु पर्छ। लगनशील र पेसासँग बफादार शिक्षकले मात्र इमान्दारी पूर्वक आवश्यक स्रोत सामाग्रीको व्यवस्थापन गरेर स्थानीय विषय पठनपाठन गर्न सक्ने भएकोले शिक्षकको क्षमता र आत्मविश्वास विकास गर्न स्थानीय विषयको पाठ्यक्रम तथा शिक्षण विधिको बारेमा यथोचित तालिमको व्यवस्था गर्नुपर्ने हुन्छ । स्थानीय परिवेश, सन्दर्भ र प्रसङ्ग स्थानीय विषयवस्तु स्वभावले नै स्थानीय परिवेश, स्थानीय सन्दर्भ र प्रसङ्ग सापेक्ष हुन्छ । विषयवस्तुको स्वरूप र अपेक्षित सिकाइ उपलब्धिलाई स्थानीय परिवेशसँग संयोजन गर्दै स्थानीय वातावरण अनुकूल शिक्षण विधि र प्रविधिको छनौट गरी सिकाइ सहजीकरण गर्न सकिने भएकोले स्थानीय परिवेश र सन्दर्भलाई पनि विशेष ध्यान दिन आवश्यक हुन्छ ।

**स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव**

स्थानीय पाठ्यक्रम स्थानीयता केन्द्रित हुन्छ । स्थानीय आवश्यकताको जगमा स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागीतामा स्थानीय पाठ्यक्रम तयार हुन्छ । यो लचिलो प्रकृतिको हुने भएकोले समय, सन्दर्भ र आवश्यकताको आधारमा यसलाई सहजै परिस्कृत एवम् परिमार्जन गर्न पनि सकिन्छ । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषय जुन स्थानीय सन्दर्भमा आवश्यक र महत्त्वपूर्ण छ, ती विषय क्षेत्रहरू नै स्थानीय पाठ्यक्रममा समेटिन्छन् । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यान्वयन गर्ने पाठ्यक्रम पनि हो । यो केन्द्रमुखी हुँदैन । यो विकेन्द्रित पाठ्यक्रम हो । स्थानीय आवश्यकतालाई दृष्टिगत गरी तयार गरिने स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न त्यति सजिलो हुदैन। तर, सम्पूर्ण सरोकारवालाहरूको विश्वास जित्न सकेको खण्डमा यसको कार्यान्वयन त्यति गाह्रो पनि देखिदैन । यसको कारण के हो भने स्थानीय पाठ्यक्रम स्थानीय स्रोत साधनकै प्रयोग गरेर कार्यान्वयन गर्न सकिन्छ ।

पाठ्यक्रम तयार भएपछि पाठ्यपुस्तक नै नभए पनि पाठ्यक्रम कार्यान्वयन गर्न विद्यार्थी र शिक्षकको संयुक्त प्रयास हुँदा सजिलै सकिन्छ । नेपाल विविधताले भरिपूर्ण मुलुक हो । यहाँका प्रत्येक टोलटोल र गाउँगाउँमा फरक फरक संस्कृति, रीतिरिवाज र परम्परा पाइन्छन् । भौगोलिक परिवेश, जातजाति, संस्कार एवम् संस्कृति र मूल्यमान्यता पनि विविधता पाइन्छ । दाङ जिल्ला बबई  गाउँपालिकाको सन्दर्भमा पनि यो कुरा लागु हुन्छ । नेपालमा अपार स्रोत र सम्भावनाको भण्डार छ । हामीमा त्यसलाई पहिचान र व्यावसायीकरण गर्ने सिप र अभिवृत्तिको मात्र खाँचो छ । बबई गाउँपालिका पनि प्राकृतिक  स्रोत साधन, पर्यटकीय सम्भावना, जातिगत विशिष्टताले धनी छ । प्रशस्त जनशक्ति भएर पनि तिनलाई आर्थिक विकासको मूल धारमा ल्याउन सकिएको छैन । स्वरोजगरीको सिर्जना गर्ने भन्दा अरूले सिर्जना गरी दिएको रोजगरीमा मजदुरी गर्ने खालका जनशक्ति दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । बबई गाउँपालिकाले विभिन्न पेसा एवम् व्यवसाय गर्न चाहने व्यक्तिहरूलाई आर्थिक सहायता, बिना धितो सरल कर्जा वितरण जस्ता कार्यक्रमहरू अगाडि बढाइरहेको छ । तर पनि हालका वर्षमा समुदायका युवा शिक्षित बेरोजगारका रूपमा परिणत भइरहेका छन्। यस्तो अवस्था आउनु हाम्रो जस्तो विकासोन्मुख मुलुक र पालिकाका लागि विडम्बनाको कुरा हो । हाम्रो देशमा औद्योगिक क्षेत्र र सेवा क्षेत्र निकै सानो भएकाले यहाँ सीमित व्यक्तिले मात्र अवसर पाउन सक्ने अवस्था छ । स्थानीय स्रोत र साधन खेर गई कृत्रिम गरीबीको अवस्था सिर्जना भएको देखिन्छ। यस्ता कुरालाई राष्ट्रिय पाठ्यक्रमले समेट्न सम्भव हुँदैन। हो, हाम्रो बबई गाउँपालिका पनि उद्यम नगर्ने, बेरोजगार छु भन्ने तर भएको जमीन बाँझै राखेर तरकारी मूल्य बढ्यो भनेर सरकारलाई गाली गर्ने प्रवृत्ति  छ ।

हामीले विद्यार्थीलाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्वका वारेमा पनि सिकाउनुपर्ने हुन्छ । स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाउने कार्यमा स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको हुन्छ। स्थानीय पेसा, व्यवसाय तथा जीविकोपार्जनमा विद्यार्थीलाई सहभागी गराउन पनि यो स्थानीय पाठ्यक्रम उपयोगी सिद्ध हुनेछ। त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर विद्यार्थीलाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो। यस्तो पाठ्यक्रम कुनै एक विद्यालय वा नजिकका विद्यालयका समूहले मिलेर बनाई लागु गर्न सक्छन्। यो पाठ्यक्रमको नमुनामा कुनै स्थान विशेष नतोकिएको हुनाले केही सामान्य जस्तो देखिन्छ । स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका कतिपय विषयवस्तुहरू आवश्यक स्रोतसामग्रीहरूको खोजी गरी उपयोगमा ल्याउनुपर्ने हुन्छ। यसको लागि आवश्यक स्रोत साधनको खोजी गर्न समेत क्रियाशील हुन आवश्यक छ । विद्यार्थीले प्रत्यक्ष भाग लिएर वा सम्बन्धित व्यक्ति वा विज्ञ व्यक्तिहरूसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सिप र अभिवृत्ति हासिल गर्न सक्नेछन् ।

स्थानीय विषयले निर्दिष्ट गरेको क्षेत्र, कम र उद्देश्यलाई केन्द्रबिन्दुमा राखेर विद्यार्थीको व्यक्तिगत विभिन्नता र सामाजिक विविधता अनुरूपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्ने, सान्दर्भिक स्थानीय विषयवस्तु र आवश्यकतालाई जोड्दै विद्यार्थीको सक्रिय सहभागीता बढाउन विशेष ध्यान दिने, स्थानीय पेसा, व्यवसाय, समाज, संस्कृति, भूगोल, जातिगत र भाषागत अवस्थाको आधारमा विद्यार्थीको अपनत्व हुनेखालको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, पाठ्यक्रमको मर्म र भावना अनुसार कक्षागत रूपमा सामान्यबाट जटिलतर्फका विषयवस्तु मिलाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, कक्षाकोठाभित्र सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूः समूह कार्य, छलफल, प्रश्नोत्तर, अन्तरक्रिया, याख्याको प्रयोग, अभिनय, नाटक आदिलाई शिक्षण सिकाइसँग जोड्दै सिकाइको प्रभावकारीतामा ध्यान दिने, कक्षाकोठा वाहिर सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूः परियोजना कार्य, सामुदायिक कार्य, कार्यमूलक अनुसन्धान, क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, बाल अनुसन्धान, घट्ना अध्ययन, विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी, लक्षित समूह छलफल आदि पक्षमा पाठ्यक्रमका उद्देश्य सम्बन्धित गराई शिक्षण सिकाइ क्रियकालापलाई प्रभावकारी बनाउन प्रयत्नरत रहने, सिकाइलाई दिगो र उद्देश्यमूलक बनाउन विद्यार्थीलाई गरेर सिक्ने (Learning By Doing)सिद्धान्तको व्यवहारिक प्रयोगमा ध्यान दिने, मूल्याङ्कनका लागि पेपर-पेन्सिल टेस्ट भन्दा पनि निरन्तर अभ्यास एवम् परियोजना कार्य तथा विद्यार्थीको अभिव्यक्ति र व्यवहार परिवर्तनको अवस्थालाई ख्याल गर्ने, विभिन्न स्रोतसामग्री सङ्कलन गरी पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सक्षमता प्राप्तिका लागि प्रयत्नशील रहने, मूल्याङ्कन गर्दा विद्यार्थीको कार्यलाई प्रशंसा गर्ने, सिर्जनात्मक अभिव्यक्ति र अभ्यासात्मक क्रियाकलापको जगमा विद्यार्थीले प्राप्त गरेको ज्ञान, सिप, अभिवृत्ति र व्यवहारिक पक्षलाई आँकलन गर्ने, स्थानीय

विषय पढाउने शिक्षकहरूबीच अनुभव आदान-प्रदान गरी आइपरेका समस्याहरू हल गर्न सदैव क्रियाशील रहने,पाठ्यक्रमलाई समसामयिक बनाउन आवश्यकता महशुस भएको अवस्थामा पालिकास्तरीय छलफल गरी परिमार्जन गर्न पहल गर्ने, विद्यार्थीलाई उत्पादनसँग गाँस्दै श्रमलाई सम्मान गर्ने तथा अग्रजहरूको योगदानको कदर गर्दै असल आचरण, नैतिक मूल्यमान्यता, अनुशासन तथा सभ्यता सम्बन्धी पक्षहरूमा आफू र विद्यार्थी दुवैको भूमिकालाई समन्वयात्मक ढङ्गले विकास र विस्तार गर्न प्रयत्नशील रहने, आफ्नो परिवेश, स्थानीयता, जन्मभूमि, आफ्नो भाषा, संस्कृति, कलाकौशल, संस्कार, चाडपर्व, मूल्यमान्यता जस्ता पक्षहरू शिक्षण गर्दा आवश्यकतानुसार सम्बन्धित विषयमा जानकार व्यक्तिहरूलाई स्रोत शिक्षकको रूपमा बेलाबेलामा आमन्त्रण गरी अनुभव साटासाट गर्ने परिवेश निर्माण गर्ने। विपद् व्यवस्थापन र सुरक्षित विद्यालय सम्बन्धी समुचित जानकारी गराइ विद्यार्थीलाई विपदबाट बच्ने उपाय, व्यवस्थापन, कारण, प्रभाव तथा सुरक्षित विद्यालयको आवश्यकता र महत्त्वको सम्बन्धमा समेत छलफल, अनुभव साटासाट, अन्तरक्रिया, परियोजना कार्य, प्रत्यक्ष अवलोकन आदिको माध्यमले सुसूचित गराउन क्रियाशील रहने कार्यमा सहभागीतात्मक पद्धति अवलम्बन गर्नु पर्दछ।

**७. मूल्याङ्कन प्रणाली**

**मूलतः** स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरूको मूल्याङ्कन गर्न विद्यार्थीले प्राप्त गरेका उपलब्धिहरू परियोजना कार्यमार्फत गर्न सान्दर्भिक हुन्छ। पेपर-पेन्सिल टेस्टबाट मात्र स्थानीय विषयको उपलब्धी मूल्याङ्कन गर्दा पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ उपलब्ध प्राप्त भए/नभएको यकिन गर्न कठिन हुन्छ। तर पनि विद्यार्थी मूल्याङ्कन पाठ्यक्रमको एक अभिन्न अङ्ग हो। यस अन्तर्गत विद्यार्थी मूल्याङ्कन र पाठ्यक्रम मूल्याङ्कन महत्त्वपूर्ण छन्। वर्तमान पाठ्यक्रमले कक्षा ७ सम्म विद्यार्थी मूल्याङ्कनमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ। कक्षा १-३ मा शत प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारमा, कक्षा ४-५ मा ५० प्रतिशत आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत बाह्य मूल्याङ्कनका आधारमा मूल्याङ्कन गर्नु पर्ने प्रावधान छ। तर, शैक्षिक सत्र २०७७ देखि लागु भएको कक्षा १ को एकिकृत पाठ्यक्रमले निरन्तर मूल्याङ्कनलाई समसामयिक परिमार्जन गरीसकेको छ। यसको लागि सक्षमतामा आधारित पाठ्यक्रमको अवधारणा अनुरूप विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने हुन्छ। यसको अर्थ निश्चित समयावधिमा नभई नियमित, निरन्तर तथा कक्षा क्रियाकलापको अङ्गको रूपमा नै मूल्याङ्कनलाई प्रयोग गरीनुपर्छ भनिएको हो। स्थानीय पाठ्यक्रमको मूल्याङ्कन पनि यही आधारमा नै गर्नुपर्दछ। स्थानीय पाठ्यक्रमका विषयहरूमा विद्यार्थीहरूले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा व्यवसायका काम गरेर एवम् स्वयम् कार्य अभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन्। यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रूपमा निरन्तर गर्नुपर्दछ। यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापहरूको अवलोकन, अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी वर्गकै साथी समूहको राय प्रतिक्रिया आदि उपयोगी हुन्छन्। विद्यार्थीहरूलाई स्थानीय सिप सिकाउने कुरालाई जोड दिने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरी अभिभावकहरूको आय आर्जनमा पनि सहयोग पुग्न सक्छ। पाठ्यक्रम बमोजिम स्थानीय पाठ्यक्रमको पनि आवधिक परीक्षाहरू समेत लिई तोकिएका ढाँचामा प्रगति अभिलेक र पोर्टफोलियोहरू पनि राख्नुपर्दछ। पाठ्यक्रमको समग्र मूल्याङ्कन भने पाठ्यक्रम निर्माण समूह, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरू समेतको संयुक्त प्रयासमा अवलोकन, अन्तरक्रिया र छलफलबाट गर्न सकिन्छ। यो पाठ्यक्रम स्थानीय तहमै कार्यान्वयन गरिने भएकोले यसलाई निरन्तर अद्यावधिक गर्दै लैजान आवश्यक छ। आवश्यक ठानिएका विषयवस्तुहरू थप गर्दै र आवश्यक नठानिएका विषयवस्तुहरू हटाउँदै जान पनि सकिन्छ।

स्थानीय विषयको मूल्याङ्कन गर्दा प्रत्येक विद्यार्थीहरूको कार्यसञ्चयीका व्यवस्थित गरी राख्न आवश्यक हुन्छ। विद्यार्थीको कक्षा कार्य, उपस्थिति, परियोजना कार्य, व्यवहार अवलोकनबाट देखिएको अपेक्षित परिवर्तन, उपलब्धि परीक्षा आदिलाई अध्यावधिक गर्दै सोही आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ। विद्यार्थीको मूल्याङ्कनमा सिकाइ क्षेत्रमा प्राप्त भएको अपेक्षित ज्ञान, सिप, बुझाइ, व्यवहारलाई आवश्यकता अनुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनशीलता (Creativeness) लगायतका उच्च क्षमता परीक्षण गर्नका लागि साधन तथा प्रक्रियाको अवलम्बन गर्नुपर्छ।

यस स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरिने छ।

१) आधारभूत तहमा निर्माणात्मक र सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गरिने छ । आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेअनुसार यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङ निर्देशिका २०७८ लाई अवलम्बन गरिने छ।

२) विद्यार्थीहरूको मूल्याङ्कन गर्दा आन्तरिक र बाह्य परीक्षाहरुमा मूल्याङ्कन गरिने छ।

३) स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफै गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रक्रियालाई प्रोत्साहन गरिने छ।

४) प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका रहने छ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहार परिवर्तन अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेक राखी सोही आधारमा मूल्याङ्कन गरिने छ। कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको आधारमा मूल्याङ्कन गरिने छ। कक्षा १-३ को मूल्याङ्कन पश्चात् विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा एकीकृत पाठ्यक्रमको मूल्याङ्कन ढाँचा र प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई GPA मा निर्धारण गरिने छ।

५) आधारभूत तहको (कक्षा कक्षा ६-८) मा ५०% बाह्य परीक्षा (वार्षिक परीक्षा) र ५०% आन्तरिक परीक्षा पद्धतिबाट विद्यार्थीको मूल्याङ्कन गरिने छ। आन्तरिक र बाह्य दुबै मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ। लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ३५% हुनेछ र अक्षराङ्कन मूल्याङ्कन पद्धतिमा गरिनेछ।

६) विद्यार्थीहरूको मूल्याङ्कन गर्दा ज्ञान तथा बोध तहका(knowledge and understanding) अति छोटा प्रश्नहरू, सामान्य बुझाइका आधारमा उत्तर दिने छोटा प्रश्नहरू समेट्नु पर्दछ । त्यसैगरी विश्लेषण गर्ने, अनुसन्धान गर्ने, विभिन्न सामानका नमुनाहरू बनाइ प्रस्तुत गर्ने, कुनै कामहरू आफै गर्न सक्ने र विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि सिप तहका प्रश्नहरू समेट्नु पर्दछ। यसका साथै व्यवहारकौशल सिप/व्यवहार परिवर्तन (Behaviour Change) सँग सम्बन्धित किसिमका प्रश्नहरू समावेश गर्नुपर्ने

७) प्रयोगात्मक तथा परियोजनामूलक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ। यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहार परिवर्तन जस्ता पक्षहरू समेट्नुपर्ने छ।

८) प्रयोगात्मक तथा परियोजनामूलक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्ने छ।

९) विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरी हुने छ।

विद्यार्थी उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

**विद्यार्थी उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको एक अभिन्न पक्ष/अङ्ग मानिएको सन्दर्भमा सुरूवाति चरणमा दैनिक कक्षा क्रियाकलापको रूपमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउने प्रयास गर्नुपर्दछ। दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि प्राप्त भयो वा भएन भनेर आवश्यकता अनुसार विभिन्न मूल्याङ्कनका साधनहरूको प्रयोग गरी विद्यार्थी मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्दछ। मूल्याङ्कन गर्दा विद्यार्थीको उपलब्धिस्तर यदि १ वा २ मात्र देखियो भने सुधारात्मक योजना बनाइ कम्तीमा पनि ३ सम्म उपलब्धि स्तर पुयाउनु पर्छ। विद्यार्थीहरू मध्ये सिकाइ उपलब्धि १ वा २ मात्र ल्याउने र ३ वा ४ ल्याउने विद्यार्थी पहिचान गरी सुधारात्मक शिक्षण सिकाइको माध्यमबाट १ वा २ सिकाइ उपलब्धिमा सुधार ल्याउन प्रयास गर्दागर्दै त्यो प्राप्त हुन सकेन भने अपेक्षित सिकाइ उपलब्धि प्राप्त हुन नसक्नुका अन्य कारणहरू खोजी सामाधानका उपायहरू पहिल्याउन शिक्षक क्रियाशील रहनुपर्दछ।

स्तरीकृत औसत अङ्क निकाल्ने तरिका

१. आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम अनुसार उपलब्धि प्रतिशत निकाल्ने तरिका आधारभूत तहको कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार प्रत्येक विषयको क्षेत्रगत उपलब्धि प्रतिशत निम्नलिखित सूत्र प्रयोग गरी नियमित सिकाइ पश्चात् र थप सहायतापश्चात् गरी दुई पटक निकाल्नुपर्छ र उक्त थिमगत रूपमा निकालिएको प्रतिशतका आधारमा थिमगत रूपमा ग्रेड पनि दिन सकिन्छ।

$$\text{थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{4 \times \text{थिममा रहेका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times 100$$

विषयको समग्र वार्षिक उपलब्धि निकाल्दा भने प्रत्येक विषयको प्रत्येक थिममा थप सहायता पश्चात् विद्यार्थीले प्राप्त गरेको अङ्कको योग निकाल्नुपर्छ। यसैअनुसार प्रत्येक थिममा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि प्रतिशत निकालेर तलको तालिका जस्तै थिमगत र जम्मा विषय क्षेत्रगत सिकाइ उपलब्धि प्रतिशत निकाल्नुपर्छ।

$$\text{जम्मा उपलब्धि प्रतिशत} = \frac{\text{सबै थिमहरूमा प्राप्त उपलब्धि स्तरको अङ्कको जोड}}{4 \times \text{सबै थिममा रहेका जम्मा सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times 100$$

२. कक्षा ४-५ मा ५०% आन्तरिक मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) र ५०% बाह्य मूल्याङ्कन (वार्षिक परीक्षा)बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ। विद्यार्थीलाई कक्षोन्नति आन्तरिक र बाह्य दुवै पद्धतिका आधारमा गरिने छातर आन्तरिक र बाह्य मूल्याङ्कनमा बिषयगत छुट्टा छुट्टै कम्तिमा D± ल्याउनु पर्ने छ।

३) आन्तरिक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर बाह्य मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिने छ।

४) विद्यार्थीहरूको मूल्याङ्कन गर्दा ज्ञान तहमा अति छोटा प्रश्नहरू, बोध तहका छोटा प्रश्नहरू र उच्च तहका लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समावेश गर्नुपर्नेछ।

